मिथिला नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

ढल्केवर, धनुषा

२ नं. प्रदेश, नेपाल

# पार्श्वचित्र








२०७४ असार

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

वैज्ञानिक योजना पद्धतिका लागि विश्वसनीय तथा भरपर्दो तथ्याङ्कीय आधार नै महत्वपूर्ण हुन्छ । यसले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न सम्भावनाहरूको खोजी गर्न सही तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुनाले नगरमा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले सङ्कलन गरी यो नगर पार्श्वचित्र तयार गरिएको छ ।

कुनै पनि स्थानीय तह (नगरपालिका/गाउँपालिका) ले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । दशौं पञ्चवर्षीय योजना (२०७२-२०७७) ले पनि नगरपालिकाहरूको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको र तीन वर्षीय अन्तरिम योजना (२०७२/७३-२०७६/७७) ले पनि विकास योजना सम्बोधनका लागि नगरपालिकाहरूले भौगोलिक सूचना केन्द्र स्थापना र मानव स्रोत विकास योजना तर्जुमा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ । यसै प्रयोजनको लागि नगरपालिकाको वस्तुस्थिति झल्कने गरी नगर पार्श्वचित्र (Municipality/Twon Profile) तयार गरिएको हो ।

## १.२ नगर पार्श्वचित्र तयारीको उद्देश्यहरु

नगर पार्श्वचित्र मूलत: मिथिला नगरपालिकाको आगामी नीति तथा कार्यक्रम, योजना तर्जुमा गर्नका लागि तथ्याङ्कीय आधार सृजना गर्ने सन्दर्भमा तयार गरिएको हो । यसले योजना तथा कार्यक्रमको निर्माण कार्यान्वयन, अनुगमन, मूल्याङ्कन जस्ता कुराको लेखाजोखा गर्न मद्दत गर्नेछ ।

क) नगरभित्र रहेका सेवा सुविधाहरूको बारेमा जानकारी गराउने ।

ख) नगरपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरूको अवगत गराउने ।

ग) नगरपालिकाको जनसांख्यिक तथा विकासात्मक वस्तुस्थितिको बारेमा जानकारी गराउनु ।

घ) नगरपालिका भित्र बसोवास गर्ने मानिसहरूको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने ।

ङ) नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने ।

च) नगरपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने ।

छ) नगरपालिका क्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तर सम्म सूचनाको उपलब्धता गराई व्यवस्थापनमा सहयोग गर्ने ।

ज)	नगरपालिका स्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्ने ।

झ)	नगरपालिकाको भावि योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने ।

ञ)	स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने ।

## १.३ नगर पार्श्वचित्र तयारी विधि

पार्श्वचित्र तयारीको क्रममा के-कस्ता तरिका र साधनहरूको प्रयोग गरियो त्यसैलाई अध्ययन विधीमा उल्लेख गरिएको छ । नगर पार्श्वचित्रका तयारीका विधीहरू निम्नानुसार छन् ।

१. यसमा विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरूबाट उपलब्ध तथ्याङ्कहरू समावेश गरिएको छ ।

२. राष्ट्रिय जनगणना, कृषि गणना, विभिन्न सर्वेक्षण, मानव विकास प्रतिवेदन आदिका नतिजाहरू समावेश गरिएको छ ।

३. भौतिक विकास पूर्वाधार, वातावरणीय व्यवस्थापन, सामाजिक विकास, आर्थिक विकास, वित्तीय व्यवस्थापन तथा संस्थागत विकास आदि, नतिजा, सूचकहरू, पुस्ट्याईका आधारहरू, जोखिम पक्षहरू, कार्यक्रमको पहिचान, जस्ता विषयवस्तु समावेश गरिएको छ ।

पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक तथा द्वित्तीय सूचना संकलन गरी गरिएको छ । भू-उपयोग, सडकहरू र सो को गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्याङ्कहरू, डिजिटल तथ्याङ्क (GIS data), स्थलस्वरुप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरर्वाता गरी संकलन गरिएको छ । वडा तहका समस्याहरू र खाँचोहरू वडा बासीहरू बीच सहभागितामूलक छरितो मूल्याङ्कन पद्दति (Participatory Rapid Appraisal) अपनाई जानकारी लिइएको छ । यसका साथै नगरको स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, वृद्धिजिवीहरू उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरूसंग छलफल एवं अर्न्तवार्ता गरी नगरका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू माथि जानकारी लिईएको छ । नगरका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू नगरपालिका कार्यालय लगायत नगरपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्कहरू विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ ।

## १.४ नगर पार्श्वचित्र तयारीका सिमाहरु


राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरेबमोजिम नगर पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्याङ्कहरूको स्रोत र आधार वर्ष खुलाईएको छ । नगरका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय विभागहरू, सम्बन्धित नगरपालिका आदि स्रोतहरूबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार

गरिएको छ । पार्श्वचित्रको अवधारणा अनुसार यस डकुमेन्टले मिथिला नगरपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ। अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ। तैपनि स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई पनि केही सिमिततामा बाँधिएको छ । यस अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसार तथ्याङ्क संकलन गरिएको छ।

# खण्ड २ : मिथिला नगरपालिकाको परिचय

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

मिथिला नगरपालिका नेपालको प्रदेश नं २ अन्तर्गत धनुषा जिल्ला मा पर्दछ । विश्व मानचित्रमा ८५° ५४' पूर्वी देशान्तरदेखि ८६° १' ३०" पूर्वी देशान्तरसम्म र २६° ५२' १५" उत्तरी अक्षांशदेखि २७° ७' ३५" उत्तरी अक्षांशसम्म फैलिएर रहेको मिथिला नगरपालिका २ नं. प्रदेशको एउटा प्रमुख कृषि क्षेत्र हो । करीब १८१.९० व.कि.मी. क्षेत्रफल रहेको यस नगरपालिकाको उत्तरमा सिन्धुली जिल्ला, पश्चिमतिर महोत्तरी जिल्ला, बटेश्वर गाउँपालिका, दक्षिणमा क्षिरेश्वरनाथ नगरपालिका र बटेश्वर गाउँपालिका र पूर्वमा गणेशमान चारनाथ र धनुषाधाम नगरपालिका रहेका छन् । मिथिला नगरपालिकालाई २०७१ पौष २८ गते नगरपालिका घोषणा गरीएको थियो । नगरपालिका घोषणा गर्दा साविकका नक्टाझिझ, ढल्केवर र बेगाडावर गा.वि.स. समावेश गरी जम्मा ९ वडाहरु रहेका थिए भने मिति २०७३ फागुन २२ गते साविकका तुल्सी, पुष्पवलपुर गाविस र क्षिरेश्वर नगरपालिकाका वडा नं ८ र ९ समावेश गरि जम्मा १० वडा कायम गरेको छ । धनुषा जिल्लामा नयाँ गठन भएका नगरपालिकाहरुमा सम्भावना बोकेको नगरपालिकाको रुपमा मिथिला नगरपालिका त छँदैछ यसका अतिरिक्त सचेत राजनैतिक दल र उत्प्रेरीत नगरवासी समेत यो नगरपालिकाका दरिलो अनि दीगो विकासको श्रोतका रुपमा रहेका छन् । यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी कोइरी तथा कुशवाहा जाति १२,१९९ जना (२९.७३%), दोस्रोमा क्षेत्री ४,०७९ (९.९४%) र तेस्रोमा तामाङ ३,३९९ (८.२८%) हरुको बसोबास रहेको छ । सहरी र ग्रामिण क्षेत्रको रुपमा रहेको नगरमा ब्यापार, उद्योग, कलकारखाना, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरु रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य श्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि ब्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम अत्याधिक बढिरहेको छ । अध्ययनका लागि यस नगरका शैक्षिक संस्थाहरुमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिका/नगरपालिका तथा जिल्लाबाट समेत आउने गरेका छन् । अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागारिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, माघि, होलि, गौरा, कृष्णजन्माष्टमी, बकरइद, आईतबारी, छठपर्व, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।




नक्सा नं. १ : मिथिला नगरपालिकाको समग्र वस्तुस्थिति


## २.२ नगरपालिकाको स्थापना

नेपाल सरकारको मिति २०७१/०९/२८ गतेको निर्णय अनुसार साविकका नक्टाझिझ, ढल्केवर र बेगाडावर गा.वि.स. हरु समावेश गरि ९ वडा सहितको मिथिला नगरपलिका घोषणा भएको थियो । जसको संरचना देहाय बमोजिम रहेको छ ।


तालिका नं. १: नगरपालिकामा समावेश भएका साविकका गा.वि.स.हरु

| जिल्ला | नगरपलिकाको नाम | वडा संख्या | नगरपालिकाको केन्द्र | नगरपालिकामा समावेश भएका साविकका गा.वि.स.हरु | वडा विभाजन | |
|---|---|---|---|---|---|---|
| | | | | | साविक गा.वि.स.र वडाहरु | नगरपालिकामा कायम हुने वडा |
| धनुषा | मिथिला नगरपालिका | ९ | ढल्केवर | नक्टाझिझ | नक्टाझिझ -१,२३ | १ |
| | | | | | नक्टाझिझ -४,५,६ | २ |
| | | | | | नक्टाझिझ -७,८,९ | ३ |
| | | | | ढल्केवर | ढल्केवर-१,२,४ | ४ |
| | | | | | ढल्केवर-३,५,६ | ५ |
| | | | | | ढल्केवर-७,८,९ | ६ |
| | | | | बेगाडावर | बेगाडावर-१,२,३,४ | ७ |
| | | | | | बेगाडावर-५,६,७ | ८ |
| | | | | | बेगाडावर-८,९ | ९ |

माथिको तालिकामा २०७१/०९/२८ गते भएको घोषणा अनुसार मिथिला नगरपालिकाको संरचाना रहेको तत्पश्चात नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार माननिय संघिय मामिला तथा स्थानिय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका मिथिला नगरपालिका, तुल्सी गा.वि.स., पुष्पलपुर गा.वि.स., र क्षिरेश्वर नगरपालिकाका ८ र ९ वडा समावेश गरि मिथिला नगरपालिका घोषणा गरिएको थियो । थप गरिएका वडाहरुलाई समावेश गरि हाल यस नगरपालिकामा १० वटा वडाहरु कायम गरिएको छ । मिथिला नगरपलिकाको संरचना तलको तालिकामा उल्लेख गरिएको छ ।




नक्सा नं. २ : मिथिला नगरपालिकामा समावेश भएका साविकका गा.वि.स.हरू




नक्सा नं. ३ : मिथिला नगरपालिकाको वडा विभाजन

तालिका नं. २: मिथिला नगरपालिकाको वडा विभाजन

| कायम गरिएका वडाहरु | समावेश भएका साविकका गा.वि.स./न.पा. हरु | साविकको वडा नं. |
|---|---|---|
| १ | तुल्सी गा.वि.स. | १-९ |
| २ | मिथिला न.पा. | १ र २ |
| ३ | मिथिला न.पा. | ३ |
| ४ | मिथिला न.पा. | ४ |
| ५ | मिथिला न.पा. | ५ |
| ६ | मिथिला न.पा. | ६ |
| ७ | मिथिला न.पा. | ७ |
| ८ | मिथिला न.पा. | ९ |
| ९ | पुष्पलपुर गा.वि.स. | १-९ |
| १० | क्षिरेश्वर न.पा. | ८ र ९ |

## २.३ भौगोलिक अवस्थिति

प्रदेश नं. २ अन्तर्गत धनुषा जिल्लामा अवस्थित यस मिथिला नगरपालिका भौगोलिक क्षेत्रको हिसाबले समथर तराई क्षेत्रमा पर्दछ। मिथिला नगरपालिका नेपालको मानचित्रमा हेर्दा ८५° ५४' पूर्वी देशान्तरदेखि ८६° १' ३०" पूर्वी देशान्तरसम्म र २६° ५२' १५" उत्तरी अक्षांशदेखि २७° ७' ३५" उत्तरी अक्षांशसम्म फैलिएको छ । यो नगरपालिका काठमाडौंदेखि २०१ कि.मि.को दूरीमा रहेको छ भने समुद्र सतहबाट करिब १०० मिटरदेखि ७०० मिटरसम्मको उचाइमा अवस्थित रहेको छ।

## २.४ राजनैतिक तथा प्रशासनिक केन्द्र

मिथिला नगरपालिकालको राजनैतिक तथा प्रशासनिक केन्द्र मिथिला नगरपालिका वडा नं ६ ढल्केबरमा रहेको छ। यस नगरपालिकामा २०७३ फाल्गुन ९ गते सम्म १८ वर्ष पुरा भएका मतदाता संख्या २२,०७५ रहेका छन्। महिलाको तुलनामा पुरुष ८५७ जनाले बढि रहेका छ। जहाँ पुरुषको संख्या ११,४६६ जना र महिलाको संख्या १०,६०९ जना रहेको छ । यस नगरपालिकामा १० वटा वडामा १६ ओटा निर्वाचन केन्द्र रहेका छन् । जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ३: मिथिला नगरपालिकाको मतदाता विवरण

| क्र.सं. | मदान केन्द्र | मदाता संख्या | | | | वडा नं |
|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | तेस्रो लिङ्गी | जम्मा | |
| १ | आ.वि., तुल्सी | ७२२ | ७७४ | | १४९६ | १ |
| २ | देउराली मा.वि.चुरे चाँदनी चोक | ५२८ | ६१६ | | ११४४ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | आ.वि., पर्तिटोल | ७०३ | ६९७ | | १४०० | २ |
| ४ | जनता मा.वि., नक्टाझिझ | २५८ | २३७ | | ४९५ | २ |
| ५ | राप्रावि, नक्टाझिझ | ६२० | ५०९ | | ११२९ | २ |
| ६ | श्रीपुर राम लक्ष्मण चोक | ७९९ | ७२९ | | १५२८ | ३ |
| ७ | आ.वि., केमलीपुर | ६१० | ५४४ | | ११५४ | ४ |
| ८ | रा.प्रा.वि. पन्चकन्या चोक | ४२६ | ३६९ | | ७९५ | ४ |
| ९ | महेन्द्र मा.वि., ढल्केवर चोक | १३२५ | १०६८ | | २३९३ | ५ |
| १० | आ.वि., शिवनगर, गीतापुरटोल | ८७२ | ६९७ | | १५६९ | ६ |
| ११ | आ.वि., कुसुम बिसौना | ५३५ | ५०८ | | १०४३ | ७ |
| १२ | आ.वि., जमुनिबास | ६५८ | ६३४ | | १२९२ | ७ |
| १३ | मा.वि., लालगढ | १०१९ | १०७६ | | २०९५ | ८ |
| १४ | इलाका वन कार्यालय, पुष्पलपुर | ७७८ | ७६२ | | १५४० | ९ |
| १५ | जनता प्रस्तावित मा.वि., हरिहरपुर | ८८६ | ७३४ | १ | १६२१ | १० |
| १६ | रा.प्रा.वि. हरिहरपुर | ७२७ | ६५४ | | १३८१ | १० |
| | जम्मा | ११४६६ | १०६०९ | १ | २२०७५ | |

*स्रोत : निर्वाचन आयोग, २०७३*


# २.५ भूक्षेत्र (टोपोग्राफी)

## २.५.२ भू-आकृति तथा माटोको बनोट


नगरको उत्तरी क्षेत्रमा चुरे पर्वत श्रृङखला र त्यसअन्तर्गतको भावर प्रदेश रहेको छ भने त्यसभन्दा दक्षिणी भागमा समथर तराइ क्षेत्र रहेको छ। भूआकृतिमा भएको यस फरकअनुसार यस तीन क्षेत्रमा पाइने माटोको बनोटमा पनि फरक पाइन्छ, जुन देहायअनुसार रहेको छ :

### (क) उत्तरी चुरे क्षेत्र :

भौगर्भिक इतिहासको पछिल्लो चरणमा निर्मित भूभाग भएको हुँदा यो क्षेत्र कमजोर र भूस्खलनशील रहेको छ। यस क्षेत्रमा पाइने चट्टानहरूमा ढुङ्गा, बलौटे चट्टान, बालुवा, खस्रो बालुवा, सिल्ट र सेल लगायत Sand Stone र Conglomerates को बाहुल्यता रहेको छ।




नक्सा नं. ४ : मिथिला नगरपालिकाको भिरालोपना




नक्सा नं. ५ : मिथिला नगरपालिकाको उचाई वितरण

### (ख) मध्य भावर क्षेत्र :

चुरे पर्वत श्रृङखलाको दक्षिणी फेदमा यो क्षेत्र रहेको छ। यस क्षेत्रमा ग्राभेल, वालुवा, फुस्रो, रातो हल्का दोमट तथा अलि चिम्टाइलो किसिमको माटो पाईन्छ। यस क्षेत्रको माटो Sandy Loam, Cobbles र Pebbles को आधिक्यता रहेको छ।

### (ग) दक्षिणी तराइ क्षेत्र :

नगरको दक्षिणी भूभागमा अवस्थित यस क्षेत्रमा चिम्टाइलो, बलौटे र दोमट माटो पाइन्छ।


## २.४.३ हावापानी

जलवायुको हिसाबले यस नगरपालिका उष्ण तथा उपोष्ण प्रकारको हावापानी रहेको छ। प्रदेशीय हावापानी पाइयता पनि बाह्रै महिना एकैनासको हावापनी छैन। चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ। आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ। जेष्ठको अन्त्य देखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ। गर्मीयाममा धनुषा जिल्लाको तापक्रम अधिकतम ४२.४ डिग्री सेल्सियससम्म सन् १९९८ जुन ९ मा पुगेको थियो भने हिउँदमा न्युनतम २ डिग्री सेल्सियससम्म सन् १९७४ फेब्रवरी १० मा पुगेको थियो। यस नगरपालिकाको १२ महिनाको औषत तापक्रम र वर्षाको विवरण तलको तालिकामा दिइएको छ।

तालिका नं. ४: धनुषा जिल्लाको तापक्रम (१९७०-२०१७)

| महिना | औसत अधिकतम (°C) | औसत न्युनतम (°C) |
|---|---|---|
| जनवरी | २२.७ | ८.७ |
| फेवररी | २६ | १०.५ |
| मार्च | ३०.६ | १५.४ |
| अप्रील | ३५ | २०.४ |
| मे | ३४.६ | २४ |
| जुन | ३४.१ | २५.९ |
| जुलाई | ३२.४ | २६.२ |
| अगस्ट | ३३ | २६.२ |
| सेपटेम्बर | ३२.४ | २५.३ |
| अक्टुबर | ३१.६ | २२ |
| नोभेम्बर | २९.५ | १५.६ |
| डिसेम्बर | २५.५ | १०.४ |

*स्रोत: जल तथा मौसम विज्ञान विभाग, नेपाल, सन् २०१७*




## २.५ नगरपालिकामा रहेको सम्भाव्यता र अवसर

नगर क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार, तालतलैया तथा नदीनालाहरुमा माछापालन व्यवसाय, आधुनिक कृषि व्यवसाय जस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन्।

समग्रमा यस मिथिला नगरपालिकाको नगर क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। नगरमा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

नगरमा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा बस्न लायक जिवन्त स्थानको जोहो गर्न सकिनेछ।

नगरको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा

धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र नगरपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस नगरपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

नगरपालिकाका क्षेत्रमा प्राकृतिक नदी तथा खोलाहरु भएको र थप केही अन्य ठाउँहरूमा ताल निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र खासगरी भारतबाट आयात हुने माछा प्रतिस्थापन भई स्वदेशकै माछाले बजार लिने सम्भावना रहेको छ।

नगरपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

नगरपालिका तथा नेपालमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस नगरका इच्छुक युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी एकिकृतरुपले बैदेशिक रोजगारमा पठाउने व्यवस्था भएमा नगरको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

यसका अतिरिक्त मिथिला नगरपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

- ✓ नगरपालिका क्षेत्र भित्र रहेका नदी तथा खोलाहरुबाट आधुनिक कुलो तथा नहर मार्फत् पानी सिंचाई गरी व्यावसायीक रुपमा खेती गर्न सके कृषी उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ।
- ✓ स्थानीय कच्ची सडकको स्तर वद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले भरपुर सुबिधा लिनुका साथै समग्र नगरपालिकाको सुन्दरतामा बृद्धि हुन सक्छ।
- ✓ तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले व्यवसायिक कृषी उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ।
- ✓ धनुषा जिल्लामा अवस्थित यस नगरपालिका क्षेत्रमा थप औद्योगिक विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी बृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ।
- ✓ यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरु रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ।
- ✓ सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरु यस क्षेत्रमा क्रियाशिल रहेकाले नगरपालिकाको विकासमा साझेदारी हुन सक्ने देखिन्छ।
- ✓ नगर क्षेत्रमा उपभोक्ताहरुको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ।

## २.७ नगरपालिकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरु

यस मिथिला नगरपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरुलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

- ✓ ताल, वन, उर्बर कृषि जमिन, नदी नाला, सम्म भौगलिक अवस्था र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता देखिन्छ ।
- ✓ शिक्षित मानविय श्रोतमा वृद्धि हुँदै गएको देखिन्छ ।
- ✓ युवा जनसमुदायको बाहुल्यता देखिन्छ ।
- ✓ राष्ट्रिय राजमार्ग प्रणालीसंग आवद्ध भएको छ ।
- ✓ शिक्षा केन्द्रहरुको संचालनमा व्यवस्था
- ✓ पर्यटन क्षेत्रको विकास
- ✓ जनसहभागितामा कमि
- ✓ नगरपालिकाको क्षेत्रभित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखाना नहुनु ।
- ✓ नगरपालिका क्षेत्रमा खानेपानी तथा सार्वजनिक चर्पीको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु ।
- ✓ नगरपालिका क्षेत्रभित्रका धेरै सडकहरु कच्ची तथा कम गुणस्तरको रहनु ।
- ✓ कृषीयोग्य भूमी भएतापनि व्यवसायिक खेतीको विकास हुन नसक्नु ।
- ✓ स्थानीय स्वायत्त शासन ऐन २०५५ वमोजिमको कर संकलन गर्न नसकिनु ।
- ✓ आयश्रोतको कमिले नगरपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- ✓ बढ्दो शहरीकरणलाई ब्यवस्थित बनाउन नसक्नु ।
- ✓ स्थानीय जनप्रतिनिधिको खाँचो हुनु ।
- ✓ आकासे पानीमा निर्भर सिचाई
- ✓ पराम्परागत कृषि प्रणालि
- ✓ वर्षेनी ढुवान तथा कटानको समस्या कृषीयोग्य भूमि खण्डिकृत हुदै प्रयोग बिहीन हुनु ।
- ✓ मिथिला नगरपालिकामा खेलकुदमा राम्रो विकास भएको देखिन्छ जहाँ खेलकुदलाई प्रोत्साहण गर्न खेलकुद शहरको व्यवस्था गरिएको छ ।

## २.८ नगरपालिकाको अन्तर नगर/गाउँपालिका सम्बन्ध

नगरहरुको बिच कुनै न कुनै रुपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ। सम्बन्धको प्रकृति र दुरी नगरहरू बिच फरक-फरक हुन सक्छ। मानव विकासको निम्ति विभिन्न स्थानहरूमा आवत जावत गर्नु पर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक नगरले अर्को नगरमा निर्भर रहनु पर्ने हुन्छ। ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावर, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन्। यस नगरपालिकामा भएका विविध खाले सुविधा प्राप्त गर्न अन्य नगर तथा गाउँबाट आउने गरेको देखिन्छ। पहाडी क्षेत्रबाट कृषि र बनजन्य उत्पादनहरू तराई भित्रिने गर्दछन। तराई क्षेत्र पहाडी जिल्लाहरूको तुलनामा सुविधा सम्पन्न भएकोले बसाईसराईको प्रबृत्ति निकै बढी देखिन्छ। भौगोलिक रुपमा एउटै क्षेत्रमा अवस्थित हुँदा हवाई र सडक यातायातको सुविधाका कारणले सुविधा उपलब्ध नगरहरूमा आउने जाने गर्दछन। मौसमी रोजगारको लागि पहाडबाट तराई झर्ने प्रचलन रहेको देखिन्छ। यी विविध कारणले अन्तरनगरपालिका सम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ।

साथै, यस नगरपालिकाको छिमेकी गाउँपालिका/नगरपालिका तथा जिल्ला विकास समिति जस्ता सरकारी निकायहरुसंग राम्रो सम्वन्ध रहेको छ। फलत: यस क्षेत्रको विकासात्मक कृयाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ। त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्वन्ध रहेको छ।

## २.९ नगर विकासमा देखिएका समस्या तथा चुनौतीहरू

बढ्दो जनसंख्या सँगै तीब्र गतिमा विकास भैरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- ✓ बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा बर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यलय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन।
- ✓ बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। शहरी बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठुला बस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु हाट बराजको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ। खोलानालामा ढल निकास गरी पानी प्रदुषण भइरहेको हुँदा प्रशोधन प्रणालीको विकास हुनुपर्ने देखिन्छ।
- ✓ सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुनु जरुरी रहेको देखिन्छ।

✓ मिथिला नगरपालिकाको बैज्ञानिक बसोबास योजनाको आधार तयार गरी व्यवस्थित विकासमा जोड दिनु आवश्यक देखिन्छ। बस्तीहरूको विकासको लागि गुरुयोजना बनाई आवासिय क्षेत्र, व्यवसायिक क्षेत्रहरू, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेलमैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र निर्धारण गर्न जरुरी देखिएको छ।

## २.११ ताल तलैयाहरु

नगरका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका दर्जनौं तालतलैयाहरू र पोखरीहरूले प्रशस्त जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता तालतलैयाहरूबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत बेलाबखत आंशिकरुपमा सिंचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ। मानव वस्तीको विकास र बसाईसराईको चापका साथै अनुत्पादक पशुहरूको अत्याधिक चरीचराउ र उपयोगले प्राकृतिक तालतलैयाहरूमा भूक्षय भई पुरिने क्रम जारी छ । यस्ता प्राकृतिक तालतलैयाहरूको पुनरुद्धार गरी माछा पालन गरेमा जिल्लााका जनताका लागि आवश्यक माछाको आपुर्ति हुने मात्र नभई कतिपय तालहरूमा पर्यटकिय आकर्षणको रुपमा जल विहार र नौकायन समेत गर्न सकिने देखिन्छ। तलको तालिकामा नगरका प्रमुख ताल तथा पोखरीहरूको स्थिति देखाइएको छ।

तालिका नं. ५: ताल तथा पोखरीहरुको विवरण

| क्र.सं. | पोखरी/तालको नाम | वडा नं |
|---|---|---|
| १ | कृषि पोखरी | २ |
| २ | सार्वजनिक पोखरी | २ |
| ३ | महिला पोखरी | २ |
| ४ | राजमार्ग छेउको पोखरी | ३ |
| ५ | महिला पोखरी | ३ |
| ६ | बाह्र विघा पोखरी | ४ |
| ७ | सार्वजानिक पोखरी( महेन्द्र मा.वि. अन्तर्गत) | ४ |
| ८ | सार्वजानिक पोखरी( महेन्द्र मा.वि. अन्तर्गत) | ५ |
| ९ | सार्वजानिक पोखरी( जनता प्रा.वि. अन्तर्गत) | ४ |

*स्रोत : मिथिला नगरपालिका कार्यालय, २०७४*

## २.१२ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा सुपरिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व

पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ। पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ। यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ।

प्राकृतिक ताल, तलैया, सिमसार क्षेत्र तथा नदीहरु र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरुको भ्रमण हुने गर्दछ। भौगोलिक कालक्रमको इतिहासमा यहाँ बग्ने साना र ठूला खोला तथा नदीहरु र पोखरीहरुको निर्माण हुन गएको छ। मिथिला नगरपालिकामा रहेको मठ, मन्दिर तथा गुम्बाको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ६: मन्दिर तथा गुम्बाहरुको विवरण

| क्र.सं. | | विवरण |
|---|---|---|
| १ | मन्दिर | सलहेश मन्दिर, राजदेवि मन्दिर, हनुमान मन्दिर, विश्वकर्मा मन्दिर, शिव मन्दिर, रामजानकी मन्दिर, नगर डिहिवार मन्दिर, राजदेवी मन्दिर, औरहीवावा मन्दिर, दुर्गा मन्दिर, शिव मन्दिर, राम लक्ष्मण मन्दिर, उत्तरेश्वर महादेव मन्दिर |
| २ | गुम्बा | लामा गुम्बा |
| ३ | मदरशाह | मदरशाह प्रति टोल |

*स्रोत : मिथिला नगरपालिका, २०७४*

## २.१३ मुख्य चाडपर्वहरु

यस नगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास गर्दछन्। कोइरी/कुशवाहा, क्षेत्री, तामङ्ग, मगर, यादव, ब्राम्हण पहाडी, कामी, नेवार, चमार आदि जातका मानिसहरु रहेका छन् जसमा अधिकांश हिन्दू धर्म मान्ने मानिसहरुको बाहुल्यता रहेको छ भने मुस्लिम र क्रिस्चियन धर्म मान्ने मानिसहरु पनि छन्। सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन्। जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ ( होली), चैते दशैं, साउने-माघे स्रग्रान्ती, माघी, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, गोठाले, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष सोह्रश्राद्ध जितीया, सिरुवा (विशेषगरी थारु-खवास), कूल-थानी पूजा, ग्रामथान पूजा, करवा चौथ, कर्कट संक्रान्ति, भुर्की पूजन, संकट पूजा, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरु, सुवरात, ईद, वकरईद, मोहरम, ग्यारही सरिफ, इदुलफितर, क्रिशमस डे, नयाँ वर्ष, भ्यालेनटाईन डे, गौरा, होली, आइतबारी, देवीजात, जेष्ठ पूर्णिमा (राजी जातिको), चराईहरू (राना थारु जातिको), धुरिया पूजा, भूतुवा पूजा, रनपुतला (ब्राह्मण, क्षेत्री), अनन्त्य,

भुवा (रणकौशल प्रदर्शन गरिने खेल), पुसे १५, ओल्के, असारे १५, गंगा दशहरा, विसु तिहारे आदि चाडपर्वहरु रहेका छन् । यस नगरपालिकामा विभिन्न समयमा मेलाहरु लाग्ने गरेका छन् । जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

| क्र.सं. | मुख्य मेलाहरु | मेला लाग्ने स्थान |
|---|---|---|
| १ | सलहेश मेला( जुटशितलको दिन) | मि.न.पा.२ |
| २ | जितिया मेला (जितिया पर्व) | मि.न.पा २ र ३ |
| ३ | विश्वकर्मा मेला ( विश्वकर्मा पुजा) | मि.न.पा २ |
| ४ | कृष्ण जन्माष्ठमी मेला (कृष्ण जन्माष्ठमी) | मि.न.पा २, ५ र ७ |
| ५ | लक्ष्मी पुजा मेला (तिहार) | मि.न.पा ३, ५ र ६ |
| ६ | दुर्गा पुजा मेला (दशैं) | मि.न.पा ३, ५ र ७ |
| ७ | शिवरात्री मेला (महाशिवरात्री) | मि.न.पा. ७ |

*स्रोत : मिथिला नगरपालिका कार्यलय, २०७४*

## २.१४ सँस्कृति, कला, भाषा र साहित्य

मिथिला नगरपालिका सँस्कृति, कला, भाषा तथा साहित्यका दृष्टिकोणले धनी नगरका रुपमा रेको छ । नगरमा विभिन्न किसिमका जातजाति, धर्म र भाषाभाषी बोल्ने परिवारहरुको बसोबास रहेको छ । यस्तै भुइँकला, वेदी, नाग, अष्टदल, ज्योति कला, टोटमवादी कला, गौरा (मूर्ति कला), गाँज (पुत्ला, देवीको प्रतीक पुत्ला), विजय सालको गिलाँस, काष्ठ कला, तेल हाल्ने चाडी, पाल्लो, कोशी, छाप्रो, डोको, नाम्लो, ढकिया, ढेरी, गिलाँसलगायत विभिन्न किसिमका कला, सँस्कृतिहरु प्रचलनमा रहेका छन् । विद्यमान सबै कला, सँस्कृतिको अध्ययन र संरक्षणको अभावका कारण कतिपय कला, सँस्कृति , परम्परा अमूर्त र लोपोन्मुख अवस्थामा रहेका छन् ।

# खण्ड ३ : जनसाङ्ख्यिक विवरण

## ३.१ जनसंख्याको विवरण

कुनैपनि स्थानको जनसंख्या विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ। विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरुको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरुको अध्ययन र विश्लेषण आवश्यक हुन्छ। नेपालमा नगरस्तरमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै नगरस्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ। यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरुको विश्लेषण गरिएको छ।

तालिका नं. ७: जनसंख्याको विवरण

| विवरण | वि.सं २०६८ |
|---|---|
| जम्मा जनसंख्या | ४१,०३० |
| पुरुष | २०,८०८ (५०.७१ प्रतिशत) |
| महिला | २०,२२२ (४९.२९ प्रतिशत) |
| लैंगिक दर (प्रति १०० महिलामा पुरुष) | १०२.९० |
| जम्मा घरधुरी | ७,४३४ |
| औषत परिवार आकार | ५.५२ |
| ६ वर्ष र सोभन्दा माथिको साक्षरता दर | ६१.७९ |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | २२६ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

मथिको तालिकामा मिथिला नगरपालिकाको जनसंख्यको विवरण दिईएको छ। राष्ट्रिय जनगणना, २०६८ अनुसार मिथिला नगरपालिकाको जनसंख्या ४१,०३० रहेको छ जस मध्ये पुरुष ५०.७१ प्रतिशत (२०,८०८ जना) र महिला ४९.२९ प्रतिशत (२०,२२२ जना) रहेका छन्। सोही अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या १०२.९० रहेको छ। जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) २२६ जना प्रति वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाको कुल जनसंख्या मध्ये ५८.२९ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ३३.८७ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका, र ७.८४ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार मिथिला नगरपालिकामा ७,४३४ घरपरिवार रहेका छन्। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ बमोजिम यस न.पा.को कुल जनसंख्या मध्ये १.५२ प्रतिशत (६२४ जना) अपाङ्गता भएकाहरू रहेका छन्। जसमध्ये ३७४ जना पुरुष र २५० जना महिला छन्। हाल यस नगरपालिकामा प्रति परिवार औषत ५.५२ जना सदस्य रहेको देखिन्छ। नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ। देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ।


## ३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

तालिका नं. ८: वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

| वडा नं. | जम्मा क्षेत्रफल | औषत घरधुरी आकार | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १ | ४०.५४ | ५.१८ | १०२४ | ५,३०१ | २६१४ | २६८७ | १३१ |
| २ | ७.६६ | ५.८३ | ९६२ | ५,६१० | २९२० | २६९० | ७३२ |
| ३ | ३१.९५ | ५.८४ | ५०२ | २,९३३ | १५३० | १४०३ | ९२ |
| ४ | १५.८१ | ५.१९ | ६९५ | ३,६०५ | १७५२ | १८५३ | २२८ |
| ५ | ४.५० | ५.४९ | ७९८ | ४,३८१ | २२०४ | २१७७ | ९७४ |
| ६ | ६.५३ | ५.५२ | ५२९ | २,९२१ | १४५७ | १४६४ | ४४७ |
| ७ | १९.९५ | ५.५७ | ७८४ | ४,३६९ | २२६९ | २१०० | २१९ |
| ८ | ८.३५ | ५.१६ | ७०२ | ३,६२२ | १८१४ | १८०८ | ४३४ |
| ९ | ३२.६४ | ४.९५ | ५२४ | २,५९४ | १२७७ | १३१७ | ७९ |
| १० | १३.९८ | ६.२३ | ९१४ | ५,६९४ | २९७१ | २७२३ | ४०७ |
| जम्मा | १८१.९ | ५.५२ | ७,४३४ | ४१,०३० | २०,८०८ | २०,२२२ | २२६ |

*नोट: माथिको तथ्याङ्कमा संस्थागत घरधुरी तथा जनसंख्या पनि समावेश गरिएको छ । स्रोत: राष्ट्रिय जनगणना २०६८*

कुल १० वडामा संरचित यस मिथिला नगरपालिकाको वडागत जनसंख्याको तुलनात्मक विशलेषण गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडा नं २ रहेको छ जसमा जम्मा जनसंख्या ५,६१० जहाँ पुरुषको २,९२० जना र महिलाको २,६९० जना रहेकाछन् । यस वडाको औसत परिवार आकार ५.८३ र घरधुरी संख्या ९६२ रहेको छ । त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडा नं.९ रहेको छ जसको जनसंख्या २,५९४ ( पुरुष १,२७७ जना र महिलाको १,३१७ जना) रहेको छ भने घरधुरी संख्या ५२४ र औसत परिवार संख्या ४.९५ रहेको छ । जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ भने उक्त तालिका लाई तल स्पष्ट स्तम्भ तालिकामा देखाईएको छ ।



## ३.३ उमेर समुह अनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

कुनै पनि देशले विवाहका लागि कानुनमै न्युनतम उमेर तोकेको हुन्छ। उक्त उमेर नपुग्दै विवह गरिन्छ भने त्यसलाई बालविवाहको रुपमा तथा कम उमेरमा गरेको विवाहका रुपमा लिने गरिन्छ। नेपालमा मुलुकी ऐन, ( एघारौं संशोधन २०५८) २०२० ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको मञ्जुरी नभए वीस वर्ष नपुगी विवाहवारी गर्न नहुने कानुन व्यवस्था गरेको छ। वर्तमान समयमा शिक्षाको प्रचारप्रसारका कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिबृद्धि हुँदै आएको कारण वालविवाहको चलन घट्दै गइरहेको पाइन्छ। तापनि अझै केही स्थानहरुमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ। साथै पछिल्लो क्रममा इन्टरनेट, टेलिभिजन र मोवाइलमा बालबालिकाको पहूँच बृद्धि भई दुरुपयोग बढेर आफुखुसी वालविवाह गरेका घटनाहरू पनि सुन्नमा आउन थालेका छन्।

राष्ट्रिय जनसाङ्ख्कि तथा स्वास्थ्य सर्भेक्षणका अनुसार बाल विवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रुपमा बढ्दै गएको देखिन्छ। प्लान नेपाल लगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरहरूले बाल विवाह गरेको देखिन्छ। जुन २०६८ को जनसाङ्ख्कि तथा स्वास्थ्य सर्भेक्षण भन्दा घट्दो क्रममा देखिन्छ।यस मिथिला नगरपालिकाको वैवाहिक स्थितिको तल विवरणत्मक विशलेषण गरिएको छ।


तालिका नं. ९: उमेर समुह अनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

| लिङ्ग | कहिल्यै विवाह नभएको | एक विवाह | बहु विवाह भएको | पुन: विवाह भएको | विधवा/विधुर | पारपाचुके भएको | छुट्टिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ६५२१ | ९०८० | ३९३ | १८७ | २२२ | १३ | १५ | १६४३१ |
| महिला | ४७७४ | १०२९८ | ९२ | ९६ | ७०७ | ११ | ३३ | १६०११ |
| जम्मा | ११२९५ | १९३७८ | ४८५ | २८३ | ९२९ | २४ | ४८ | ३२४४२ |
| प्रतिशत | ३४.८२ | ५९.७३ | १.४९ | ०.८७ | २.८६ | ०.०७ | ०.१५ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिका यस नगरपालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको वैवाहिक स्थितिको अवस्था देखाइएको छ। माथिको आँकडामा मिथिला नगरपालिकामा १० वर्षमाथिको उमेर समुहका व्यक्तिहरुमा गरिएको सर्वेक्षणमा कुल ३२,४४२ मध्ये ११,२९५ अर्थात ( ३४.८२ प्रतिशत) अविवाहित छ भने यस नगरपालिकामा कुल जनसंख्याको ६५.१८ प्रतिशत विवाहित छन्। जसमा १९,३७८ जना (५९.७३ प्रतिशत) एक विवाह गर्नेको संख्या र बहु विवाह गर्ने ४८५ जना (१.४९ प्रतिशत) रहेको छ। पुन: विवाह गर्ने २८३ जना (०.८७ प्रतिशत), विधुवा/विधुर ९२९ जना (२.८६ प्रतिशत), पारपाचुके भएका २४ जना (०.०७ प्रतिशत) र छुट्टिएका ४८ जना (०.१५ प्रतिशत) रहेका छन्।

नगरपालिकामा एक विवाह गर्ने महिलाको संख्या एक विवाह गर्ने पुरुषको भन्दा ६.२९ प्रतिशतले बढी रहेको छ। बहु विवाह गर्ने पुरुषको संख्या ३९३ हुँदा बहु विवाह गर्ने महिलाको संख्या ९२ रहेको देखिन्छ जहाँ ६२.०६ अन्तर देखिन्छ भने विदुर पुरुषको संख्या २२२ र विधवा महिलाको संख्या ७०७ रहेको छ यसले समाजिक रुपमा महिला र पुरुषको वैवाहिक स्थिति असमान देखिन्छ यसको साथै नेपाली समाजमा रहेको पितृसत्तात्मक गन्ध देख्न सकिन्छ। यसको विवरणलाई तल वार ग्राफ बाट प्रस्तुत गरिएको छ।




## ३.४ पहिलो विवाह गर्दाको उमेरको विवरण


तालिका नं. १०: पहिलो विवाह गर्दाको उमेरको विवरण

| लिङ्ग | १०वर्ष सम्ममा | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-५० वर्ष | ५० वर्ष माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ११२ | ४३६ | ३८९३ | ३८३५ | १२६३ | ३३४ | ८२ | ३३ | ६ | ९ | १०,००३ |
| महिला | ४०९ | २१३७ | ७०५४ | १५८६ | २२१ | ४२ | १९ | ९ | ६ | १२ | ११,४९५ |
| जम्मा | ५२१ | २,५७३ | १०,९४७ | ५,४२१ | १,४८४ | ३७६ | १०१ | ४२ | १२ | २१ | २१,४९८ |
| प्रतिशत | २.४२ | ११.९७ | ५०.९२ | २५.२२ | ६.९० | १.७५ | ०.४७ | ०.२० | ०.०६ | ०.१० | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

१० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ। मिथिला नगरपालिकामा १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूहमा विवाह गर्नेको संख्या १०,९४७ अर्थात् सबैभन्दा बढी (५०.९२ प्रतिशत) देखिन्छ भने त्यसपछि २० वर्ष देखि २४ वर्षसम्मको उमेर समूहको संख्या ५४२१ (२५.२२ प्रतिशत) देखिन्छ। तेस्रोमा १० देखि १४ वर्ष उमेरसमूहको संख्या २५७३ (११.९७ प्रतिशत) रहेको

छ भने १० बर्षसम्मका उमेरसमूहका बालबालिकाको पनि पहिलो विवाह गर्दाको जनसंख्या ५२१ (२.४२ प्रतिशत) रहेको देखिन्छ। नगरमा अझै पनि गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामा नै विवाह गरिदिने चलन रहेको देखिन्छ। जसलाई उचित शिक्षा तथा चेतनामूलक कार्यक्रमको प्रचार प्रसार गरी नियन्त्रण गर्नु पर्ने देखिन्छ। जसको विस्तृत माथि विवरण तालिकामा उल्लेख गरिएको छ साथै तल स्तम्भमा देखाईएको छ ।




माथि तालिका र स्तम्भलाई अध्ययन गर्दा यस नगरपालिकामा बाल विवाहको समस्या देखिन्छ । नेपालमा मुलुकी ऐन, (एघारौं संशोधन २०५८) २०२० ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको  मञ्जुरी नभए वीस वर्ष नपुगी विवाहवारी गर्न नहुने कानुन व्यवस्था गरेको छ यद्यपि मिथिला नगरपालिकामा २०६८ गारिएको यो सर्वेक्षण हेर्दा ६५.१८ प्रतिशत विवाहित मध्ये १५ वर्षदेखि १९वर्षमा र ५०.९२ प्रतिशतले र ११.९७ प्रतिशतको  १० देखि १४ वर्षमा विवाह भइसकेको पाईयो जुन उपयुक्त उमेर अगावै हुनुको साथै नेपालको कानुन विपरित मानिन्छ  ।अझै  पनि गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामा नै विवाह गरिदिने चलनको साथै पछिल्लो समय आफुखुसी उमेर अगावै विवाह गर्ने प्रवृत्ति रहेको देखिन्छ । समय परिवर्तनको दौरान सँगै २०६८ को आँकडा भन्दा सकारत्मक हुँदै गएको भएतापनि बाल विवाहको अन्त्य भने भएको छैन । विवाहको उपयुक्त उमेर नपुग्दै भएको विवाहले समाजमा विभिन्न समस्याहरु निम्त्याएको कुरा लाई हामी नकार्न भने सक्दैनौ यसलाई समाधान गर्न सरकार र सरोकारवालाहरु बाट उचित शिक्षा तथा चेतनामूलक कार्यक्रमको प्रचार प्रसार गरी नियन्त्रण गर्नु पर्ने देखिन्छ।

## ३.५ उमेर समूहअनुसार जनसख्याको विवरण


तालिका नं. ११: उमेर समूहअनुसार जनसंख्याको विवरण

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| ०–४ | १९०६ | १८४४ | ३७५० | ९ | १ |
| ५–९ | २४७१ | २३६७ | ४८३८ | १२ | १ |
| १०–१४ | २६६० | २६४८ | ५३०८ | १३ | १ |
| १५–१९ | २३२७ | २२१८ | ४५४५ | ११ | १ |
| २०–२४ | १७७५ | १८६१ | ३६३६ | ९ | १ |
| २५–२९ | १६४६ | १८२७ | ३४७३ | ८ | १ |
| ३०–३४ | १३८४ | १४३५ | २८१९ | ७ | १ |
| ३५–३९ | १३३४ | १३१६ | २६५० | ६ | १ |
| ४०–४४ | ११७५ | १०४४ | २२१९ | ५ | १ |
| ४५–४९ | ९२६ | ८४९ | १७७५ | ४ | १ |
| ५०–५४ | ८७१ | ७२९ | १६०० | ४ | १ |
| ५५–५९ | ६३१ | ५६८ | ११९९ | ३ | १ |
| ६०–६४ | ६३५ | ६२६ | १२६१ | ३ | १ |
| ६५–६९ | ४५५ | ३७९ | ८३४ | २ | १ |
| ७०–७४ | ३१० | २३९ | ५४९ | १ | १ |
| ७५–७९ | १५१ | १२८ | २७९ | १ | १ |
| ८०–८४ | ९२ | ७७ | १६९ | ० | १ |
| ८५–८९ | ३८ | ३६ | ७४ | ० | १ |
| ९०–९४ | १३ | १३ | २६ | ० | १ |
| ९५+ | ८ | १८ | २६ | ० | ० |
| **जम्मा** | **२०८०८** | **२०२२२** | **४१०३०** | **१००** | **१** |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

यस मिथिला नगरपालिका उमेरगत जनसंख्याको विवरण दिईएको छ। जसमा २०६८ को जनगणना अनुसार ०-१४ वर्ष उमेर समूहको संख्या १३,८९६ (३३.८७ प्रतिशत) रहेको छ, १५-४५ वर्ष उमेर समूहको जनसंख्या १९,३४२ (४७.१४ प्रतिशत) छ, काम गर्ने उमेरसमूह १५ देखि ५९ वर्षसम्मको जनसंख्या २३,९१६ (५८.२९ प्रतिशत) रहेको छ। लिङ्गको आधारमा हेर्दा महिलाको जनसंख्या २०,२२२ (४९.२९ प्रतिशत) र पुरुषको जनसंख्या २०,८०८ (५०.७१ प्रतिशत) रहेको र यसप्रकार महिला र पुरुषको जनसंख्याको अन्तर १.४३ प्रतिशत देखिन्छ। देशको समग्र जनसंख्यामा महिलाको संख्या बढी रहेको छ। यस नगरपालिकामा पुरुषको संख्या १.४३ प्रतिशतले बढी देखिन्छ। ६० वर्ष भन्दामाथि उमेर समूहको संख्या ३,२१८ (७.८४ प्रतिशत) रहेको छ। तथ्याङ्कले नगरमा मानव स्रोतको प्रशस्तमात्रामा सम्भावना रहेको तथ्यलाई देखाउँछ। साथै बालबालिकाको संख्या पनि उच्च हुनुले

आउँदा दिनहरुमा पनि यस न.पा. मा मानव स्रोतको कमी नहुने देखाउँछ । जसको विस्तृत विवरण माथिको तालिकामा देखाइएको छ। यस विवरणलाई तल स्तम्भ चित्रबाट स्पष्ट बनाईएको छ।




## ३.६ जातजाती समूहअनुसार जनसंख्याको विवरण


धनुषा जिल्लामा कोइरी/कुशवाहा, यादव, तामाङ्ग ब्राम्हण, चमार/हरिजन/राम, हलुवाई, क्षेत्री, मगर, सुनार, कामी, सन्यासी, सार्की, दमाई, नेवार, ठकुरी, दमाई, थकाली, राजपुत आदि जातका मानिसहरु वसोवास गर्दछन। धनुषा जिल्लाको प्रशिद्ध यस मिथिला राज्य तराईको संगम भएको हुदा यहांको सामाजिक जनजीवन तथा पद्धतिमा पनि आफ्नै विशेषता छन्। यहां विशेषत कोइरी/कुशवाहा, क्षेत्री, यादव, तामाङ्ग,मगर वस्तीहरु छन् भने यी जाति लगायत ४३ जातिको बसोबास रहेको तथ्याङ्क देखाउँछ। यहाँ कुल जनसंख्यामा कोइरी/कुशवाहा जाति २९.७३ दखिन्छ। यसैगरी मिथिला नगरपालिकाको जति अनुसार जनसंख्याको विवरणलाई तल तालिकामा देखाईएको छ।

तालिका नं. १२: मिथिला नगरपालिकाको जनसंख्या र जातको विवरण

| क्र.सं. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | कोइरी/कुशवाहा | १२,१९९ | २९.७३ |
| २ | क्षेत्री | ४,०७९ | ९.९४ |
| ३ | तामाङ्ग | ३,३९९ | ८.२८ |
| ४ | मगर | २,७०८ | ६.६० |
| ५ | यादव | २,४६६ | ६.०१ |
| ६ | ब्राम्हण पहाडी | १,७८८ | ४.३६ |
| ७ | कामी | १,३०३ | ३.१८ |
| ८ | नेवार | १,२२६ | २.९९ |
| ९ | चमार/हरिजन/राम | १,२०१ | २.९३ |
| १० | माझी | १,०४४ | २.५४ |
| ११ | तेली | ९४० | २.२९ |
| १२ | मुसलमान | ६५० | १.५८ |
| १३ | हलुवाई | ६२१ | १.५१ |
| १४ | दमाई/ढोली | ५९१ | १.४४ |
| १५ | काठवानिया | ५८३ | १.४२ |
| १६ | तात्मा/तात्वा | ४९९ | १.२२ |
| १७ | कुर्मी | ४४६ | १.०९ |
| १८ | सुधी | ४२९ | १.०५ |
| १९ | बराई | ४०६ | ०.९९ |
| २० | सार्की | ३६७ | ०.८९ |
| २१ | घर्ती/भुजेल | ३६५ | ०.८९ |
| २२ | हजाम/ठाकुर | ३४३ | ०.८४ |
| २३ | मुसाहार | ३४० | ०.८३ |
| २४ | ब्राम्हण तराई | ३०८ | ०.७५ |
| २५ | खात्वे | २८५ | ०.६९ |
| २६ | कलवार | २६४ | ०.६४ |
| २७ | लोहार | १९७ | ०.४८ |
| २८ | राजपुत | १८५ | ०.४५ |
| २९ | धानुक | १७५ | ०.४३ |
| ३० | बधाई | १७१ | ०.४२ |
| ३१ | दुसाध/पासवान/पासी | १७० | ०.४१ |
| ३२ | बीन | १६२ | ०.३९ |
| ३३ | गदेरी/भेधार | १५१ | ०.३७ |
| ३४ | सन्यासी/दशामी | १२७ | ०.३१ |
| ३५ | राई | ९८ | ०.२४ |
| ३६ | सुनुवार | ९८ | ०.२४ |
| ३७ | केवत | ९३ | ०.२३ |
| ३८ | सोनार | ८० | ०.१९ |
| ३९ | मल्लाह | ६१ | ०.१५ |
| ४० | ठकुरी | ५६ | ०.१४ |
| ४१ | जनजाति अन्य | १३७ | ०.३३ |
| ४२ | दलित अन्य | ७३ | ०.१८ |
| ४३ | तराई अन्य | ७० | ०.१७ |
| ४४ | अन्य | ६१ | ०.१५ |
| ४५ | उल्लेख नगरिएको | १५ | ०.०४ |
| | जम्मा | ४१,०३० | |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस नगरपालिकाको सामाजिक संरचनाको दृष्टिकोणबाट बढो विविधतायुक्त रहेको पाईन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार धनुषा जिल्लामा ७० भन्दा बढि किसिमका जातजातिको बसोबास रहेको पाईन्छ भने ४५ भन्दा बढि किसिमका जातजाति रहेका देखिन्छ। यसरी धनुषा जिल्लामा अवस्थित मिथिला न.पा. मा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी कोइरी/कुशवाहा १२,१९९ जना (२९.७३ प्रतिशत), दोस्रोमा क्षेत्री ४,०७९ (९.९४ प्रतिशत), तेस्रोमा तामाङ्ग ३,३९९ (८.२८ प्रतिशत), मगर २,७०८ (६.६० प्रतिशत) र यादव २,४६६ (६.०० प्रतिशत) रहेका छन्। सबै भन्दा कम संख्या ठकुरी, तराई अन्य, दलित अन्य, मल्लाह, सोनार जातिहरुको रहेको देखिन्छ। जसको विस्तृत विवरण माथिको तालिकामा र तल चित्रबाट प्रस्तुत गरिएको छ।





## ३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण

तालिका नं. १३: मातृभाषा अनुसार जनसंख्याको विवरण

| क्र.सं. | भाषा | जम्मा | प्रतिशत | | क्र.सं. | भाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | मैथिली | २२,८७१ | ५५.७४ | | १३ | हिन्दी | १५ | ०.०४ |
| २ | नेपाली | ११,१९४ | २७.२८ | | १४ | चामलिङ्ग | ११ | ०.०३ |
| ३ | तामाङ्ग | २,९३४ | ७.१५ | | १५ | लिम्बु | ७ | ०.०२ |
| ४ | मगर | २,१२१ | ५.१७ | | १६ | साङ्केतिक भाषा | ७ | ०.०२ |
| ५ | माझी | ७०७ | १.७२ | | १७ | डोटेली | ७ | ०.०२ |
| ६ | मगादी | ३६३ | ०.८८ | | १८ | थारु | ५ | ०.०१ |
| ७ | नेवार | २३६ | ०.५८ | | १९ | राजस्थानी | ४ | ०.०१ |
| ८ | उल्लेख नगरिएको | १९५ | ०.४८ | | २० | अवादी | २ | ०.०० |
| ९ | ऊर्दु | १४० | ०.३४ | | २१ | बाजिका | २ | ०.०० |
| १० | सुनुवार | ८५ | ०.२१ | | २२ | अन्य | ४ | ०.०१ |
| ११ | भोजपुरी | ६४ | ०.१६ | | | जम्मा | ४१,०३० | १००.०० |
| १२ | राई | ५६ | ०.१४ | | | | | |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस नगरपालिकामा अक्सर बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरू जसमा बडो विविधता रहेको पाइन्छ। मातृभाषा अनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस नगरपालिकामा सबैभन्दा बढी कोइरी/कुशवाहा जातिको बसोबास रहेको हुँदा मैथली भाषा बोल्नेहरुको संख्या सबैभन्दा बढी अर्थात २२,८७१ (५०.७४ प्रतिशत) रहेको देखिन्छ भने दोस्रोमा नेपाली भाषा ११,१९४ (२७.२८ प्रतिशत), तेस्रोमा तामाङ्ग बोल्ने संख्या २,९३४ (७.१५ प्रतिशत) रहेको पाइन्छ । यसैगरी मगर भाषा बोल्नेहरुको संख्या २,१२१ (५.१७ प्रतिशत), माझी ७०७ (१.७२ प्रतिशत) रहेका छन्। यस्तै नगरमा मगादी, नेवार, उर्दु, सुनुवार, भोजपुरी, राई, हिन्दी, चामलिङ्ग, लिम्बु, डोटेली, थारु, राजस्थानी, अवादी इत्यादी भाषा बोल्नेहरु देखिन्छ जसको संख्या अत्यन्तै न्युन रहेको छ। सबै आ-आफ्ना मातृभाषा बोल्नेहरूले समेत सरकारी भाषाको रुपमा नेपाली भाषालाई राम्ररी बोल्ने र बुझ्ने गरेको देखिन्छ। जसको विस्तृत विवरण माथिको तालिकामा साथै तल स्तम्भ चित्रमा पनि  देखाइएको छ।




## आदिवासी

यस नगरको कुल जनसंख्या ४१,०३० मध्ये २०.९९ प्रतिशत (८,६१२ जना) जनसंख्या आदिवासी (तामाङ्ग, मगर, नेवार, लिम्बु आदि) रहेको छ । जसमा सबैभन्दा बढी तामाङ्ग जातिको संख्या ३,३९९ (८.२८ प्रतिशत) जनसंख्या रहेको पाइन्छ। मुख्यत: कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रुपमा न्युन रहेको छ। यी जनजातीहरुको आफ्नो मौलिक संस्कृतिलाई भने यस समुदायले अद्यावधि बचाई राखेको पाइन्छ। यी समुदायद्वारा  मिथिला  नगरपालिकाको मौलिक संस्कृतिलाई जिवन्त राख्न सहयोग पुगेको छ। यस समुदायबाट जनप्रतिनिधिको रुपमा हाल निर्णायक तहमा जुन सहभागिता देखिएको छ। यस समुदायका मानिसहरु मिथिलाको

विकास निर्माणमा हात पाखुरी चलाउदै आएको यो समुदाय अहिले आएर सामाजिक, राजनैतिक र आर्थिक विकासको दृष्टिकोणले केहि पछाडी परेको देखिन्छ। मिथिला नगरपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष पहल गर्नु पर्ने अवस्था देखिन्छ। यस समुदाय माथि विशेष ध्यान दिनु आवश्यक देखिन्छ।

### उत्पीडित समुदाय

जातजातिको हिसावले मिथिला नगरपालिकामा पाँचौ ठुलो समुदायको रुपमा रहेको उत्पीडितहरूले लगभग ११.७७ प्रतिशत हिस्सा ओगटेको छ। सामाजिक विभेदका रुपमा छुवाछुत जस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनितिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ। यस समुदायका प्रा.वि., निमावि, र मा.वि.मा अध्ययन छात्र छात्राहरूको संख्या भने तुलनात्मक रुपमा कम रहेको छ। परम्परागत शिल्पको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। मुलुकी ऐन २०२० को कानुनी व्यवस्था अन्तर्गत जातिय छुवाछुतलाई कानुनी अपराधको रुपमा परिभाषित गरिएको झण्डै ४ दशक हुन लाग्दा पनि उत्पीडित र अपेक्षित समुदायले अद्यापि सार्वजनिक स्थल (मन्दिर) हरूमा प्रवेशका लागि स्थानीय निकायहरूसँग मिलेर चरणबद्ध अभियान संचालन गर्नुपर्ने अवस्था कायमै रहेको छ। निजामती सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्युन छ। त्यसै गरी राजनितिक क्षेत्रमा २०४६ साल यता यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ। राजनितिक नेतृत्वमा भने सीमित व्यक्तिहरूमात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रुपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। मिथिलाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ।

## ३.८ धर्मअनुसार जनसंख्याको विवरण

धर्म अनुसार जनसंख्याको वितरणलाई अध्ययन गर्दा यस नगरपालिकामा आदिवासी/जनजाति अन्य जातजातिहरुको बसोबास रहेता पनि यस नगरपालिकाको प्राय जसो समुदायका अधिकांश मानिसहरूले धर्मको रुपमा सनातन हिन्दु धर्मलाई स्वीकारेको देखिन्छ। यद्यपि तामाङ्ग र मगर समुदायको भने आफ्नै भाषा, रहनसहन, भेषभूषा एवं परम्परा र संस्कार रहेको पाईन्छ। वेदमूलक आर्य-संस्कृतिका विधि-विधान र धर्म शास्त्र आदिलाई रामायण, महाभारत, पूराण आदि ग्रन्थहरूको आधार मानी ती बिषयवस्तुहरूलाई लोकभाषा, लोकलय, लोकधुन, र लोकशैलीमा ढालेर लोकजीवनको सेरोफेरोसित तादात्म्य मिलाई आफ्नोपन झल्काउने गरी दोहोरी, लोकगीत आदिको रुपमा विभिन्न विशिष्ट अवसरहरूमा प्रस्तुत गरिन्छ। यो समुदायको विशेष पहिचान नै आफ्नो सांस्कृतिक मौलिकपना नै हो। नगरपालिकामा विभिन्न समुदायका मानिसहरुको बसोबास रहेका हुनाले उनीहरुका आआफ्नै चाडपर्वहरु छन्। जस्तै, हिन्दूधर्मावलम्बीहरुले बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ (होली), चैते दशैं, साउने-माघे स्रग्रान्ती, मागी, गोठधूप, मातातीर्थ औंसी,

अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, गोठाले, श्री स्वस्थानी पूर्णिमा, कूल-थानी पूजा, ग्रामथान पूजा, बोल बम आदि चाडपर्वहरु मानउँने गर्दछन् । बौद्ध धर्मावलम्बीहरुले बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरु, तिहार आदि मनाउने गरेको पाइएको छ । यसैगरी ईस्लामहरुले ईद, वकरईद, इदुलफितर, सोभेरात आदि र क्रिश्चियनहरुले क्रिशमस डे, नयाँ वर्ष, भ्यालेनटाईने डे आदि मनाउने गर्दछन् । यस नगरपालिकामा  बसोबास गर्ने मानिससहरुको भेषभूषाको बारेमा चर्चा गर्दा महिलाको साडी, चोलो तथा पुरुषको धोती, कुर्ता, कमेज भएको पाइन्छ । पहाडे मुलका क्षेत्री, बाहुन, कामी, दमाई आदि पुरुषले कमेज-सुरुवाल, दौरा-सुरुवाल लगाउँछन् भने मधेसी मूलकाले कमेज, धोती आदि लगाउँछन् । तर अहिलेको समयमा सबै जातजातिका युवा, युवतीहरु क्रमशः पैन्ट, शर्ट, साडी ब्लाउज, कुर्ता-सलवार नै लगाउन रुचाउँछन् । यहाँ धेरै जसो महिना गर्मी हुने हुँदा राष्ट्रिय पोशाक दौरा-सुरुवाल, साडी-चौवन्दी चोलो लगाउने मानिस यदाकदा मात्र देखिनु स्वभाविक हो ।

नेपालको ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्व बोकेको छ । त्रेतायुगका राजा महर्षि जनकको उत्कृष्ट राजधानी जनकपुर अहिले एक विशिष्ठ धार्मिक र पर्यटकीय स्थलका रुपमा समेत विकसित हुँदै गईरहेको छ । त्रेतायुगमा मर्यादा पुरुषोत्तम श्रीरामसंग जानकीको विवाह पश्चात यस क्षेत्रको गरिमा अझउत्कर्षमा पुगेको पाईन्छ । यहा भगवान राम र सीताको शुभबिबाह सम्पन्न भएको हुनाले देशका विभिन्न स्थानवाट वैवाहिक कार्यको लागि यसै स्थानमा आउने गर्दछन । यस स्थानमा विवाह गर्नाले वर वधुको जीवन सफल हुने विश्वास सर्वत्र गरिन्छ । त्यस्तै श्रीरामचन्द्र भगवानले आफ्नो वाणवाट जमिनको पानी निकाली नुहाएको स्थान आज गंगासरको नामले प्रसिद्धि छ । यस स्थानमा नुहाउनाले मानिसको छाला सम्बन्धि रोगहरु र पानी खानाले पेट सम्बन्धिका रोगहरु निको हुने  विश्वास गरिन्छ ।

धनुषा जिल्लाको हालको स्वरुप कोशी देखि गण्डकी र गंगा देखि हिमालय सम्म फैलिएको वृहद मिथिला प्रदेशको युगान्तरमा खुम्चिदै गइ सानो स्वरुप नै हो भन्नु अतिश्योक्ति नहोला । किंवदन्ती अनुसार पुर्व वैदिक युगमा जनविहीन रहेको यो क्षेत्रको अन्वेषण माथव विदेधले गरेका थिए मुखमा अग्नी लिई यस वनले ढाकिएको अनकन्टर प्रदेशमा आईपुग्दा उनको मुखमा रहेको अग्नी वाहिर आई सम्पुर्ण वनको विनाश भए पश्चात यहाँ मानव वसोवास शुरु भएको थियो । त्रेतायुगमा जनकवशका वाईसौं राजा शीरध्वजले प्रजाहरुलाई अनिकालवाट मुक्ति दिलाउन आफै हलो जोत्न थाल्दा भुमीवाट वालिका जानकी उत्पन्न भईन् जसको कारणवाट यस प्रदेशको गाथा पवित्र र विस्थापित भएको पाईन्छ । सर्वगुण सम्पन्न श्रीजानकी को विवाहका लागि स्वयंवर लिन ईच्छुक विभिन्न प्रदेशवाट आएका शक्तिसम्पन्न राजकुमारहरु मध्येवाट शिवधनुषमा तांदो चढाउने लाई वरको रुपमा ग्रहण गर्ने राजा शीरध्वजको शर्तमा अयोध्यावाट आएका दशरथपुत्र श्रीराम वाहेक कोही उतिर्ण हुन सकेनन् । श्रीरामले सो धनुषमा तांदो चढाउन लाग्दा अत्यधिक वजनले सो धनुष खण्डीत हुन पुग्यो । सो धनुषको एक टुक्रा झरेको स्थानलाई धनुषाधाम भनिन्छ । यसै वाट जिल्लाको नाम धनुषा भनी नामाकरणा भएको पुष्टि हुन्छ । मिथिला नगरपालिकाको धार्मिक महत्व प्राचीनकाल देखि नै प्रख्यात रहेको पाईन्छ ।


यस नगरपालिकाको धर्म अनुसार जनसंख्याको वितरण निम्न अनुसार रहेको छ।

तालिका नं. १४: धर्मअनुसार जनसंख्याको विवरण

| हिन्दु | बौद्ध | इस्लाम | क्रिश्चियन | किराँत | बहाई | प्रकृति | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ३६०७८ | ३९९४ | ६५० | १३१ | २२ | ३ | ३ | १४९ | **४१,०३०** |
| ८७.९३ | ९.७३ | १.५८ | ०.३२ | ०.०५ | ०.०१ | ०.०१ | ०.३६ | **१००.००** |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

धार्मिक दृष्टिकोणले हेर्दा यस नगरपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन्। पछिल्लो जनगणना अनुसार यहाँको कुल जनसंख्या ४१,०३० जनामा ८७.९३ प्रतिशत अर्थात् ३६,०७८ जना हिन्दु, ९.७३ प्रतिशत ( ३,९९४ जना) बौद्ध धर्मावलम्बीहरु, १.५८ प्रतिशत (६५० जना) इस्लाम, ०.३२ प्रतिशत (१३१ जना) क्रिश्चियन, ०.०५ प्रतिशत (२२ जना) किराँत, ०.०१ प्रतिशत (३ जना) प्रकृति र बहाई धर्मावलम्बीहरु सबै भन्दा रहेको पाईन्छ। माथिको तालिकामा मिथिला नगरपालिकाको धर्मगत जनसंख्याको तथ्यांकलाई देखाइएको छ। यी विविध तथ्यबाट नगरपालिकामा धार्मिक संरचनाको दृष्टिकोणबाट बढी विविधतायुक्त रहेको देखिन्छ। जसको विस्तृत विवरण माथि तालिका र तल स्तम्भमा उल्लेख गरिएको छ।



## ३.९ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

तालिका नं. १५: परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

| वडा नं. | निजी | भाडा | संस्थागत | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | १०१७ | ३ | ० | ४ | १,०२४ |
| २ | ८५४ | १० | १८ | ८० | ९६२ |
| ३ | ५०२ | ० | ० | ० | ५०२ |
| ४ | ६४४ | ७ | ३० | १४ | ६९५ |
| ५ | ७२१ | ७२ | ४ | १ | ७९८ |
| ६ | ५२८ | ० | ० | १ | ५२९ |
| ७ | ७७७ | २ | ० | ५ | ७८४ |
| ८ | ६५७ | ३५ | ५ | ५ | ७०२ |
| ९ | ५१५ | ७ | ० | २ | ५२४ |
| १० | ९१० | ४ | ० | ० | ९१४ |
| **जम्मा** | **७,१२५** | **१४०** | **५७** | **११२** | **७,४३४** |
| **प्रतिशत** | **९५.८४** | **१.८८** | **०.७७** | **१.५१** | **१००.००** |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा मिथिला नगरपालिकामा परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। यस नगरपालिकामा जम्मा ७,४३४ घरधुरीहरुमध्ये आफ्नो स्वामित्वमा रहेको घरधुरी संख्या ७,१२५ (९५.८४ प्रतिशत), भाडामा बस्ने घरधुरी संख्या १४० (१.८८) प्रतिशत रहेको देखिन्छ। त्यस्तै संस्थागत घरधुरी ५७ (०.७७ प्रतिशत) र अन्य घरधुरीको संख्या ११२ (१.५१ प्रतिशत) रहेका छन्। त्यस्तै परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरणलाई वडागत रुपमा तुलना गर्दा वडा नं. ३,४ मा निजी स्वामित्वमा रहेको घरधुरी संख्या बढी रहेको पाइन्छ। त्यसैगरी वडा नं.८ मा अन्य वडाको तुलनामा संस्थागत घरधुरी संख्या बढी रहेको देखिन्छ। जसको विस्तृत विवरण मासथ तालिकामा उल्लेख गरिएको छ। यस विवरणलाई तल स्तम्भ चार्टमा प्रस्तुत गरिएको छ।

## ३.१० महिलाका नाममा भएको घरको स्वामित्वको विवरण


तालिका नं. १६: महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

| वडा नं. | स्वामित्व भएको | स्वामित्व नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | ३२ | ९८७ | ५ | १,०२४ |
| २ | १०९ | ८५३ | ० | ९६२ |
| ३ | ३ | ४८६ | १३ | ५०२ |
| ४ | ६५ | ६२५ | ५ | ६९५ |
| ५ | ११६ | ६६२ | २० | ७९८ |
| ६ | ७७ | ४५२ | ० | ५२९ |

| | | | | |
|---|---|---|---|---|
| **७** | ४५ | ७३९ | ० | ७८४ |
| **८** | १६४ | ५२९ | ९ | ७०२ |
| **९** | १४ | ५०६ | ४ | ५२४ |
| **१०** | ६४ | ८३१ | १९ | ९१४ |
| **जम्मा** | ६८९ | ६,६७० | ७५ | ७,४३४ |
| **प्रतिशत** | ९.२७ | ८९.७२ | १.०१ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा मिथिला नगरपालिकामा महिलाका नाममा भएको घरको स्वामित्वको विवरण देखाइएको छ। जसमा महिलाको स्वामित्वमा रहेको घरधुरी संख्या ६८९ (९.२७ प्रतिशत) र स्वामित्व नभएको घरधुरी संख्या ६,६७० (८९.७२ प्रतिशत) रहेको छ भने उल्लेख नगरिएको घरधुरी संख्या ७५ (१.०१ प्रतिशत) रहेको छ। माथिको विवरण हेर्दा समयको फड्केको सँगै लैङ्गिक समानता भने कायम हुन सकिरहेको छैन केही हद सम्म राज्यमा महिला सशक्तिकरण तथा महिला अधिकारको बहस भईरहँदा अझै लैङ्गिक समानतामाथि प्रश्न चिन्ह् खडा गरेको छ। प्राप्त तथ्यांक अनुसार यस नगरपालिकामा अझै पनि महिलाको जनजागरणमा विकास गर्न विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ। जसको विस्तृत विवरण माथिको तालिकाले देखाउँछ। यस विवरणलाई तल स्तम्भमा उल्लेख गरिएको छ।




माथिको विवरण र स्तम्भलाई हेर्दा स्वामित्वाको असमान स्थिति रहेको छ। मिथिाला नगरपालिकाको विवरणले आजको समयमा पनि लैङ्गिक असमानताको चरम स्थिति चित्रण गर्दछ। घरमा महिलाको स्वामित्व पुरुषको तुलनामा अत्यन्तै कम रहेको देखिन्छ। २०६८ सालको सर्वेक्षण भन्दा समयसँगै केही समानतामा परिवर्तन भएन भन्न सकिँदैन यद्यपि असमानताको खाडल भने पुरिएको छैन भन्नु जायज नै देखिन्छ समग्र नेपालको परिस्थिति त्यस्तै मिथिला नगरको यस्तो खालको अन्तरलाई कम गर्न राज्यले विशेष खालका कार्यक्रमहरु ल्याउनु पर्ने तथा जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ।


## ३.११ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण

तालिका नं. १७: महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण

| वडा नं. | स्वामित्व भएको | स्वामित्व नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | १३६ | ८८३ | ५ | १,०२४ |
| २ | ३३१ | ६३१ | ० | ९६२ |
| ३ | १६३ | ३२६ | १३ | ५०२ |
| ४ | २१७ | ४७३ | ५ | ६९५ |
| ५ | २३६ | ५४२ | २० | ७९८ |
| ६ | १५७ | ३७२ | ० | ५२९ |
| ७ | १६७ | ६१७ | ० | ७८४ |
| ८ | २४६ | ४४७ | ९ | ७०२ |
| ९ | १४२ | ३७८ | ४ | ५२४ |
| १० | २११ | ६८४ | १९ | ९१४ |
| **जम्मा** | **२,००६** | **५,३५३** | **७५** | **७,४३४** |
| **प्रतिशत** | **२६.९८** | **७२.०१** | **१.०१** | **१००.००** |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

यस मिथिला नगरपालिकामा जग्गामा महिलाको स्वामित्व भएको विवरण अनुसार जग्गामा स्वामित्व भएको महिलाको घरधुरी संख्या २,००६ (२६.९८ प्रतिशत) र जग्गामा स्वामित्व नभएको महिलाको घरधुरी संख्या ५,३५३ (७२.०१ प्रतिशत) रहेको छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। विवरणले घरमा महिलाको स्वामित्व भन्दा तुलानात्मकरुपमा जमिनमा महिलाको स्वामित्व केही बढी देखिन्छ। माथिको तालिकालाई तल स्तम्भ प्रस्तुत गरिएको छ ।




मथिको विवरण र स्तम्भलाई अध्ययन गर्दा महिला समानताको कायम गर्न नेपाल सरकारले भुमि सम्बन्धी कारोबार गर्दा महिलाको नाम मा गर्दा केही छुट दिएको छ यसंले जमिनको स्वामित्वमा केही परिवर्तन भएको पाइन्छ। घरमा महिलाको स्वामित्व ९.२७ प्रतिशत रहेको मा जमिन प्रतिको स्वामित्व २६.९८ प्रतिशत रहेको छ यसको प्रमुख कारण सरकारले

जमिन सम्बन्धी लागु गरेको नीति हो यद्यपि लैङ्गिक आधारमा जग्गाको स्वामित्व पुरुषको तुलनामा महिलाको अत्यन्त कम देखिन्छ। यस ठुलो अन्तरलाई कम गर्न विशेष खालका कार्यक्रमहरु ल्याउनु पर्ने देखिन्छ जसले नेपालको विकासमा तगारो बनेर रहेको लैङ्गिक असमानताले सुधारको वाटो पहिल्यउन सकोस्।

## ३.१२ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

तालिका नं. १८: अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

| जनगणना वर्ष | जम्मा घरधुरी | अनुपस्थित घरधुरी | उपस्थित घरधुरी | उल्लेख नगरिएको |
|---|---|---|---|---|
| २०६८ | ७,४३४ | १,७७४ | ५,६५५ | ५ |
| प्रतिशत | १०० | २३.८६ | ७६.०७ | ०.०७ |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

अनुपस्थित घरधुरी संख्या २३.८६ प्रतिशत अर्थात १,७७४ घरधुरी रहेको देखिन्छ। उपस्थित घरधुरी संख्या ८६.१४ प्रतिशत रहेको छ। नगरपालिकामा धेरै घरधुरी उपस्थित नै रहेको पाइन्छ। तरपनि मानिसहरु सेवा सुविधाको खोजीमा धेरै शहर केन्द्रित भएको पाइन्छ। त्यसकारणले गर्दा नगरपालिकामा घरहरु खालि रहेको पाइन्छ। यसलाई कम गर्न नगरपालिकाले जनतालाई आवश्यक पर्ने आधरभूत सेवा सुविधामा जोड दिनुपर्ने देखिन्छ।

## ३.१३ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण


तालिका नं. १९: बाहिरी गारोका आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईंटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईंटा/ढुंगा | काठ/फल्याक | बाँसजन्य सामग्री | काँचो ईंटा | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | १८ | ७१ | ५९६ | ३२१ | ० | ३ | १५ | १,०२४ |
| २ | ११८ | ३०३ | १०९ | ४१८ | ० | ० | १४ | ९६२ |
| ३ | ३ | ९३ | ३ | ३८९ | २ | ० | १२ | ५०२ |
| ४ | ९ | ८५ | ८ | ५८३ | ० | ० | १० | ६९५ |
| ५ | १० | २७० | ७ | ५०० | ० | ० | ११ | ७९८ |
| ६ | ० | ७५ | २५ | ४२४ | ३ | ० | २ | ५२९ |
| ७ | २ | १६७ | ५ | ६०५ | २ | ० | ३ | ७८४ |
| ८ | १२५ | २८७ | ४४ | २३३ | ० | २ | ११ | ७०२ |
| ९ | २ | ३८ | ३ | ४७७ | ० | १ | ३ | ५२४ |
| १० | ४३ | १०५ | ३ | ७५० | ० | ० | १३ | ९१४ |
| जम्मा | ३३० | १,४९४ | ८०३ | ४,७०० | ७ | ६ | ९४ | ७,४३४ |
| प्रतिशत | ४.४४ | २०.१० | १०.८० | ६३.२२ | ०.०९ | ०.०८ | १.२६ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तथ्यांकलाई हेर्दा यस मिथिला नगरपालिकामा परिवारले प्रयोग गरेको घरको बाहिरी गारोको आधारमा बाँसजन्य सामग्रीबाट बनेको बाहिरी गारो भएको घरधुरी सबैभन्दा धेरै ४,७०० (६३.२२ प्रतिशत) छ भने सबैभन्दा कम काँचो ईंटाबाट बनेको बाहिरी गारो भएको घरधुरी संख्या ७ (०.०९ प्रतिशत) रहेको देखिन्छ।

यसैगरी सिमेन्टको जोडाइ भएको इँटा/ढुङ्गाको बाहिरी गारो भएको घरधुरी संख्या १,४९४ (२०.१० प्रतिशत), काठ तथा फल्याकको बाहिरी गारोको घरधुरी संख्या ८०३ (१०.८० प्रतिशत), माटोको जोडाई भएको इँटा तथा ढुङ्गाको बाहिरी गारो भएको घरधुरी संख्या ३३० (४.४४ प्रतिशत) रहेको छ भने अन्य ६ (०.०८ प्रतिशत) र उल्लेख नगरिएको ९४ (१.२६ प्रतिशत) घरधुरी संख्या रहेको देखिन्छ। त्यस्तै वडागत रुपमा घरको बाहिरी गारोको आधारमा हेर्ने हो भने वडा नं. २, ३, ४, ५, ६, ७, ९ र १० मा सबैभन्दा बढी बाँसजन्य सामग्रीको बाहिरी गारो भएको घरधुरी संख्या रहेको देखिन्छ भने वडा नं. ३, ६ र ७ बाहेक सबै वडाहरुमा काँचो इँटाबाट बाहिरी गारो बनेको घरधुरी नै देखिदैन। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।





## ३.१४ छानाको आधारमा घरको बनोटको विवरण

तालिका नं. २०: छानाको आधारमा घरको बनोटको विवरण

| वडा नं. | खर/पराल/छ्वाली | जस्ता/टिन/च्यादर | टायल/खपडा/झिँगटी/ढुङ्गा | सिमेन्ट/ढलान | काठ/फल्याक | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ९५ | ५७ | ८३२ | ९ | १५ | ० | १६ | १,०२४ |
| २ | २७ | २५ | ७९५ | ९६ | २ | ० | १७ | ९६२ |
| ३ | ३९ | ० | ४२८ | २२ | ० | ० | १३ | ५०२ |
| ४ | १६ | ५ | ६४३ | १६ | ५ | ० | १० | ६९५ |
| ५ | ११ | १२ | ६१५ | १४० | ८ | ० | १२ | ७९८ |
| ६ | ३० | ४ | ४७० | १३ | ९ | १ | २ | ५२९ |
| ७ | १ | २ | ७५६ | २० | १ | ० | ४ | ७८४ |
| ८ | ३२ | १२ | ५४८ | ९९ | ० | ० | ११ | ७०२ |
| ९ | ८४ | ११ | ४१६ | ८ | ० | २ | ३ | ५२४ |
| १० | २८ | ० | ८४८ | १९ | १ | ० | १८ | ९१४ |
| जम्मा | ३६३ | १२८ | ६,३५१ | ४४२ | ४१ | ३ | १०६ | ७,४३४ |
| प्रतिशत | ४.८८ | १.७२ | ८५.४३ | ५.९५ | ०.५५ | ०.०४ | १.४३ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

यस मिथिला नगरपालिकामा भएका घरधुरीहरुलाई छानाको बनोटको आधारमा छुट्याउँदा टायल, खपडा, झिँगटी तथा ढुङ्गाको छानो भएको घरको संख्या सबैभन्दा धेरै ६,३५१ (८५.४३ प्रतिशत) रहेको देखिन्छ भने सबैभन्दा कम काठ तथा फल्याकको छाना रहेको घरधुरी संख्या ४४२ (०.५५ प्रतिशत) रहेको छ। यसैगरी दोस्रोमा सिमेन्ट तथा ढलानको छाना रहेको घरधुरी ४४२ (५.९५ प्रतिशत), खर, पराल तथा छ्वालीको छाना भएको घरधुरी ३६३ (४.८८ प्रतिशत) र जस्ता, टिन तथा च्यादरको छाना रहेको घरधुरी १२८ (१.७२ प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण माथिको तालिकामा दिइएको छ।





## ३.१५ जगको आधारमा घरको बनोटको विवरण

तालिका नं. २१: जगको आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईँटा/ढुंगा | ढलान पिल्लर सहितको | काठको खम्बा गाडेको | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | २० | ४३ | ७ | ९३९ | १ | १४ | १,०२४ |
| २ | २१७ | २९४ | १४ | ४२३ | ० | १४ | ९६२ |
| ३ | १ | ७७ | १८ | ३९३ | १ | १२ | ५०२ |
| ४ | १० | ५० | १५ | ६११ | ० | ९ | ६९५ |
| ५ | ५ | १७३ | ७१ | ५३८ | ० | ११ | ७९८ |
| ६ | ३ | ५५ | ५० | ४१८ | १ | २ | ५२९ |
| ७ | ५ | १६७ | ३ | ६०६ | ० | ३ | ७८४ |
| ८ | १ | १०४ | ११९ | ४६७ | ० | ११ | ७०२ |
| ९ | ० | २८ | ४ | ४८८ | १ | ३ | ५२४ |
| १० | ८९ | १०७ | ४ | ७०४ | ० | १० | ९१४ |
| जम्मा | ३५१ | १,०९८ | ३०५ | ५,५८७ | ४ | ८९ | ७,४३४ |
| प्रतिशत | ४.७२ | १४.७७ | ४.१० | ७५.१५ | ०.०५ | १.२० | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

मिथिला नगरपालिकामा परिवारले प्रयोग गरेको काठको खम्बा गाडेको जग भएका घरधुरी संख्या सबैभन्दा बढी अर्थात् ५,५८७ (७५.१५ प्रतिशत) छन् भने सबैभन्दा कम ढलान पिल्लर सहितको जग भएको घरधुरी ३०५ (४.१० प्रतिशत) रहेको छ । यसैगरी दोस्रोमा सिमेन्टको जोडाइ भएको इँटा तथा ढुंगाको जग भएको घरधुरी १,०९८ (१४.७७ प्रतिशत) र माटोको जोडाइ भएको इँटा तथा ढुङ्गाको जग भएको घरको संख्या ३५१ (४.७२ प्रतिशत) रहेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## भवन संवेदनशीलता

शहरहरुमा भइरहेको जनसंख्या वृद्धि र शहरी विस्तारले विकासोन्मुख राष्ट्रहरुमा भूकम्पीय जोखिमको संवेदनशलितामा वृद्धि गरेको छ । निश्चित स्तरको जमिन कम्पन गहनता सिर्जना भएको अवस्थामा तोकिएको स्तरको संरचनागत क्षतिलाई कुनै वस्तुले धान्न सक्ने सम्भावनालाई उक्त वस्तुको संवेदनशीलताका रुपमा परिभाषित गरिएको छ । भवन, अत्यावश्यक सुविधाहरु, लाइफलाइन आदिको संवेदनशीलता विश्लेषण गर्न सकिन्छ र संवेदनशीलता मूल्याङ्कन गर्न लागिएको वस्तुमा आधारित रहेर विभिन्न विधि प्रयोग गर्न सकिन्छ ।

## ३.१६ बसाई सराईको अवस्था


कुनै पनि स्थानमा जनसंख्या परिवर्तन हुने कारणहरुमध्ये बसाइसराई एक प्रमुख कारण मानिन्छ । तराईका जिल्लाहरुमा बसाई सराईको इतिहास वि.सं. २०१९ साल देखि प्रारम्भ भएको मान्न सकिन्छ। यस मिथिला नगरपालिकामा छिमेकी गाउँपालिका, नगरपालिका एवं जिल्लाबाट बसाई सराई गर्ने क्रम तिब्र रुपमा बढीरहेको देखिन्छ । विभिन्न अवसर र रोजगारीको खोजीमा देश भित्र वा देश बाहिर एक स्थानबाट अर्को स्थानमा स्थाई वा अस्थाई रुपमा बसाई सरेर जाने प्रवृत्ति क्रमश बढ्दै गएको पाइन्छ । यसरी बसाई सरी आउनुका विभिन्न कारणहरु छन् । तिमध्ये पाँच मुख्य कारण आर्थिक वृद्धि, द्वन्द्व, सामाजिक कारण, व्यापार र रोजगार हुन् । यस नगरको मलिलो माटो र तराईको सुगम नगर भएकोले खेति, व्यापार, शिक्षा र स्वास्थ्य जस्ता सुविधाहरू पहाडको तुलनामा सुलभ

र सस्तो हुनाले समेत विशेषत: छिमेकी पहाडी जिल्लाका साथै बाहिरी जिल्लाहरूबाट समेत बसाइसराई तिब्र भएको पाइएको छ। नगरको जनसंख्या बृद्धिको कारकतत्वका साथै विकास व्यवस्थापनका लागि चुनौती दिने मुल कारकतत्व समेत बसाइसराई नै बन्न पुगेको देखिन्छ।

त्यस्तै प्रवासी नेपालीहरूको लगानीको प्रमुख र आकर्षक क्षेत्र नगरमा कृषि जग्गा जमिन खरिद गरी स्थायी रुपमा नगरमै बसोबास गर्न थालेको पाइन्छ। बेरोजगारीको समस्या नगरको विकराल समस्याको रुपमा रहेको परिप्रेक्ष्यमा काम गर्ने उमेरका युवाहरू विदेसिने क्रम समेत नगरबाट बढ्न थालेको छ। खुला सिमानाको उपयोग गर्दै निर्वाधरुपले भारत आवतजावत गर्न सकिने र भिसा पासपोर्ट विना नै जाने हुँदा निश्चित रुपमा गणना गर्न नसकिएका भारतमा जाने युवाहरूको संख्या निकै ठुलो रहने गरेको छ। उपर्युक्त सन्दर्भलाई विश्लेषण गर्दा नगरको लागि बसोबासको व्यवस्थित र दीर्घकालिन योजना बनाउनु आवश्यक देखिन्छ।

# खण्ड ४ : भू-उपयोग

## ४.१ नगरपालिका भू-उपयोगको विवरण



## ४.२ शहरीकरणको स्वरुप

मिथिला नगरपालिका सडक सञ्जाल देशको सबै मुख्य मुख्य शहरी क्षेत्रहरुसँग जोडिएको हुँदा नगरको सबै वडाहरुमा सडक, विद्युत, संचार जस्ता सुविधाहरूको पहुँच पुगेको देखिन्छ। यसका अतिरिक्त अधिकांश क्षेत्रहरू शहरोन्मुख अवस्थामा रहेको देखिन्छन्। मिथिला नगरपालिकाले नगर विकासका लागि योजना तयार गर्ने दौरानमा वडा भेला, लगायत वडा कार्यालय, सरकारी निकायहरु, राजनैतिक पार्टीहरु, गैरसरकारी संस्थाहरु (NGOs), सामुदायिक संस्थाहरु (CBOs), टोल विकास संस्थाहरु (TLO), वृद्धिजिवीहरु, समाजका प्रतिष्ठित व्यक्तित्वहरु, व्यवसायिक संस्थाहरु, संचारकर्मीहरु तथा योजना तर्जुमा टोली (Planning) आदिलाई समोवस गरी बढी भन्दा बढी छलफल गरी प्रत्येक टोलमा फोहर व्यवस्थापनका लागि कन्टेनर, प्रत्येक टोलका मुख्य तथा सहायक सडकहरूमा सोलार बत्ति जडान, टोल टोलमा सार्वजानिक खानेपानी र शौचालयको व्यवस्था गर्नुपर्ने देखिन्छ । यस नगरपालिकाको वडा नं २ मा ३ ओटा सार्वजानिक शौचालय सञ्चालन भएतापनि अन्य वडाहरुमा रहेको देखिदैन ।

### ४.२.१ जग्गा विकास कार्यक्रम (Land Development Program)

शहरी विस्तार क्षेत्र नीतिले शहर (वस्ती) लाई कुन क्षेत्र तर्फ क्रमश: विस्तार गर्दै लाने भन्ने दिशा मात्र निर्देश गरेको हुन्छ। पूर्वाधार लगानी नीति अनुरुप भौतिक पूर्वाधार योजनाको निर्माण गरिएमा वस्तीहरु जथाभावी छरिएर विकास हुनबाट नियन्त्रण गर्न सक्दछ। तर प्रस्ताव गरिएका विस्तार क्षेत्रको व्यवस्थित तवरले विकास गर्न (प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरु लगायत भौतिक तथा पूर्वाधारको निर्माण आदि) निम्न अनुसार जग्गा विकास कार्यक्रहरु संचालन गर्नुपर्ने हुन्छ।

(क) निर्देशित जग्गा विकास कार्यक्रम (Guided Land Development Programme)

(ख) जग्गा एकीकरण कार्यक्रम (Land Pooling Programme)

(ग) घडेरी तथा सेवा सुविधा कार्यक्रम (Site & Services Programme)

आवधिक योजना तर्जुमा गर्ने समयमा माथि उल्लेखित के कस्ता जग्गा विकास कार्यक्रमहरु नगर क्षेत्रमा संचालन गर्न सकिन्छ त्यस्ता क्षेत्रको पहिचान गर्ने कार्य मात्र गर्न सकिन्छ। त्यस्ता क्षेत्रहरूको पहिचान गर्दा प्रस्तावित शहरी विस्तार क्षेत्रलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ। जग्गा विकास कार्यक्रम सम्वन्धी थप जानकारी तल उल्लेख गरिएको छ।

#### (क) निर्देशित जग्गा विकास कार्यक्रम (Guided Land Development Programme):

निर्देशित जग्गा विकास कार्यक्रम विशेष गरी बस्तीहरूको विकास भइसकेको र निकट भविष्यमा हुने क्षेत्रहरूमा बाटोघाटो चौडा गर्न र नयाँ बाटो खोल्न संचालन गरिने कार्यक्रम हो। विद्यमान बस्तीहरू योजना विना नै आफैं विकास हुँदै आएको हुनाले यस्ता बस्तीहरूका बाटाघाटाहरू साँघुरा र नागवेली प्रकारका छन्। आपतकालीन अवस्थामा (जस्तो आगलागी हुँदा दमकल लैजान र विरामी पर्दा एम्वुलेन्स वा ट्याक्सी प्रवेशको लागि) यस्ता बाटाहरू बाधक बनेका हुन्छन्। तसर्थ यस्ता बस्तीका बासिन्दाहरूले आफ्नो इलाकामा बाटो

चौडा गरी आवागमन सहज बनाई सुधार गर्न आवश्यकता अनुसार केही जग्गा र कहीं कहीं घर, टहराको केही अंश समेत भत्काउन पछि पर्न हुँदैन । जग्गाधनी र घरधनीको अनुमति बेगर यस्ता कार्यक्रमहरू संचालन गर्न सकिँदैनन् ।

जग्गा विकास कार्यक्रममा जग्गा अधिग्रहण गर्ने र जग्गा एकीकरण गर्ने जस्ता केही कार्य गर्नु पर्दैन । जग्गा र घरधनीको सहमतिमा नगर विकास समितिले बाटो चौडा गरिदिने कार्य गर्दछ । यस कार्यक्रम अन्तर्गत कुनै कुनै ठाउँमा नयाँ बाटो खोल्ने कार्य पनि हुन्छ । स्थानीय स्वायत्त ऐन, २०५५ वमोजिम जग्गा विकास सम्बन्धी काम नगरपालिका आफैले गर्न सक्छ ।

### (ख) जग्गा एकीकरण कार्यक्रम (Land Pooling Programme):

जग्गा एकीकरण कार्यक्रम संचालन गर्न जग्गा अधिग्रहण गर्नुपर्दैन । जग्गा एकीकरण गरिने क्षेत्र भित्रका घर जग्गाको किनबेच धनीहरूको अनुमतिमा केही समयको लागि बन्द गरिन्छ । यस अवधि भित्र एकीकरण गरिएका सम्पूर्ण जग्गालाई एउटै चाक्लाका रूपमा मिलाएर बाटोघाटो, ढल, टेलिफोन, चउर आदि सुविधाहरू निर्माण गर्ने कार्य हुन्छ । पूर्वाधार सुविधा निर्माण गर्नको लागि केही जग्गा बिक्री गरिन्छ र सो जग्गाबाट प्राप्त रकमबाट उक्त निर्माण कार्य सम्पन्न गरिन्छ ।

पूर्वाधार निर्माणको लागि चाहिने खर्च खुला क्षेत्र तथा सडक आदिमा जाने जग्गाको मोल हिसाब गर्नुपर्दछ । यस अतिरिक्त जग्गाधनीले कति जग्गा दिनुपर्ने हो सो समेत पहिल्यै यकिन गर्नुपर्दछ । जग्गाधनीहरूले योजनाले निर्धारित गरे अनुसार जग्गा दिए बापत पछि विकसित घडेरी पाउँछन् । विकसित घडेरीको (सबै पूर्वाधारयुक्त) बजार मूल्य पहिला को भन्दा धेरै गुणा बढी हुने हुनाले जग्गाधनीहरू यस कार्यक्रमबाट प्रत्यक्ष रूपले लाभान्वित हुने हुन्छन् । यसरी जग्गाधनीहरूको सहमति र अनुमति बेगर संचालन नहुने यो कार्यक्रमबाट जग्गाधनीहरू प्रत्यक्ष लाभान्वित हुने हुँदा यो कार्यक्रम अहिले अत्यन्त लोकप्रिय सावित भएको छ ।

यो कार्यक्रमको राम्रो पक्ष भनेको नै जग्गा अधिग्रहण गर्नुनपर्ने भएकोले मुआब्जा वितरण गर्ने जस्तो झन्झट यसमा झेल्नुपर्दैन । तुलनात्मक हिसाबले योजना चाँडो सम्पन्न हुने हुनाले जग्गाधनीले एकातिर चाँडो फाइदा हासिल गर्न सक्दछ भने अर्कातिर बजारमा विकसित घडेरीको आपूर्ति हुन गई व्यवस्थित शहरीकरणको प्रयासमा समेत यसले निकै ठुलो टेवा पुऱ्याउने हुन्छ ।

### (ग) घडेरी तथा सेवा सुविधा कार्यक्रम (Site & Services Programme):

यो कार्यक्रम कार्यान्वयन गर्नको लागि कुनै निश्चित ठाउँ (जहाँ घडेरी तथा सेवा सुविधा कार्यक्रम गर्न प्रस्ताव गरिएको छ) जग्गा अनिवार्य रूपले अधिग्रहण गर्नुपर्दछ । योजना क्षेत्रको लागि आवश्यक जग्गा अधिग्रहण गरेपछि जग्गा तथा घरधनीलाई तोकेको मुआब्जा दिनुपर्दछ । यसरी अधिग्रहण गरेपछि योजनामा व्यवस्था गरिए अनुसारको बाटोघाटो, ढल, टेलिफोन, खानेपानी, खुला चौर आदि निर्माण गर्ने कार्य हुन्छ । व्यवस्थित बसोबासका हिसाबले चाहिने प्राय: सम्पूर्ण सेवा सुविधाहरूको व्यवस्था र निर्माण कार्य सम्पन्न

भइसकेपछि यस्ता विकसित घडेरीहरू (एकै किसिमको वा विभिन्न किसिमको) निर्धारित मूल्यमा निश्चित नीति अन्तर्गत रही बिक्री वितरण गरिन्छ। विकसित घडेरीको मूल्यमा अधिग्रहणको मुआब्जाको रकमका साथै पूर्वाधार विकास निर्माणमा लागेको खर्च, खुला चौरको लागि छाडेको जग्गाको मूल्य आदि जोडिन्छ। तसर्थ विकसित घडेरीको मोल सुरुको अधिग्रहणको मोल भन्दा धेरै गुणा बढ्नु स्वाभाविक छ। काठमाडौंको कुलेश्वर र गल्फुटारमा संचालित आवास योजनाहरू यसका उदाहरणहरू हुन्।

## ४.३ शहरोन्मुख बस्तीहरूको वर्तमान स्वरुप

मिथिला नगरपालिकाको जलवायुको आधारमा बसोबासको लागि उपयुक्त मानिएको छ। सिंचाई परियोजनाको नहर निर्माणबाट नहर प्रणालीसँगै सडक प्रणालीको समेत समानान्तर विकास भएको र शिक्षा, स्वास्थ्य जस्ता सुविधाहरू समेत अन्य नगरहरूको दाँजोमा सुलभ रहेको सन्दर्भमा नगरका शहरी क्षेत्रको वरपरमात्र नभई ग्रामीण क्षेत्रमा समेत बस्ती एवं बस्ती श्रृंखलाहरूको विकास तिब्ररुपमा भइरहेको छ। हुलाक, टेलीफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथसाथै आन्तरिक बस सेवाको सुगम यातायात सुविधा हुनाले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुऱ्याइरहेको पाइन्छ। यसका साथै विभिन्न नगरहरुले आफ्ना आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा हाट बजारको व्यवस्थापन गर्ने काम भएता पनि स-साना व्यापारिक केन्द्रका रुपमा बस्तीहरूको विकास भइरहेको छ।

नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा हाट बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशितरुपले मूल्य बृद्धि भइरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ।

नगर क्षेत्रहरुको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरु लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरु संचालन गर्नु पर्दछ। यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्तावना गरिएका क्षेत्रहरुलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ।

नगरको कुल ७,४३४ परिवारहरू मध्ये, घरको जग सिमेन्टको जोडाइ भएको इट्टा, ढुङ्गा भएको १४.७७ प्रतिशत र पक्की पिलर भएका घरधुरी ४.१० प्रतिशत, बाहिरी गाह्रो सिमेन्टको जोडाइ भएको घरधुरी २०.१० प्रतिशत र सिमेन्ट ढलान छाना भएका घरधुरी ५.९५ प्रतिशत छन्। नगरमा कुल १४० (१.८८ प्रतिशत) परिवारहरू मात्र घर भाडा लिई बसेका छन् भने ७,१२५ (९५.८४ प्रतिशत) परिवारको आफ्नै घर रहेको छ। नगरभित्र ५७ (०.७७ प्रतिशत) घरहरू विभिन्न संस्थाहरूले उपयोग गरेका छन्। शहरोन्मुख बस्ती विकासको सन्दर्भमा नगरपालिका साथै सम्बन्धित विषयगत कार्यालयहरू र हाल विभिन्न नामबाट गठन भइरहेका नगर

विकास समिति एवं बजार व्यवस्थापन समितिहरूले पनि बेलैमा सार्वजनिक जग्गाको व्यवस्थापनमा आवश्यक सेवा सुविधा प्रदान गर्ने तर्फ ध्यान दिनु आवश्यक देखिन्छ।

## ४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू

बढ्दो जनसंख्या सँगै तीव्र गतिमा विकास भैरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- ✓ बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा बर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन। यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ।
- ✓ बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। विकासोन्मुख बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठुला बस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु हाट बजारको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ। खोलानालामा ढल निकास गरी पानी प्रदुषण भइरहेको हुँदा प्रशोधन प्रणालीको विकास हुनुपर्ने देखिन्छ।
- ✓ सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुनु सकेको छैन।

## ४.५ भू-क्षय सम्भावित क्षेत्र

नगरका नदी तथा खोला किनारका भागहरु भू-क्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। मानिसको अत्याधिक बसाई सराईका कारणबाट नगर क्षेत्रमा परिरहेको वनविनासको चाप, अनियन्त्रित डढेलो, चरीचरन राख्ने प्रबृत्ति एवं अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई बस्ती एवं खेती तर्फ अनियन्त्रित बाढीको प्रकोप केन्द्रीत भएको छ। खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी भएकोले खोलाको सतह गहिरिदैं जाँदा आसपासका क्षेत्रहरुमा कटान तथा भू-क्षयको सम्भावना बढ्दो देखिन्छ। मूलत: नगरका खोलाहरूको वरिपरी नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानविय गतिविधिले र अनुत्पादक पशुहरूको चापले यो संवेदनशिल क्षेत्रमा भू-क्षयको दृष्टिकोणले प्रतिकुल प्रभाव पारेको छ। त्यस्तै, अल्पकालिन, मध्यकालिन र दीर्घकालिन उपायहरू अबलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालिन उपायको रुपमा स्पट एवं तटबन्ध निर्माण गर्ने मध्यकालिन उपायको रुपमा प्रभावित क्षेत्रको वरिपरी वृक्षारोपण गर्ने र दीर्घकालिन उपायको रुपमा सम्पूर्ण खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्ने तर्फ काम अगाडि बढाउनु पर्ने देखिन्छ। उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ।

## ४.७ नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

तालिका नं. २४: नगरमा हुन सक्ने संभावित प्रकोपको विवरण

| क्र स | संभावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र नगरपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रुपमा लागु नभएको | जुनसुकै समयमा |
| २ | बाढी | नगरमा विशेषत: साना ठुला नदि/खोलाहरु बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरुले आसपासका भुभागहरू बर्षेनी डुवान र कटान गरि क्षति पुऱ्याईरहेको छ। बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |
| ३ | आगलागी | नगरको धेरै जसो भु–भागमा घनावस्ती रहेका (सुकुम्वासी, मुक्त कमैया, बाढी विस्थापित) लगाएतका अति विपन्न समुदायका घरहरु सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, खाना पकाउने कोठाका भित्ताहरू माटोले नपोत्नु, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको। | चैत्र–जेष्ठ |
| ४ | महामारी | बाढी पश्चात पूर्ण प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ५ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ६ | शितलहर | चिसोको मात्रा बढ्दै गएको समयमा विपन्न वस्ती बढी प्रभावित | पुस –माघ |
| ७ | जंगली जनावर आतंक | नगरको वनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरु | जुनसुकै समयमा |
| ८ | मौसमी सुख्खा | पानी नपरेमा नहरको सिचाईं नपुगेका भागहरु | असार –भदौ |
| ९ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| १० | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ नगर अर्थतन्त्रको संरचनात्मक स्वरुप

नगरको अर्थतन्त्र मुख्यतया: कृषि, वन, मत्स्यपालन, उद्योग, ग्याँस, पानी, निर्माण, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट तथा समतल भएको यस नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको तराईको क्षेत्र भएको हुँदा नगरमा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। नगरका सबै वडाहरुमा रणनीतिक तथा शहरी सडक सञ्जालका कारण नगरका सबै वडा तथा जिल्लाभित्रका सबै गाविसहरूमा पहुँच सहज बनाएको छ। त्यसैगरी नगरमा ठूलो संख्यामा रहेका तालहरूसहितको सीमसार क्षेत्र, वनजंगल तथा जैविक विविधताले जिल्लाको विकासमा थप सम्भावना बोकेका छन्। मिथिला नगरपालिकामा क्षेत्रीय आकर्षण रहनु, जिल्लाको विकासका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू कार्यरत रहनु, सुशासन तथा पारदर्शिताका लागि विभिन्न ऐन, कानुन, नीति, नियम कार्यान्वयनमा रहनुलगायत विभिन्न अवसरहरू नगरको विकासका लागि रहेका छन्। मील, फर्निचर उद्योग, धागोको उद्योग, क्रेसर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन्। यस नगरका मानिसहरु उल्लेखनीय रुपमा औद्योगिक विकास तर्फ लागिरहेका देखिन्छ। यस नगरको अर्को मुख्य आर्थिक आधार वैदेशिक रोजगार रहेको देखिन्छ। यद्यपि यो सकारात्मक भने होइन।

प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं साँस्कृतिक विविधताले भरीपूर्ण रहेका कारण नेपालको आकर्षण गन्तव्यहरु मध्ये कैलाली जिल्ला र विशेषत: मिथिला नगरपालिका महत्वपूर्ण स्थान रहेको छ। मिथिलामा विभिन्न किसिमका जातजातिको विभिन्न किसिमका संस्कृति, रहनसहन तथा चाडपर्वलगायत उल्लेख्य संख्यामा रहेका धार्मिक, पौराणिक महत्वका स्थलहरू नगरका प्रमुख पर्यटकीय आकर्षणको रुपमा रहेका छन्। पर्यटन व्यवसाय, ट्राभल एजेन्सी, ट्रेकीङ्ग एजेन्सी, होटेलहरु, होमस्टे, मील, फर्निचर उद्योग, पशुपालन आदि यस नगरमा रहेका मुख्य व्यवसायहरु हुन्। यस नगरका मानिसहरु उल्लेखनियरुपमा औद्योगिक विकास तर्फ लागिरहेका देखिन्छ। साथै यो नगर पर्यटकीय तथा व्यापारिक दृष्ट्रिकोणबाट विशेष महत्वपूर्ण मानिन्छ। मिथिला नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको तराई क्षेत्र भएको हुँदा नगरमा ग्रामिण परिवेश भएका अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। यस परिवेशमा आधुनिक कृषि तथा पशुपालनलाई बढि जोड दिनुपर्दछ।

## ५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

तालिका नं. २५: आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| कुल जनसंख्या | १५ वर्षदेखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्या | | आर्थिकरुपले सक्रिय जम्मा जनसंख्या |
|---|---|---|---|
| | पुरुष | महिला | |
| ४१,०३० | १२,०६९ (५०.४६%) | ११,८४७ (४९.५४%) | २३,९१६ (५८.२९%) |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

नगरमा १५ वर्ष देखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ। जसमा पुरुषको संख्या १२,०६९ (५०.४६ प्रतिशत), महिलाको संख्या ११,८४७ (४९.५४ प्रतिशत) देखिन्छ। आर्थिकरुपले सक्रिय जनसंख्यामा लैगिंक भिन्नता खासै देखिदैन। नगरको कुल जनसंख्याको २३,९१६ अर्थात् ५८.२९ प्रतिशत जनसंख्या आर्थिकरुपले सक्रिय छन्। आर्थिक रुपमा निस्कृय जनसंख्या २८.७७ प्रतिशत देखिन्छन्। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।

## ५.३ आश्रित जनसंख्याको विवरण

तालिका नं. २६: आश्रित जनसंख्याको विवरण

| जनगणना वर्ष | आश्रित बालबाबिालका (०-१४) | | आश्रित वृद्धवृद्धाहरु (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| २०६८ | १३८९६ | ८१.२० | ३२१८ | १८.८० | १७११४ | ४१.७१ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

नगरमा आश्रित जनसंख्या ०-१४ वर्ष उमेर समूहका आश्रित बालबालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या र प्रतिशतलाई देखाइएको छ। जसमा आश्रित बालबालिकाको संख्या १३८९६ (८१.२० प्रतिशत), आश्रित बृद्धबृद्धाहरुको संख्या ३,२१८ (१८.८० प्रतिशत) देखिन्छ। कुल जनसंख्यामध्ये जम्मा आश्रित जनसंख्या १७,११४ (४१.७१ प्रतिशत) देखिन्छ। जसको विस्तृत विवरण तालिका उल्लेख गरिएको छ।

## ५.४ कृषि

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ। ग्रामीण जनताहरुको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ। खाद्यान्न तथा नगदे बालीहरु फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरु कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्थरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि तथा सहकारी मंत्रालय र केन्द्रीत तथ्याङ्क विभाग रहेका छन्। स्थानीय उत्पादनको बृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।



तुलनात्मक रुपमा हेर्दा पुरुषहरू यस पेशाबाट विमुख हुँदै अन्य पेशातर्फ आकर्षित भएको देखिन्छ। यसो हुनुमा अन्य पेशाबाट आम्दानीमा बृद्धि हुनु र खेती योग्य जमिनको अभाव विस्तारै सिर्जना हुनु पनि हो। कृषि क्षेत्रमा आधुनिकीकरण नहुनु, बजार व्यवस्थाको अभाव, सिंचाईको व्यवस्था नहुनु तथा अन्य जीवनशैली जटिल बन्दै जानुले यस क्षेत्रबाट विमुख हुनाको केही प्रमुख कारण हुनुपर्दछ।

नगरको ठूलो क्षेत्रफल समथर भूभागले भरिएको हुँदा कृषिका लागि प्रशस्त मात्रामा उपयोगी क्षेत्र रहेको छ। सामान्यत: कृषि प्रणालीमा मुख्य अन्न बालीहरु धान, मकै, गहुँ आदि हुन् । यस्तै दलहन बालीमा अडहर, मास, मसुरो, केराउ, चना उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, अर्सी, तिल उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यीनको उत्पादकत्व पनि बढी छ । नगरमा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ । मिथिला उपमनपाले कृषि क्षेत्रको तर्फबाट पनि आफ्नो आर्थिक वृद्धिदर कायमनै राखेको छ ।

### (क) हिँउदे बाली

नगरमा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरुमा कोदो,फापर, जौ, उखु, मसुरो, चना, अरहर, मास, गहन, राजमा, भटमास, मुङ, तोरी, तिल, आलस, केरा, सुन्तला जात, आँप, अम्बा, लिचि, कटहर, आरु, नास्पति, हिउँदे तरकारी, बसन्ते तरकारी, वर्षे तरकारी, आलु, मसला बाली, माछा रहेका छन् ।

### (ख) वर्षे बाली

नगरका प्रमुख वर्षे बालीहरुमा धान, मकै, कोदो, फापर, दलहन, भटमास, मास, मुग, गहन, अन्य तरकारी, वर्षे तरकारी, आलु, फलफूल, सुन्तला, कागती निबुवा, स्याउ, ओखर, केरा, मसला बाली, अदुवा छन् ।

## ५.४.२ कृषक समूहको विवरण

तालिका नं. २७: कृषक समूहको विवरण

| कृषक समूह संख्या | | | | सदस्य संख्या | | | हितकोष रकम रु. |
|---|---|---|---|---|---|---|---|
| कुल | महिला | पुरुष | मिश्रीत | कुल | महिला | पुरुष | |
| १८२ | २७ | ४१ | ११४ | २,८३४ | ९३६ | १८९८ | ११,६९,२१९ |

*स्रोत: वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्याङ्क पुस्तिका, २०७१/०७२*

यस नगरपालिकामा रहेको प्रमुख व्यापारिक केन्द्र ढल्केवरमा रहेको ढल्केवर कृषि स्रोत केन्द्रमा ५ वटा कृषक समूहहरु रहेको पाइन्छ । नगरमा मिश्रीत कृषक समूहहरुको संख्या ५ देखिन्छन् । यही आर्थिक वर्षसम्ममा यी समूहहरुको हितकोषको रकम ११ लाख ६९ हजार २ सय १९ संकलन गरी केही रकम कृषि प्रयोजनको लागि प्रयोग गरिएको छ । यसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

## ५.४.३ कृषी बालीमा लाग्ने रोग

नगरको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदी नै मुख्य रुपमा रहेको छ । सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरु देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरु देखिन्छन् । यसैगरी मकैमा डाठ वा धोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटब्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरु मुख्य रुपमा देखा पर्दछन् । फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक पात गुजुमुज्ज हुने, क्याक रोग, जरा कुहिन, ओइलाउने आदी रोगहरुको प्रकोपबाट कृषकहरु समस्यामा परेका छन् । मुख्य बालीहरुमा लाग्ने शत्रु जीव र रोगहरुको विस्तृत विवरण तलको तालिकामा राखिएको छ ।

तालिका नं. २८: विभिन्न बालीमा लाग्ने रोग विवरण

| क्र.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | धान | गवारो, पात बेरुवा, पात कटुवा, हरियो फडके, खैरो फड्के, स्किपर, पतेरो, मिलिवग, निमाटोड, ढुङ्गे, फट्याङ्ग्रा | मरुवा, डढुवा, खैरो, थोप्ले, सिथ ब्लाइट, खैरे रोग |
| २ | गहुँ | कटवर्म, वायरवर्म, लाही | कालो पोके, सिन्दुरे, खैरा |
| ३ | मकै | खुम्रे, फेद वटुवा, गवारो, फट्याङ्ग्रा, लाही | डाठ कुहिने, घोगा कुहिने, कालोपोके |

| | | | |
|---|---|---|---|
| ४ | आलू | लाही, फेद कटुवा, खुम्रे, रातो कमिला, धमिरा, आलुको पुतली | लेटव्लाइट, मोजाइक, ओइलाउने रोग, खोस्टे रोग, डढुवा |
| ५ | तरकारी | भण्टाको गवारो, लाही, वन्दाको पुतली, टमाटरको फलको गवारो, फल कुहाउने औसा, सुलसुले, रातो खपटे, डल्ले खपटे, थ्रिप्स, खुम्रे | ओइलाउने रोग, अल्टरनोरिया, क्लवरट, ड्याम्पिङ्ग अफ, डाइ ब्याक, जरा कुहिने, पाउडरी मिल्ड्यू |
| ६ | फलफूल | आपको मधुवा, गवारो, फल कुहाउने औसा सुलसुले, अनारको पुतली, होपर | एनथ्राक्नोजा, ससेतो ढुसी, डाईव्याक, आँपको गुच्चा हुने, डाउनी मिल्ड्यू |
| ७ | केरा खेती | केराको स्किपर, थाम र गानोका गवारा तथा घुनहरु, खपटे | जरा कुहिने रोग, ओईलाउने रोग, गुवो कुहिने, डढुवा, बन्चिटप |

### ५.४.४ कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरुको विवरण

कृषि प्रबिधि बिस्तारको उद्देश्यलाई सहयोग गर्दै कृषकको कृषि प्राविधिकसम्मको पहुँचलाई सरल बनाउन मिथिला नगरपालिकामा निम्नानुसारका कृषि सेवाकेन्द्रहरू स्थापना गरिएका छन् ।

तालिका नं. २९: कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण

| सि.नं. | कृषि सेवाकेन्द्र र सम्पर्कस्थल | कार्यक्षेत्र गा.पा./न.पा. |
|---|---|---|
| १ | ढल्केवर | मिथिला नगरपालिकाका सबै वडाहरु |

*स्रोत: वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्याङ्क पुस्तिका, २०७१/०७२*

### ५.४.५ माछापालन सम्वन्धी विवरण

तालिका नं. ३०: माछापालन सम्वन्धी विवरण

| क्र. सं. | कृषि सेवा केन्द्र | साविकका गा.वि.स./न.पा. | क्षेत्रफल (हे.) | पोखरी संख्या | संलग्न कृषक संख्या |
|---|---|---|---|---|---|
| १ | ढल्केवर | ढल्केवर | १.२ | ३ | ३ |
| २ | | वेगाडावर | १.३ | ७ | ७ |
| ३ | | नक्टाझिझ | ३.२ | ७ | ९ |
| ४ | | पुस्पलपुर | १.० | ४ | ३ |
| ५ | | तुल्सी | ०.१ | २ | १ |
| | जम्मा | | ६.८ | २३ | २३ |

*स्रोत: वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्याङ्क पुस्तिका, २०७१/०७२*

सावकिका गा.वि.स. अनुसार पुरा तथ्यांक प्राप्त नभएकोले तथ्यांक प्राप्त भएका संख्या तालिकामा उल्लेख गरिएको छ । जिल्ला कृषि विकास कार्यालयको तथ्यांक अनुसार यस नगरमा २३ माछा पोखरीमा २३ कृषकहरु संलग्न रहेका छन् । जसले ६.८ हेक्टर क्षेत्रमा मत्स्यपालन गरेको पाइन्छ । यसैगरी नगरका धेरै ठाउँहरुमा प्राकृतिक ताल तलैयाहरु भएको र थप केही अन्य संभावित ठाउँहरुमा ताल निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारका अवसरहरु बढ्ने र खासगरी भारतबाट आयात गरिएका माछाहरु प्रतिस्थापन भै स्वदेश कै माछाले बजार लिने सम्भावना देखिन्छ ।

## ५.४.६ बाली पात्रो

तालिका नं. ३१: बाली पात्रो

| क्र.सं. | बाली | बाली लगाउने समय | बाली भित्र्याउने समय |
|---|---|---|---|
| १ | धान वर्षे | जेष्ठ/ आषाढ | असोज / कार्तिक |
| २ | मकै वर्षे | जेष्ठ / आषाढ | भदौ / असोज |
| ३ | मकै बसन्ते | माघ / फागुन | जेष्ठ / वैशाख |
| ४ | गहुँ | कार्तिक / मंसिर | चैत्र / वैशाख |
| ५ | तोरी | असोज / कार्तिक | माघ / फागुन |
| ६ | आलु | असोज / कार्तिक | माघ / फागुन |
| ७ | मसुरो | कार्तिक / मंसिर | फागुन / चैत्र |
| ८ | उखु | माघ / फागुन | पौष / माघ |
| ९ | चना | असोज / कार्तिक | फागुन / चैत्र |
| १० | मकै हिउँदे + तोरी | असोज / कार्तिक | पौष / माघ |
| ११ | सुर्यमुखी | माघ / फागुन | जेष्ठ / आषाढ |
| १२ | तरकारी वर्षे | जेष्ठ / आषाढ | भदौ / असोज |
| १३ | तरकारी हिउँदे | भदौ / असोज | मंसिर / फागुन |
| १४ | तरकारी बसन्ते | पौष / माघ | वैशाख / आषाढ |

*स्रोत: सेवाकेन्द्र स्तरिय प्रोफायल, २०७१/०७२*

## ५.४.७ कृषि बजारीकरण

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरुले असंगठीत रुपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै कृषि उपजहरुको बजारीकरण प्रचलन विकास हुन थालेको छ । नगर निर्माणका प्रारम्भिक दिनदेखि यहाँका कृषिजन्य वस्तु बजारीकरणका ढाँचाहरु विभिन्न खालका

अभ्यासमा आएका छन् । यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरुले कृषि बजारको क्रमिक विकासमा टेवा पुऱ्याएका छन् । हालसम्म बजारीकरण ढाँचामा विभिन्न कृषि बजारीकरणका मोडलहरु विकास र अभ्यास भएको देखिन्छ । कृषि उपज बजारीकरणका ढाँचाहरुले एकले अर्कोलाई विस्थापन गरेका छैनन्, तर एकले अर्काको विकास गर्न परिस्थिति निर्माण गरेका भने पक्कै छन् । नगरमा विभिन्न हाटबजारहरुबाट कृषि लगायत अन्य वस्तुहरुको (तरकारी, आलु, फलफूल तथा माछा) बजारीकरण हुने गरेको देखिन्छ ।

तालिका नं. ३२: बजारको नाम र प्रकृति (थोक, हाट, संकलन केन्द्र)

| क्र.सं. | बजारको नाम | प्रकृति | वडा नं |
|---|---|---|---|
| १ | ढल्केवर बजार | सबै किसिमका (थोक, खुद्रा) | |
| २ | लालगढ बजार | तरकारी ( थोक, खुद्रा) | |

*स्रोत : मिथिला न.पा. कार्यलय, धनुषा*

## ५.४.१० कृषि पकेट क्षेत्रको बिबरण

तालिका नं. ३४: कृषि पकेट क्षेत्रको विवरण

| क्र. सं. | व्यबसायिक पकेट क्षेत्र | पकेट क्षेत्र | पूर्वाधार सुविधा बाटो, विजुली, सिंचाई, बजार सुविधा छ/छैन |
|---|---|---|---|
| १ | माछा | मिथिला न.पा. वडा नं ४, ५ र ६ ढल्केवर | छ |
| २ | फलफुल | मिथिला न.पा. वडा नं ९, पुस्पलपुर | छ |
| ३ | तरकारी | मिथिला न.पा. वडा नं ४, ५ र ६, ढल्केवर | छ |

*स्रोत: वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्याङ्क पुस्तिका, २०७१/०७२*

मिथिला नगरपालिकामा कृषि पेशा अगाल्ने परिवारको संख्या उच्च रहेको छ । कृषि पेशामा संलग्न श्रम शक्ति उच्च रहेको यस नगरमा कृषि व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले नगरमा विभिन्न क्षेत्रलाई कषि पकेट क्षेत्रको रुपमा विकास गरी नगदे, तरकारी, फलफुल, खाद्यान्न, मत्स्य पालन, उखुजस्ता कृषि उत्पादनको वृद्धि गर्न सक्ने प्रसस्त सम्भावना देखिन्छ ।

## ५.४.१२ जग्गाको उर्वराशक्ति

नगरको ठूलो क्षेत्रफल समथर भूभागले ओगटेकोले कृषि उत्पादनको लागि उर्वर भूमि प्रशस्त रहेको छ । विगतमा मिथिला नगरपालिकामा रहेका उर्वरा क्षेत्र हाल शहरीकरणको प्रभावसंगै उर्वरभूमि सागुरिदै गएको देखिन्छ । नगरको समथर भूभागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको क्षेत्रहरुमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ ।

## ५.५ सिंचाइ

नगर सतह एवं भुमीगत जल सिंचाईको स्रोत पर्याप्त मात्रामा रहेको छ। कृषिको लागि उर्वर माटो भएको र नगरमा ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिचाई सुविधा पुर्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त बृद्धि हुने देखिन्छ।

भूमिगत सिचाई : नगरमा भुमीगत रुपमा रहेको जलस्रोतलाई उपयोग गर्न र लगानी र प्रतिफलको हिसावले तत्काल सतह सिचाईमा जान नसकिने ठाउँहरूमा जमिनमुनीको पानीलाई प्रयोग गरी सिंचित गर्नु उपयुक्त देखिन्छ।

तालिका नं. ३८: साान सिंचाई निर्माण तथा मर्मत संम्भार आ.व. २०७२/७३ प्रगती विवरण

| सि. नं. | समुह सहकारीको नाम | वडा नं | कूल लागत रकम | सिंचााई हुने क्षेत्रफल हे. | लाभान्वीत घरधुरी संख्या | लाभान्वीत जनसंख्या संख्या | आयोजनाको किसिम |
|---|---|---|---|---|---|---|---|
| १ | कुश्मेश्वर नाथ कृषि सं.लि. | ७ | ८२,५०० | २.४ | ५ | २९ | विद्युत मोटर |
| २ | कालिका बालि बि.कृ.स. | १ | ११६१३२ | ९ | १९ | ८७ | कुलो जिर्नोधार |
| ३ | धनेश्वर कृषि स.सं.लि. | ८ | ९९३१६ | १४ | १९ | ९१ | ईनार निर्माण |
| ४ | जागृती दलित कृ.स.सं.लि. | ६ | ६४९१८ | १.७ | ७ | ३२ | विद्युत मोटर |
| ५ | श्री कृष्णा कृषि स.सं.लि. | ७ | १८२८०९ | ३.५७ | ८ | ३७ | विद्युत मोटर |

*स्रोत: वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्याङ्क पुस्तिका, २०७१/०७२*

## ५.६ पशुपालन

नगरमा विशेषगरी गाई, भैंसी, बाखा, सुँगुर नै यहाँका मुख्य घरपालुवा जनावर हुन। यसबाट नगरबासीहरुको जीविकोपार्जनमा उल्लेख्य सुधार भैरहेको छ। पशुजन्य उत्पादनहरु जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, बंगुर, खसी, बोकाहरुको बिक्रीबाट आम्दानी बढेको देखिन्छ। यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाइ, भैसी, कुखुरा फार्महरु लगायतका कृषिजन्य उद्योगहरु रहेका छन। त्यस्तै गरि भेटेनरी सेवा पनि नगरमा उपलब्ध रहेको छ। नगरमा पशुपालन अधिक मात्रामा हुने गरेको देखिन्छ।

### ५.६.१ पशु नश्ल

नगरमा पालन गरिने मुख्य पशुपंक्षीहरुमा गाई, भैंसी, बाख्रा, भेंडा र बंगुर रहेका छन्। सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरुको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ। गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाख्रा र बंगुरतर्फ उन्नत जातका भालेहरुसँग प्रजनन् गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरुमा वर्णशंकरको संख्या बढ्दो छ । तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । त्यसैगरी ठूलो संख्यामा रहेका कम उत्पादक जनावरहरुले अपेक्षाकृत बढी उत्पादक जनावरहरुको आहारा खाई दिनु तथा सबै न्यून उत्पादक जनावरहरुलाई हटाएर उन्नत जातको जनावर किनेर पाल्नु न त सम्भव छ, न व्यवहारिक हुन्छ । तसर्थ नश्ल सुधारमार्फत् नयाँ जन्मिएका जनावरका बच्चाहरुलाई भविष्यको राम्रो माउ हुने कुरा मध्यनजर गरी थप कार्यक्रमहरु संचालन गर्नु आवश्यक छ।

सारांशमा, विगतका वर्षहरुमा नगरको पशुपालन क्षेत्रले राम्रो फड्को मारेको छ जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणत्मक विकास सम्भव भएको छ। तर हालको परिमाणात्मक विकासको गति सुस्त छ।पशु पालन क्षेत्रमा क्रमिक रुपमा व्यवसायिकता थपिएको छ तरपशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाईंदैन। त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको पनि एकदम खाँचो सर्वत्र महसुस गरिएको छ। पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरुको उत्पादकत्व अति न्युन हुनु, युवा वर्गहरु विदेश पलायन हुनु र सो अनुरुप पशुपालनमा यान्त्रिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पुँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन।

### ५.६.२ पशुपंक्षीमा लाग्ने रोगहरु

कृषकहरुको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको पशुपंक्षीहरुको पालन यस नगरपालिकामा निकै बढी मात्रामा रहेको देखिन्छ। नगरमा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धि र जुका पर्दछन्। नगरको वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत पिपिआर स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस नगरमा त्यत्तिकै रहेको पाइन्छ। यसका कारणहरूलाई हेर्दा, पशुको अवैध आवत जावत, दयनिय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ। यि रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास गरेको देखिन्छ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस नगरका किसानहरूले खोप लगाउने गरेको पाइन्छ। तापनि यी रोगहरू फाटफुट रुपमा देखिने गरेको छन। नगरमा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य समेत

नगरका विभिन्न वडाहरूमा समेत संचालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ। सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फैलिएको पाइँदैन । तथापी यहाँका पशुपंक्षीहरुमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीज जस्ता रोगहरुको प्रकोप रहेको छ भने पंक्षीहरुमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रुपमा लाग्ने गरेको छ।

### (ख) गाई/भैंसी फार्महरुको विवरण

नगरभित्र डेरी फार्म तर्फ आएको व्यवसायिकता कृषकहरुको विगतका तिन वर्षदेखिको प्रयासको प्रतिफल हो। डेरी फार्म तर्फ वस्तु भाउ पालनका ३ थरीका मोडेलहरु पाईन्छ। धेरै जसो कृषकहरु गाई पालन फार्म संचालन गरेको पाईन्छ भने कतिपय कृषकहरु व्यवसायिक भैंसी पालन तर्फ आकर्षित भएका छन्। केही कृषकहरु भने दुधमा फ्याटको मात्रा बढ्न गई राम्रो मुल्य पाइने सोचले गर्दा एउटै फार्म भित्र गाई र भैंसी दुवै थरी जनावर पालन गरेको पाईन्छ।

यस नगरमा डेरी पालनतर्फ हाल धेरै ठूला लगानीका फार्महरु छैनन्। त्यसै गरी फार्महरुको यान्त्रिकरण तर्फ पनि प्रगति अति नै न्युन रहेको पाईन्छ। त्यस कारण, समग्रमा भन्नु पर्दा नगरमा दुग्ध तर्फ परिमाणात्मक विकास हालसम्म हावि रहेको छ।

## ५.६.५ नगरमा दुग्ध बजारीकरण

मिथिला नगरपालिकामा पशुपालन एक प्रमुख पेशाको रुपमा रहि आएको छ। दुग्ध विकासको कुरा गर्दा बजार, शहरमा साइकल र मोटरसाइकलबाट दुध ल्याएर बेच्ने चलन बढी छ र स्वयं कृषकहरूले नै घर घर वा पसल पसलमा नै लगेर बेच्ने गर्दछन। यसरी बेच्दा दुधको गुणस्तर नाप ल्याक्टोमिटराबाट गर्ने गरिन्छ र जति बढी ल्याक्टोमिटर उति बढी मुल्य हुने गरेको पाइन्छ। उत्पादित केही दुध स्थानीय बजारमा अवस्थित केही डेरी र मिठाई पसलले प्रयोगमा ल्याएतापनि अन्य घरमा नै विभिन्न किसिमले प्रयोग गरेको पाइन्छ। नगरका केही वडाका वरिपरी निजी स्तरका लघु दुग्ध उद्योगहरुको स्थापना भई जिल्लाका ग्रामीण दुधको केही भागले सबल बजार सञ्जाल पाउन सफल भएको छ। दुग्ध पदार्थको माग दिनप्रतिदिन बढी रहेको पाइन्छ।

## ५.६.६ मासु बजारीकरण

मिथिला नगरपालिका मासु उत्पादनमा आत्म निर्भर छैन । यति हुँदा हुँदै पनि मासु उपार्जन तर्फ व्यवसायिकताको खाँचो रहेको छ। नगरको हकमा यसका मुख्य दुईटा कारणहरु आधारभूत भौतिक पूर्वाधारहरुको कमी तथा पशुपंक्षी पालन प्रयोजन रहेका छन्। उदाहरणको लागि यस नगरमा बाख्राको मुख्य स्रोत पहाडी गाउँपालिकाहरु भएकोले कृषि सडक, बिजुली, खानेपानी तथा बजार र सम्बन्धित अन्य सुविधाहरुको अभावले गर्दा बाख्रा पालनबाट मासुको व्यवसायीकरण तर्फ अपेक्षित योगदान सम्भव हुन सकि रहेको छैन। त्यसैगरी बंगुर पालन तर्फ मासु उत्पादनको लागि नभई सुरक्षित र छिटो आम्दानी प्राप्त गर्नको लागि पाठापाठी बेच्ने परिपाटी विद्यमान रहेकाले बंगुरबाट समेत मासु उत्पादनमा उल्लेखनीय योगदान भएको पाईदैन।

### ५.६.९ पशुपंक्षी पालन तथा विकासका गैर सरकारी साझेदारहरु

विकासका बाहकहरु सरकारी निकाय, निजी क्षेत्र तथा नागरिक समाज रहेको तथ्य पशुपंक्षी पालनको समग्र विकासमा पनि चरितार्थ हुन्छ। जिल्ला पशु कार्यालय, कैलालीले जिल्लामा कार्यरत केहि सरकारी तथा विभिन्न गैर सरकारी संस्थाहरुसँग आपसी समन्वय, सहकार्य तथा सहयात्रीको भूमिका निर्वाह गर्दै आएको छ। यस कार्यालयसँग हातेमालो गरेर पशुपंक्षी पालन व्यवसायलाई सवलीकरण गर्ने विभिन्न संस्थाहरु यस मिथिला नगरपालिकामा कार्यरत छन् जसमध्ये केही महत्वपूर्ण संस्थाहरुको विवरण निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ।

## ५.९ व्यापार तथा उद्योगको विवरण

यस नगरपालिका प्रदेश नं २ को प्रमुख व्यापारिक केन्द्रको रुपमा रहेको छ। मिथिला नगरपालिकामा स्थित ढल्केवार र लालगढ यस नगरको बजार केन्द्रहरु मध्ये प्रमुख स्तरको बजार केन्द्र हुन्। यस नगरपालिका मार्फत् विभिन्न पहाडी जिल्लाहरूसँगको व्यापार समेत हुने गरेको छ। यहाँ विभिन्न हाट बजारहरु व्यापार व्यवसायका लागि प्रशिद्ध रहेका छन् । यस्ता बजारहरूबाट विशेषगरी खुद्रा व्यापार हुने गरेको छ। यसैगरी, मिथिला नगरपालिकाबाट थोक व्यापार समेत हुने गरेको छ। थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल अन्य पहाडी तथा तराई जिल्लासँग हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस नगरपालिकाबाट हुने गरेको पाइन्छ।

ठूलो भूमिमा विस्तार भएको समथर जमिन, कृषि तथा वनजन्य कच्चा पदार्थहरुको उपलब्धता, परम्परागत तथा जातिगत सीप, कौशल, पर्यटकीय महत्वका स्थलहरुको उपलब्धता लगायतका विभिन्न कारणले नगरमा औद्योगिक विकासको राम्रो सम्भावना रहेको छ। मिथिला नगरपालिकाका अधिकांश बासिन्दाहरु कृषि पेशामा आवद्ध भएका छन्। विशेषगरी ग्रामीण क्षेत्रका मानिसहरु उल्लेखनीय रुपमा औद्योगिक विकासतर्फ लागीसकेका छैनन्। तथापी, स्थानीय माग कार्यमा केही मझौला, साना तथा घरेलु उद्योग भने संचालित छन्। उखु, गन्ना मिल वा (कोलु), अगरबत्ति उद्योग, मैनबत्ति उद्योग, नमकिन उद्योग, साबुन तथा सरफ, प्लाष्टीक उद्योग, कोईला तथा जैविक मल उत्पादन उद्योग, यवेत वाँसबाट वन्ने सामाग्री उत्पादन उधोग, बेदबाँस उद्योग, सिलाई कटाई उद्योग, ढाका र तान उद्योग, दुना टपरी उद्योग), समिल तथा फर्निचर उद्योग, क्रेसर उद्योग, इट्टा उद्योग, ग्रिल उद्योग, कुखुरा फार्म, पशु फार्म आदि यस नगरपालिकामा रहेका केही औद्योगिक व्यवसायका उदाहरणहरु हुन्। त्यसैगरी साप्ताहिक रुपमा लाग्ने मिथिला नगरपालिकामा विभिन्न हाट बजारमा स्थानीय उत्पादन तथा चौपायाको किनबेच हुने गर्दछ। यसले पनि नगरपालिकामा आर्थिक कारोबारको मात्रामा वृद्धि गराएको छ।

## ५.१० थोक तथा खुद्रा व्यापार

मिथिला नगरपालिका यस जिल्लाको एक प्रमुख बजार केन्द्र रहेको छ । यस नगरपालिकाबाट छिमेकी नगरपालिका तथा गाउँपालिकाहरुमा थोक तथा खुद्रा विक्री हुने गरेको छ। थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल, तरकारी, फलफुल, माछा, गेडागुडी तथा मसला आदि हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस नगरबाट हुने गरेको पाइन्छ।

### ५.१०.१ निकासी पैठारी स्थिति

नगरबाट बाहिर निकासी हुने समानहरूमा तयारी खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन, चाउचाउ, प्लास्टीक व्याग, पाइप, रेडीमेट कपडा, इन्धन, विस्कुट, साबुन, निर्माण सामाग्री, लत्ता कपडा र दैनिक उपभोग्य बस्तुहरू छन्। आयात गरिने बस्तुहरूमा घरायसी सामानहरू, चिनी, साबुन, इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरू, मोटर पार्टस, कपडा, मसलाहरू, मैदा, मिश्रि, फलफुल तथा तरकारी रहेका छन्।

### ५.१०.२ ढुवानी तथा भण्डार व्यवस्था

नगरभित्र उत्पादित मालसामानहरू नगरको एक ठाँउबाट अर्को ठाउँमा पुऱ्याउन ढुवानी साधानको रुपमा, ट्रक, ट्याक्टर, रिक्सा, ठेला आदि रहेको छन्। नगरको पक्की सडक नभएका क्षेत्रहरुमा ढुवानी गर्न समस्या भएको पाइन्छ। कतिपय ठाउँहरूमा विभिन्न खोलाहरूमा पुल नभएका कारण आवागमनको समेत समस्या रहेको सन्दर्भमा मालसामान ढुवानी गर्न समस्या झन टड्कारोरुपमा रहेको छ। नगरको आन्तरिक ढुवानी प्रणालीलाई सुदृढ गर्न विभिन्न खोला तथा नदीहरुमा पुल निर्माण गर्नुपर्ने देखिन्छ ।

नगरमा कृषकहरूले खाद्यान्नको उचित दरभाउ पाएमा व्यापारीहरूलाई बिक्री गर्ने र व्यापारीहरूले चाही त्यसरी खरिद गरेको खाद्यान्न आफ्नै गोदाममा राख्ने गर्दछन। नगरका कृषकहरूको आलु, तरकारी तथा फलफुल सुरक्षित राख्न पर्याप्त मात्रामा शीत भण्डारको निर्माण गर्नुपर्ने देखिन्छ।

### ५.१०.३ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा

स्थानीय उद्योगहरूबाट उत्पादित बस्तुहरू चामल, तेल, दाल, पिठो, पोल्ट्री प्रोडक्ट, फलफुल तथा तरकारी सम्बन्धी उद्योगहरूको अन्य नगर तथा भारतीय बजारको प्रतिस्पर्धा गर्नु परिरहेको छ।

उद्यमशीलता, सिप विकास, बजारीकरण, सेवा कर्जा बजारको सुचनामा उद्यमीहरूको पहुँचको स्थिति, सिप विकास तालिम, उद्यमशिलता विकास तालिमका माध्यमबाट नगरमा रोजगारी बढाउने, उद्योग व्यवसायमा बृद्धि गर्ने उद्देश्य पूर्ति गर्न यस नगरपालिका लागि परेको छ । नगरमा उद्योग व्यवसाय गर्ने एवं सिपमुलक तालिम गरी

स-साना व्यवसाय गर्ने व्यक्तिहरूलाई कर्जा बजारको सुचना भएको र नगरमा स्थापित वित्तीय संस्थाहरूबाट कर्जा लिनेहरूको संख्या पर्याप्त रहेको देखिन्छ।

### ५.१०.४ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति

नगरमा कृषिजन्य कच्चा पदार्थहरूमा धान, गहुँ, मकै, कुखुरा, फलफुल, काष्ठजन्य र निर्माणजन्य आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित विभिन्न उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग भएको पाइन्छ। व्यापारको प्रकृति अनुसार खाद्यान्न धान, गहुँ, तोरी, काष्ठजन्य वस्तुहरु व्यापारीहरूले अन्य नगरहरुबाट आयात तथा निर्यात गर्ने गरेको पाइन्छ।

#### क) कृषि जन्य पदार्थ

नगरमा कृषि जन्य कच्चा पदार्थहरूमा धान, गहुँ, उखु, फलफुल आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित खाद्य मिल, उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग भएको पाइन्छ भने बढी भएको खाद्यान्न धान, गहुँ, तोरी व्यापारीहरूले अन्य नगर तथा जिल्लामा निकासी गर्ने गरेको पाइन्छ।

#### ख) बनजन्य

वन जंगलमा आधरित कच्चा मालमा साल, सिसौ, खयर र बाँस हो। साल, सिसौका काठहरु नगरका साथै अन्य छिमेकी जिल्लाहरुबाट आयात गर्ने गरेको पाइन्छ। नगरमा उत्पादीत बाँसको प्रयोग उद्योगको रुपमा भएको पाइँदैन तर कृषकहरूले आफ्नो घरायसी प्रयोगमा अत्याधिकरुपमा प्रयोग गरेको पाइन्छ।

### ५.१०.५ प्रमुख स्थानीय उत्पादनको बजारीकरण

- ✓ कृषिजन्य तथा उत्पादनमुलक उद्योग अन्तर्गत पर्ने खाद्य मिलबाट उत्पादन हुने बस्तु, दाल, चामल, तेल, पिठो, मसाला, आदिले स्थानीय बजारको आवश्यकता पुर्ति गर्नुको साथै यिनले अन्य नगर तथा छिमेकी जिल्लाहरुको बजारको रुपमा सेवा समेत पुर्याइरहेका छन्।
- ✓ इटा, क्रेसर, ग्रिल, काष्ठ सम्बन्धि उद्योगहरू नगरको बढ्दो शहरीकरणका कारण स्थानीय बजारको आवश्यकता पूर्ति गर्नका साथै अन्य छिमेकि नगर तथा जिल्लाहरुको बजारमा समेत सेवा पुऱ्याएको देखिन्छ।

## ५.११ अन्य आर्थिक विकासका सम्भावनाहरू

नगरमा आर्थिक विकास अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार लगायत थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू प्रशस्त रहेका छन्।

समग्रमा यस नगरको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या अझै उच्च रहेको छ। नगरमा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि,

मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भानाहरू रहेको छ।

नगरमा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वरा शक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा वस्न लायक जिवन्त स्थानको जोहो गर्न सकिनेछ।

नगरको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपंछी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई व्यावसायिक रुपमा विस्तार गरी यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र नगरको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस नगरमा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणीय मित्रवत प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

नगरमा भएका तालतलैयाहरूलाई माछापालन, सिंचाइ, पर्यटन प्रवर्द्धन लगायत जीविकोपार्जन र आर्थिक विकासका विविध क्षेत्रहरूमा परिचालन गर्न सकिने अवस्था रहेको छ । माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र अन्य क्षेत्रबाट आयात हुने माछा प्रतिस्थापन भई नगरकै माछाले बजार लिने सम्भावना रहेको छ।

नगरमा ओगटेका वन क्षेत्रहरु सालको वन, तराई हाइउड, खयर, सियौ, पाइन, चिरलगायतको उच्च व्यवसायिक महत्वका वनस्पति प्रजातियुक्त वन क्षेत्र हुनु, वन क्षेत्रको पुनरुत्पादन दर राम्रो हुनु आदि कारणले गर्दा वनको वैज्ञानिक व्यवस्थापन मार्फत् जीविकोपार्जनमा टेवा पुऱ्याउन र राजश्वमा वृद्धि गर्न सकिने अवस्था रहेको छ । यसका अलावा जैविक विविधता संरक्षण प्रवर्द्धन, पर्यटनमार्फत् समेत आर्थिक विकासमा उपयोग गर्न सकिने अवस्था छ । कृषि, पशु एवम् वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, नगरका सबैजसो वडाहरुमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास तथा उद्योग स्थापनाका लागि पर्याप्त समथर जमिन, कृषि, पशु, वनलगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन (Medical tourism) समेतको विकासको सम्भावना रहेको छ ।

नगरका सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटीको खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारमुखी गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

नगरको नजिकमा रहेका विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्र भएको कारणले यहाँ पर्यटनको विशिष्ट सम्भावना रहेको छ । नगरको आसपासमा पर्यटकीय होटेल व्यवसायहरुबाट प्रशस्त लाभ लिन सकिने सम्भावना रहेको छ ।

नगरमा बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस नगरका युवाहरूलाई व्यावसायिक तथा सिपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति सिर्जना गर्न सकेमा नगरको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

## ५.१२ नगरको अर्थतन्त्रको विशिष्टिकरण

नगरको अर्थतन्त्रमा वनपैदावर र प्राकृतिक सम्पदाको संरक्षण गरी सतह तथा भूमिगत सिंचाइमा आधारित दिगो कृषि प्रणालीलाई नै मेरुदण्डको रुपमा लिन सकिन्छ। साथै यो नगर व्यापारिक केन्द्र तथा पर्यटकिय क्षेत्रको रुपमा समेत रहेको छ। कृषी, पशु एवम् वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, नगरका सबैजसो वडाहरुमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास तथा उद्योग स्थापनाका लागि पर्याप्त समथर जमिन, कृषि, पशु, वनलगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन (Medical tourism) समेतको विकासको सम्भावना रहेको छ । अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा नगरको विशिष्टता एवं प्राथमिकता केन्द्रित गर्नु उपयुक्त देखिन्छ।

## ५.१३ बैंकको विवरण

नगरमा उद्योग व्यापार लगानी गर्न वित्तीय संस्थाहरुमा वाणिज्य बैंकहरु मार्फत कर्जा लगानी हुने गरेको देखिन्छ । यसबाहेक नगरमा संचालित अन्य बैंकहरुले पनि कर्जा उपलब्ध गर्दै आएका छन् भने नगरबासीहरुसँग रहेको रकमलाई निक्षेपको रुपमा स्विकार गरी बचत पनि गर्दै आएका छन्। नगरमा संचालित २ बैंकहरुको विवरण निम्न बमोजिम रहेको छ ।

तालिका नं. ४२: बैंकहरुको विवरण

| क्र. सं. | बैंकको नाम | वडा नं |
|---|---|---|
| बाणिज्य बैंक | | |
| १ | कृषि विकास बैंक | ५ |
| विकास बैंक | | |
| १ | यति विकास बैंक | ५ |

*स्रोत : मिथिला न.पा. कार्यलय, २०७४*

## ५.१४ सहकारी संस्थाको विवरण

नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ। सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई नगरपालिका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन्। सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ।

तालिका नं. ४३: सहकारी संस्थाको नामावली

| क्र. सं. | सहकारीको नाम | वडा नं |
|---|---|---|
| बचत तथा ऋण सहकारी | | |
| १ | धनलक्ष्मी बचत सहकारी संस्था | ३ |
| २ | मित्र उत्थान बचत तथा ऋण सहकारी संस्था | ९ |
| ३ | ऋद्धिसिद्धि बचत तथा ऋण सहकारी संस्था | ४ |
| ४ | नमुना बचत तथा ऋण सहकारी संस्था | ४ |
| ५ | लक्ष्मी बचत तथा ऋण सहकारी संस्था | ४ |
| ६ | सुर्य दर्शन बचत तथा ऋण सहकारी संस्था | ४ |
| ७ | कमलामाई बचत तथा ऋण सहकारी संस्था | ४ |
| ८ | बडहरी बचत तथा ऋण सहकारी संस्था | ९ |
| ९ | संगम बचत तथा ऋण सहकारी संस्था | ५ |
| १० | पुष्पलपुर महिला बचत तथा ऋण सहकारी संस्था | ९ |
| ११ | सुन्दरी खोला महिला बचत तथा ऋण सहकारी संस्था | १ |
| १२ | प्रतिभा महिला बचत तथा ऋण सहकारी संस्था | ४ |
| १३ | मधुवासा बचत तथा ऋण सहकारी संस्था | ९ |
| १४ | जन सहयोगी बचत तथा ऋण सहकारी संस्था | ५ |
| १५ | ढल्केवार बचत तथा ऋण सहकारी संस्था | ५ |
| १६ | शिव गुरु बचत तथा ऋण सहकारी संस्था | ५ |
| १७ | छाहरी बचत तथा ऋण सहकारी संस्था | १ |
| १८ | श्री नमुना बचत तथा ऋण सहकारी संस्था | ४ |
| कृषि सहकारी | | |
| १ | साना किसान कृषि सहकारी संस्था | २ |
| २ | दिगो निजिवन उपज तथा कृषि सहकारी संस्था | ८ |
| ३ | समृद्धि कृषक सहकारी संस्था | ८ |
| ४ | गोदावारी महिला कृषक स.सं.लि. | १ |
| ५ | साना किसान कृषि स.सं.लि. | १० |
| ६ | कृष्ण कृषि स.सं.लि. | ४ |
| ७ | सामुदायिक कृषि स.सं.लि. | २ |
| ८ | हरी ॐ कृषि स.सं.लि. | |

| | | |
|---|---|---|
| ९ | महिला कल्याण कृषि स.सं.लि. | ७ |
| १० | माँ लक्ष्मी कृषि स.सं.लि. | ९ |
| ११ | तुल्सी कृषि स.सं.लि. | १ |
| १२ | राम लक्ष्मण कृषि स.सं.लि. | ३ |
| १३ | कविर कृषि स.सं.लि. | ३ |
| १४ | जीवन ज्योती कृषि स.सं.लि. | १ |
| १५ | सुन्दर समाज कृषि स.सं.लि. | ५ |
| १६ | मिथिला जडिबुटि कृषि स.सं.लि. | ५ |
| १७ | कृषि कल्याण स.सं.लि. | ३ |
| १८ | लालीगुराँस कृषि स.सं.लि. | १ |
| १९ | गोपि कृषि स.सं.लि. | ५ |
| २० | उज्यालो कृषि स.सं.लि. | ६ |
| २१ | सुनाखरी कृषि स.सं.लि. | ३ |
| २२ | संथिनी महिला कृषि स.सं.लि. | ८ |
| २३ | रातु कृषि स.सं.लि. | १ |
| २४ | श्रमजिबी कृषि स.सं.लि. | ४ |
| बहुउद्देश्यीय सहकारी | | |
| १ | हिमालय बहुउदेशीय सहकारी संस्था | २ |
| २ | शिवगुरु बहुउदेशीय सहकारी संस्था | ४ |
| ३ | समाज कल्याण महिला बहुउदेशीय सहकारी संस्था | ४ |
| ४ | रातो लालिगुँरास महिला बहुउदेशीय सहकारी संस्था | ५ |
| ५ | हिमाल बहुउदेशीय सहकारी संस्था | |
| ६ | बर पिपल बहुउदेशीय सहकारी संस्था | |
| दुग्ध उत्पादक सहकारी | | |
| १ | कृष्ण दुध उत्पादन स.सं.लि. | २ |
| २ | लाली गुँरास दुध उत्पादन स.सं.लि. | ४ |
| ३ | न्यू मिथिला दुध उत्पादन स.सं.लि. | ७ |
| ४ | जगदम्बा दुध उत्पादन स.सं.लि. | ७ |
| उपभोक्ता सहकारी | | |
| १ | कृष्णा उपभोक्ता स.सं.लि. | ८ |
| २ | समाज कल्याण उपभोक्ता स.सं.लि. | २ |
| पशु | | |
| १ | देउराली भैंसी पालन स.सं.लि. | ४ |

*स्रोत:सहकारी सन्दर्भ २०७३/०७४*


गाउँमा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि, बहुद्देश्यीय, उपभोक्ता, चिया, दुग्ध, विद्युत, तरकारी तथा फलफूल, जडिबुटी, संचार आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ। साथै नियमित रुपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको देखिन्छ। जसमा बचत तथा ऋण

सहकारी संस्था १८, बहुउद्देश्यीय ६, कृषि २४, पशु १, दुग्ध उत्पादक ४ र उपभोक्ता २ गरी जम्मा ५५ वटा सहकारी संस्थाहरु संचालनमा रहेका छन् ।

तालिका नं. ४४: सहकारी संस्थाको विवरण

| क्र.सं. | कार्य/प्रकृति | संस्था संख्या |
|---|---|---|
| १ | बचत तथा ऋण | १८ |
| २ | बहुउद्देश्यीय | ६ |
| ३ | उपभोक्ता | २ |
| ४ | कृषि | २४ |
| ५ | पशु | १ |
| ६ | दुग्ध उत्पादक | ४ |
| | **जम्मा** | **५५** |

*स्रोत:सहकारी सन्दर्भ २०७३/०७४*




## ५.१५ संघ संस्था तथा विभिन्न समुहहरु

यस नगरमा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले समुदायमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफ्ना कार्यक्रमहरु संचालन गरिरहेका छन् । यहाँ रहेका सरकारी संस्थाहरु क्रमश नगरपालिका कार्यालय, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी, इलाका हुलाक, अतिरिक्त हुलाक, इलाका प्रहरी, नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र आदि रहेका छन् । यसैगरी गैरसरकारी संस्थाहरुमा महिला सशक्तिकरण (प्रगति समूह), प्रगतिशिल आमा समूह, गाउँ नगर जनचेतना कार्यक्रमहरु संचालनमा रहेका छन् । यसका अतिरिक्त नगरमा

विभिन्न समूहहरु, युवा क्लबहरु, नागरिक समाज, राजनितिक दलहरु रहेका छन् । यस गाउँपालिकामा रहेका सरकारी तथा गैरसरकारी संस्थाहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

| क्र.सं. | संस्थाको नाम | वडा नं |
|---|---|---|
| १ | जे.डि.पी. फारम | २ |
| २ | विद्युत सब स्टेशन | ४ |
| ३ | साझा सहकारी संस्थान | २ |
| ४ | हिमाल युवा क्लब | २ |
| ५ | लक्ष्मी युवा क्लब | २ |
| ६ | एभरेष्ट युवा क्लब | २ |
| ७ | समाज विकास युवा क्लब | ७ |
| ८ | सार्वजनिक भवन दलित | २ |
| ९ | औरही बाबा धर्मशाला | ३ |
| १० | वन पोष्ट कार्यालय | ३, ५ र ९ |
| ११ | संयुक्त वडा कार्यालय | २ |
| १२ | इलाका पशु कार्यालय | ४ |
| १३ | इलाका कृषि कार्यालय | ४ |
| १४ | दुग्ध डेरी | ५ |
| १५ | कृषि सामाग्री संस्थान | ५ |
| १६ | ट्राफिक कार्यलय | ५ |
| १७ | नेपाल टेलिकम | ५ |
| १८ | इलाका प्रहरी कार्यालय | ५ |
| १९ | ढल्केबर खानेपानी कार्यालय | ५ |
| २० | खानेपानी तथा सरसफाई संस्था | ८ |
| २० | जम्काभेट पुस्तकालय | ८ |

*स्रोत : मिथिला नगरपालिका २०७४*

# खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार

## ६.१ यातायात

### ६.१.२ यातायात सेवा :

प्रदेश नं २ अन्तर्गतको तराईमा पर्ने धनुषा जिल्लामा रहेको मिथिला नगरपालिकामा महेन्द्र राजमार्ग, पृथ्वी राजमार्ग लगाएत अन्य प्रमुख बजारसँग जोडिएको छ। यस नगरपालिकामा विभिन्न सडक बाह्रै महिना चल्ने सडक सञ्जालको रुपमा विस्तार भएका छन्। यस नगरबाट देशका सबै मुख्य शहरी क्षेत्रहरुसम्म जोड्ने सडक सञ्जाल राम्रो रहेको छ। नगरमा सिंचाइको व्यवस्था राम्रो भएकोले खाद्यान्न, कपास, ऊखु, परवल, आलु, तेलहन, दलहन, फलफूल, दुग्ध उत्पादन आदिको राम्रो उत्पादन भैरहेकोमा नगरका सबै वडाहरुमा सडकको सुविधा भएकाले उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन सजिलो परेको देखिन्छ। नगरका सबै वडाहरुमा सडकको विस्तार भएकोले आन्तरिक यातायातको भरपर्दो सुविधाले नगरबासीहरुलाई समयमै आवश्यक उपचार तथा औषधिको सेवा र बजारमा पहुँच पुऱ्याउन सकिएको छ। नगरमा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ। नगरमा रिक्सा, टेक्टर, गाडा, साइकल, ट्याक्सी, मोटरसाइकलहरूको समेत उपयोग गरिएको देखिन्छ। नगरका सडकमार्ग राम्रो भएका रुटहरूमा बस सेवा चालु रहेको छ। यसका अतिरिक्त यस नगरपालिकाबाट देशका विभिन्न भागहरूमा समेत दिवा तथा रात्री बस सञ्चालनमा रहेको छ।

सडक यातायताको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी सधान पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, पैदलयात्रीले सडक पार गर्ने जेब्रा क्रसिङ, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनी सम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रुपमा विकास गर्नु पर्ने देखिन्छ। यस नगरमा पर्ने प्रमुख सडकहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ४६: राजमार्गहरुको विवरण

| क्र.सं. | राजमार्गको नाम | अधिकार क्षेत्र |
|---|---|---|
| १ | महेन्द्र राजमार्ग ( धनौजी - किसान नगर - सुनौलो बस्ती - हस्पीटल चोक) | १४ कि.मी |
| २ | उत्तरेश्वर महादेव - ढल्केवर - बसही खोल - वडा नं ६ | १४ कि.मी. |
| ३ | सार्वजनिक पोखरी देखी प्रा.वि. सम्म | |

| | | |
|---|---|---|
| ४ | वेगाडावर मार्ग | |
| ५ | औरही मन्दिर - महेन्द्र राजमार्ग | |
| ६ | अनारी खोला - जमुनिबास चोक - कुसुमविछौना चोक | |
| ७ | कचहरी रोड | |

*स्रोत : मिथिला नगरपालिका कार्यालय, २०७४*

यस नगरपालिकाको कार्यलय मिथिला नगरपालिका वडा नं ६ ढल्केवारमा रहेको छ । यस वडा नं १ को टाढाको स्थानबाट नगरपालिका कार्यालय पुग्न अनुमानित १ घण्टा लाग्ने गर्दछ। त्यस्तै वडा नं २ बाट १५ मिनेट, वडा नं ३ बाट १५ मिनेट, वडा नं ४ बाट ३० मिनेट, वडा नं ५ बाट १५ मिनेट, वडा नं ६ बाट ३० मिनेट, वडा नं ७ बाट २५ मिनेट, वडा नं ८ बाट ३० मिनेट, वडा नं ९ बाट ३० मिनेट र वडा नं १० बाट २५ मिनेट लाग्ने आनुमान गर्न सकिन्छ। नगरपालिकाको कार्यलयबाट सबैभन्दा टाढाको बस्ती वडा नं १ मा रहेको छ।

## ६.२ संचार

सन् १९९० सालसम्म संचार माध्ययमहरु सिमित थिए । हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग अत्याधिकमात्रमा बढ्दै गएको छ। मिथिला नगरपालिकामा एफ.एम स्टेसनहरु र रेडियो नेपाल लगायत विभिन्न स्टेसनहरु काठमाडौंबाट नै सिधा प्रशारण हुन्छन्। नगरमा 3G Network नेपाल टेलिकम र एनसेल दुवैको उपलब्ध छ। नगरमा World Link, ADSL, NCell, NTC आदि कम्पनीहरुले इन्टरनेट सेवा पुऱ्याउँदै आइरहेका छन् नगरबासीहरुले मनोरन्जनात्मक कार्यक्रमहरु हेर्ने गरेको पाइन्छ।

### ६.२.२ टेलिफोन/मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस नगरका १० ओटै वडाहरुमा ल्याण्डलाइन, सिडिएमए, एडिएसएल, मोबाइल, आदि सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएको देखिन्छ। ग्रामिण क्षेत्रहरुमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुऱ्याउन प्राविधिक कठिनाइको साथै, बढी खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुऱ्याउनु पर्ने देखिन्छ।

### ६.२.३ हुलाक सेवा

नगरमा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हुलाक सेवा हाल नगरका विभिन्न वडाहरुमा कार्यरत छन्। इलाका हुलाक ..... र अतिरिक्त हुलाक .....गरी जम्मा ... ओटा हुलाक कार्यालयहरुबाट नगरभित्र र नगर बाहिर एवम् विदेशमा समेत हुलाक सेवा प्रदान गरिरहेको छ। हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन् भने मिथिला देखि काठमाण्डौ, ललितपुर, भक्तपुरसम्म द्रुत सेवा पनि उपलब्ध छ। यसैगरी नगरमा साझा कुरियार, बी.एन.सी कुरियार, कोर्टियर

कुरियर, वर्ल्डवाइड कुरियर, सुपर काइनेटिक कुरियर, सहारा कुरियर, कन्ट्याक कुरियर गरी जम्मा ७ वटा कुरियर सेवाहरु पनि संचालित छन् ।

### ६.२.४ पत्रपत्रिका

यसका अतिरिक्त काठमाडौंबाट प्रकाशित हुने सबैजसो दैनिक अखबारहरु, साप्ताहिकहरु र मासिक पत्रिकाहरु (राष्ट्रिय समाचार समित, गोरखापत्र, कान्तिपुर दैनिक, नागरिक दैनिक, नेपाल समाचार पत्र, राजधानी दैनिक, अन्नपूर्ण पोष्ट, नयाँ पत्रिका दैनिक आदि) समेत नगरका विभिन्न वडाहरुमा पाइन्छ ।

## ६.३ विद्युत


### ६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

यस मिथिला नगरपालिकाका सबै वडाहरुमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ। राष्ट्रिय जनगणना २०६८ (सन् २०११) को नतिजाअनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा विद्युत प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ। नगरमा बत्ती बाल्न विद्युत प्रयोग गर्नेको घरधुरी संख्या ६,१६५ (८२.९३ प्रतिशत) रहेको छ। त्यस्तै दोस्रोमा नगरका कुल घरधुरीको १,१४३ (१५.३८ प्रतिशत) ले मट्टितेल, २७ (०.३६ प्रतिशत) ले सोलार र १८ (०.२४ प्रतिशत) घरधुरीले मात्र गोबर ग्याँसको प्रयोग गरेको देखिन्छ। त्यस्तै वडागतरुपमा सबैभन्दा बढी विद्युतको प्रयोग गर्ने वडा नं. १ रहेको देखिन्छ । जसको विस्तृत विवरण तलको तालिकामा देखाइएको छ।

तालिका नं. ५२: बत्ती बाल्न प्रयोग गरिने श्रोत

| वडा नं. | बिजुली | मट्टितेल | गोबरग्याँस | सोलार | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ९४० | ५८ | ४ | ५ | ३ | १४ | १,०२४ |
| २ | ८२८ | १२० | २ | ० | ४ | ८ | ९६२ |
| ३ | ४०९ | ८२ | ० | ० | ० | ११ | ५०२ |
| ४ | ४५४ | २३१ | १ | ३ | ० | ६ | ६९५ |
| ५ | ७०६ | ७५ | ७ | ० | ० | १० | ७९८ |
| ६ | ४४१ | ७७ | ० | १० | ० | १ | ५२९ |
| ७ | ६९७ | ८१ | २ | २ | ० | २ | ७८४ |
| ८ | ६११ | ८३ | २ | ० | १ | ५ | ७०२ |
| ९ | ३९६ | ११८ | ० | ६ | ० | ४ | ५२४ |
| १० | ६८३ | २१८ | ० | १ | २ | १० | ९१४ |
| जम्मा | ६,१६५ | १,१४३ | १८ | २७ | १० | ७१ | ७,४३४ |
| प्रतिशत | ८२.९३ | १५.३८ | ०.२४ | ०.३६ | ०.१३ | ०.९६ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*




## ६.३.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

तालिका नं. ५३: खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण


| वडा नं. | काठ/ दाउरा | मटीतेल | एल.पी. ग्याँस | कुइठा/ ठोरहा | गोबरग्यास | बिजुली | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ९६८ | २ | २ | ३ | ३५ | ० | ० | १४ | १,०२४ |
| २ | ८१७ | ३ | ४३ | ८५ | ४ | ० | २ | ८ | ९६२ |
| ३ | ४९० | ० | ० | ० | ० | १ | ० | ११ | ५०२ |
| ४ | ६४९ | १३ | ४ | ३ | १७ | ३ | ० | ६ | ६९५ |
| ५ | ७११ | २ | ४५ | ८ | १७ | ० | ५ | १० | ७९८ |
| ६ | २०९ | १ | ४ | ३०८ | ३ | ० | ३ | १ | ५२९ |
| ७ | ७६१ | ४ | १३ | १ | ३ | ० | ० | २ | ७८४ |
| ८ | ५५६ | ० | ७१ | ० | ७० | ० | ० | ५ | ७०२ |
| ९ | ५१३ | ३ | ० | ४ | ० | ० | ० | ४ | ५२४ |
| १० | ८८५ | ७ | ० | ११ | १ | ० | ० | १० | ९१४ |
| **जम्मा** | ६,५५९ | ३५ | १८२ | ४२३ | १५० | ४ | १० | ७१ | ७,४३४ |
| **प्रतिशत** | ८८.२३ | ०.४७ | २.४५ | ५.६९ | २.०२ | ०.०५ | ०.१३ | ०.९६ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

सन् २०११ को जनगणनाअनुसार मिथिला नगरपालिकामा परिवारमा खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनको रूपमा काठ तथा दाउरा सबैभन्दा बढी ६,५५९ (८८.२३ प्रतिशत) रहेको छ । यसैगरी दोस्रोमा कुइठा तथा ठोरहा प्रयोग गर्ने घरधुरी संख्या ४२३ (५.६९ प्रतिशत), एल.पी. ग्याँस प्रयोग गर्ने घरधुरी संख्या १८२ ( २.४५ प्रतिशत), गोबरग्याँस प्रयोग गर्ने १५० (२.०२ प्रतिशत) रहेका छन् भने बिजुली प्रयोग गर्ने घरधुरी सबैभन्दा

कम ४ (०.०५ प्रतिशत) रहेको देखिन्छ। वडागत रुपमा हेर्दा वडा नं. ६ बाहेक सबै वडाहरुमा सबैभन्दा बढी काठ तथा दाउराको प्रयोग गरिएको पाइन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

वैकल्पीक उर्जाको वर्तमान स्थिति र जनताले यस क्षेत्रमा देखाएको आकर्षणलाई हेर्दा वैकल्पिक उर्जाको क्षेत्रमा ध्यान दिनुपर्ने देखिन्छ। तराईको क्षेत्र भएकोले गोबरग्याँसको लागी उपर्युक्त तापक्रम रहेको र पशुहरुबाट प्राप्त गोबरलाई पूर्णरुपमा प्रयोग गर्न सके वन अतिक्रमण रोकिनुको साथै महिलाहरुको स्वास्थ्यमा पर्ने नकारात्मक असर समेत न्यून हुने हुँदा यसको लोकप्रियतामा वृद्धि हुँदै गएको देखिन्छ।



# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

## ७.१ शिक्षा

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ । यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ । यसै सिलसिलामा यहाँ मिथिला नगरपालिकाको शैक्षिक स्थिती देखाउन खोजिएको छ। विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्र नै सर्वोपरि भुमीका अनिवार्य रहन्छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रुपमा नितीगत रुपमा अबलम्बन गरिएको छ।

तालिका नं. ५४: विद्यालयहरुको विवरण

| क.सं. | विद्यालयको नाम | वडा नं |
|---|---|---|
| १ | आदर्श मा.वि. लालगढ | ८ |
| २ | महेन्द्र उच्च मा.वि. | ५ |
| ३ | नि.मा.वि. केमलिपूर | ४ |
| ४ | जनता उच्च मा.वि. | २ |
| ५ | रा.प्रा.वि. धनौजी | ८ |
| ६ | रा.प्रा.वि. सुकजोर | २ |
| ७ | साना किसान रा.प्रा.वि | २ |
| ८ | रा.प्रा.वि. नक्टाझिझ | २ |
| ९ | रा.प्रा.वि. श्रीपूर | २ |
| १० | विश्वनाथ अरुला प्रा.वि. | ६ |
| ११ | रा.प्रा.वि. ढल्केवर | ६ |
| १२ | रामजानकी विद्याश्रम | २ |
| १३ | दुर्गा इंग्लिस बोर्डिङ्ग स्कुल | २ |
| १४ | चिल्ड्रेन इंग्लिस बोर्डिङ्ग स्कुल | ५ |
| १५ | विनायक इंग्लिस बोर्डिङ्ग स्कुल | ६ |
| १६ | जनक एकेडेमी इंग्लिस बोर्डिङ्ग स्कुल | ५ |

| | | |
|---|---|---|
| १७ | मिथिला एकेडेमी इंग्लिस बोर्डिङ्ग स्कुल | ५ |
| १८ | नमुना इंग्लिस बोर्डिङ्ग स्कुल | ८ |
| १९ | | |

*स्रोत : मिथिला नगरपालिका कार्यलय २०७४*

## ७.२ साक्षरता स्थिति

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रुपमा रहेको शिक्षा क्षेत्रमा मिथिला नगरपालिका यस धनुषा जिल्लाका अन्य नगरपालिकाको तुलनामा केही अगाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस नगरपालिकाको साक्षरता दर ६१.७९ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो नगरपालिकामा पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तै: यस नगरपालिकाको पुरुषको साक्षरता दर ७१.३४ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ५१.९६ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा लगभग १९.३८ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।


तालिका नं. ५५: साक्षरता दर

| वडा नं. | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न र लेख्न नसक्ने | | उल्लेख नगरिएको | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| १ | १७६२ | १३७२ | ६० | ६५ | ५२२ | ९९० | ५ | १ | २,३४९ | २,४२८ | ४,७७७ |
| २ | १८०९ | १०९८ | ७२ | ७३ | ७१९ | ११६१ | १ | ० | २,६०१ | २,३३२ | ४,९३३ |
| ३ | ९६४ | ६५० | २९ | २७ | ३१३ | ५५० | ७ | ९ | १,३१३ | १,२३६ | २,५४९ |
| ४ | १००६ | ८३० | ४४ | ५४ | ४७५ | ७३८ | ६ | ६ | १,५३१ | १,६२८ | ३,१५९ |
| ५ | १४८१ | १०५९ | ३८ | ४८ | ४३० | ८०५ | ० | १ | १,९४९ | १,९१३ | ३,८६२ |
| ६ | ७५९ | ५४९ | २५ | २० | ४६० | ६९६ | ० | ० | १,२४४ | १,२६५ | २,५०९ |
| ७ | १६०४ | १०३३ | २० | ३१ | ४१० | ७९७ | ० | ० | २,०३४ | १,८६१ | ३,८९५ |
| ८ | १३४४ | १०६६ | १४ | २१ | ३०१ | ५४१ | २ | २ | १,६६१ | १,६३० | ३,२९१ |
| ९ | ८६४ | ६५६ | १० | १७ | २५२ | ५०१ | ० | १ | १,१२६ | १,१७५ | २,३०१ |
| १० | १५३२ | ९७४ | ६७ | ६० | ९९० | १३७० | ० | १ | २,५८९ | २,४०५ | ४,९९४ |
| **जम्मा** | १३,१२५ | ९,२८७ | ३७९ | ४१६ | ४,८७२ | ८,१४९ | २१ | २१ | १८,३९७ | १७,८७३ | ३६,२७० |
| **प्रतिशत** | ७१.३४ | ५१.९६ | २.०६ | २.३३ | २६.४८ | ४५.५९ | ०.११ | ०.१२ | १००.०० | १००.०० | |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

मिथिला नगरपालिकाको साक्षरताको स्थिति वर्णन गर्नुपर्दा सबैभन्दा बढि साक्षरता दर वडा नं. ८ मा ७३.२३ प्रतिशत रहेको छ जसमध्ये पुरुष साक्षरता दर ८०.९२ प्रतिशत र महिला साक्षरता दर ६५.४० प्रतिशत रहेको छ । त्यस्तै गरि सबैभन्दा कम साक्षरता दर वार्ड नं. १० मा रहको छ । जसमा कुल साक्षरता दर ५०.१८ प्रतिशत

रहेको छ । जसमध्ये पुरुष साक्षरता दर ५९.१७ प्रतिशत र महिला साक्षरता दर ४०.५० प्रतिशत रहेको छ । माथिको तथ्यांकलाई हेर्दा यस मिथिला नगरपालिका शैक्षिक हिसाबमा देशको मध्यम स्थानमा रहेको देखिन्छ ।





## ७.२.१ शैक्षिक जनशक्तिको विवरण

तालिका नं. ५६: शैक्षिक जनशक्तिको विवरण

| लिङ्ग | स्कूल नगएको | प्राथमिक तह | नि.मा.वि. तह | मा.वि. तह | एस.एल.सी. तह | प्रमाणपत्र तह | स्नातक तह | स्नातकोत्तर तह र सोभन्दा माथी | अन्य | अनौपचारिक शिक्षा | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पुरुष** | ३५७ | ४९८६ | २८७५ | १६८२ | १७१४ | ८५९ | ३४१ | ७० | ५ | ६३० | ६७ | १३,५८६ |
| **महिला** | २९८ | ४०९२ | २११८ | ९७८ | १००१ | ५६१ | १२५ | १५ | ६ | ४७३ | ६६ | ९,७३३ |
| **जम्मा** | ६५५ | ९,०७८ | ४,९९३ | २,६६० | २,७१५ | १,४२० | ४६६ | ८५ | ११ | १,१०३ | १३३ | २३,३१९ |
| **प्रतिशत** | २.८१ | ३८.९३ | २१.४१ | ११.४१ | ११.६४ | ६.०९ | २.०० | ०.३६ | ०.०५ | ४.७३ | ०.५७ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस तालिकामा मिथिला नगरपालिकामा विभिन्न शैक्षिक तह उत्तीर्ण गरेका जनशक्ति देखाइएको छ। जसमा ६५५ (२.८१ प्रतिशत) जना स्कुल नगएका देखिन्छ। नगरमा विभिन्न शैक्षिक तह उत्तीर्ण गरेका जनशक्तिहरुमा ९,०७८ (३८.९३ प्रतिशत) प्राथमिक तह, ४,९९३ (२१.४१ प्रतिशत) नि.मा.वि. तह, २,६६० (११.४१ प्रतिशत) मा.वि. तह, २,७१५ (११.६४ प्रतिशत) एस.एल.सी. तह, १,४२० (६.०९ प्रतिशत) प्रमाणपत्र तह, ४६६ (२.०० प्रतिशत) स्नातक तह, ८५ (०.३६ प्रतिशत) स्नातकोत्तर तह र सोभन्दा माथि अध्ययन गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।





## ७.२.२ विषयगत शैक्षिक जनशक्तिको विवरण

तालिका नं. ५७: विषयगत शैक्षिक जनशक्तिको विवरण

| | मानविकी र कला | व्यापार र प्रशासन | शिक्षा | विज्ञान | स्वास्थ्य | इन्जिनीयरिङ र निर्माण | कानुन | सामाजिक र व्यवहारिक विज्ञान | गणित र तथ्याङ्क | कृषी, वन र मत्स्य | कम्प्युटिङ्ग | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **जम्मा** | ४५७ | ३०८ | ४१५ | ८८ | ६९ | १८ | २२ | ४१ | १६ | ६ | २ | १ | ५२८ | १,९७१ |
| **प्रतिशत** | २३.१९ | १५.६३ | २१.०६ | ४.४६ | ३.५० | ०.९१ | १.१२ | २.०८ | ०.८१ | ०.३० | ०.१० | ०.०५ | २६.७९ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

राष्ट्रिय जनगणना २०६८ बाट प्राप्त तथ्याङ्कका आधारमा नगरमा विभिन्न संकायमा अध्ययन गरेका शैक्षिक जनशक्तिको विवरणलाई तालिकामा देखाइएको छ। जसअनुसार यस नगरमा सबैभन्दा बढी मानविकी र कला विषय लिएर पढ्नेको संख्या ४५७ (२३.१९ प्रतिशत) रहेको छ भने दोस्रोमा शिक्षा विषय लिएर पढ्नेको जनसंख्या ४१५ (२१.०६ प्रतिशत), तेस्रो स्थानमा व्यापार र प्रशासन विषय लिएर पढ्नेको संख्या ३०८ (१५.६३ प्रतिशत) रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ७.२.३ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

तालिका नं. ५८: उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

| विवरण | उमेर समूह | कुल जनसंख्या | | | विद्यालय गइरहेको जनसंख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | प्रतिशत |
| पूर्व प्रा.वि. (नर्सरी, किन्डरगार्डन) जाने उमेर समूह | ३-४ वर्ष | N/A | N/A | N/A | N/A | N/A | N/A | N/A |
| आधारभूत तहमा जाने उमेर समूह (कक्षा १-८) | ५-१२ वर्ष | ३,२४८ | ३,१२० | ६,३६८ | ३,०८२ | २,९५७ | ६,०३९ | ९४.८३ |
| मा.वि. जाने उमेर समूह (कक्षा ९-१०) | १३-१४ वर्ष | ७२ | ७२ | १४४ | ६८ | ६५ | १३३ | ९२.३६ |
| उच्च मा.वि. (Higher Secondary School) जाने उमेर समूह (१०+२) | १५-१७ वर्ष | २७ | ३४ | ६१ | २१ | २८ | ४९ | ८०.३३ |
| **जम्मा** | | ३,३४७ | ३,२२६ | ६,५७३ | ३,१७१ | ३,०५० | ६,२२१ | |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

यस तालिकामा स्कुल जाने उमेर समुहको जनसंख्या र विद्यालय गइरहेको जनसंख्याको तुलनात्मक विवरण उल्लेख गरिएको छ। जसमा ३ देखि ४ वर्ष उमेर समुहका बालबालिका मध्ये कोही पनि स्कुल नगएको देखिन्छ। ५ देखि १२ वर्ष उमेर समुहको जनसंख्या मध्ये ९४.८३ प्रतिशत स्कुल गएको देखिन्छ भने ५.१७ प्रतिशत स्कुल गएको देखिदैन त्यस्ते १३ देखि १४ वर्ष उमेर समुहको जनसंख्याको ९२.३६ प्रतिशत संख्या स्कुल गएको देखिन्छ भने ७.६४ प्रतिशत स्कुल गएको देखिदैन। यसैगरी १५ देखि १७ वर्ष उमेर समुहको जनसंख्याको ८०.३३ प्रतिशत

उच्च मावि तह अध्ययन गरीररहेको र बाँकी १९.६७ प्रतिशत संख्या सो तहको अध्ययन गर्न नगएको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ७.२.४ नगरमा रहेका शिक्षण संस्थाहरूको विवरण

### (क) शैक्षिक पूर्वाधार तथा सेवा

विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्र नै सर्वोपरि भुमीका अनिवार्य रहन्छ। नगरमा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धि भने प्राप्त गर्न सकिएको छैन। तथापि योजनाबद्ध रूपमा शैक्षिक पूर्वाधार एवम् सेवा विस्तार गर्ने प्रयास हुँदै आएको छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ। स्थानीय स्वायत्त शासन ऐन २०५५, लागू भए पछि स्थानीय सरकारको रूपमा नगरको समग्र विकासको निम्ति नगरपालिकालाई नयाँ र गहन जिम्मेवारीहरू थपिदैं आएको छ।

शिक्षा क्षेत्रको परिशुचककलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरूप यस नगरमा आ.व. ........................ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण निम्न तालिकामा दिइएका छन्। नगरमा पठनपाठनका लागि प्रावि सङ्ख्या ........, नि.मा.वि. ........., मावि ........., उमावि .......... गरी जम्मा ......... वटा शिक्षण संस्थाहरु रहेका छन्। यसमा निजी क्षेत्रले पनि उल्लेख्य योगदान पुऱ्याउँदै आएको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ५९: नगरमा रहेका शिक्षण संस्थाहरुको विवरण

| संचालित कक्षा | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|
| प्रा.वि. तह संचालन (१-५) | | | |
| नि.मा.वि. तह संचालन (१-८) | | | |
| मावि तह संचालन (१-१०) | | | |
| उमावि तह संचालन (१-१२) | | | |
| जम्मा | | | |

*स्रोत: जिल्ला शिक्षा कार्यालय*

## ७.२.५ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

- ✓ **विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु :** विद्यार्थीहरु प्रथमकि तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरुको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रुपमा देखिएको छ।

- ✓ **कक्षा दोहोर्‍याउने प्रवृत्ति बढी हुनु :** प्राथमिक तहको विद्यार्थीहरुको तथ्याङकलाई आधार मानेर हेर्दा कक्षा दोहोर्‍याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ।
- ✓ **दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु :** विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु नगरको शैक्षिक विकासको चुनौतीको रुपमा रहेको छ।
- ✓ **दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर :** नगरको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरुको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो।
- ✓ **विद्यालयहरु आर्थिक रुपले कमजोर हुनु :** नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिको समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरुको आर्थिक स्थिति निकै कमजोर देखिन्छ। दुर्बल आर्थिक अवस्थाले गर्दा शैषिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न बाधा पुगेको देखिन्छ।
- ✓ **अभिभावकहरु चनाखो नहुनु :** बालबालिकाहरुको शैक्षिक प्रगतिबारे अभिभावकहरुको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरुको स्थितिबारे अभिभावकलाई जानकरी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ।
- ✓ **शिक्षक दरबन्दी कम हुनु :** दरबन्दी अनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरु खाली रहने गरेको देखिन्छ। यसरी शिक्षकहरु तालिममा जाँदा, सुत्केरी बिदा वा सञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालित शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन। एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहुनु अर्कोतर्फ स्थानीय निकाय एवम् व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन।
- ✓ **राजनीतिकरण हुनु :** विभिन्न राजनीतिक पार्टीहरुले शिक्षकहरुको संगठनहरु मार्फत शिक्षकहरुलाई आफ्नो पार्टीको स्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ। राजनीतिक पार्टीहरुको दबावका कारण जिल्ला शिक्षा कार्यालयले त्यस्ता शिक्षकहरुमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ। यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरुलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रुपमा प्रयोग गर्दै आएको देखिएको छ।
- ✓ **शिक्षकहरुमा प्रतिबद्धताको कमी :** शिक्षकहरुले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रुपमा देखा परेको छ। प्राय: पठन-पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रुपमा देखिएको छ।
- ✓ **आधुनिक प्रविधिको प्रयोग नहुनु :** सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरु बञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ। प्राय: धेरै विद्यार्थी र शिक्षकहरु कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेको छन्।

## ७.३ स्वास्थ्य

प्रदेश नं २ को तराई भागमा अवस्थित यस नगर सुगम रहनुका साथै स्वास्थ्य, सरसफाइ तथा समुदायको स्वस्थकर बानी व्यवहार पनि अनुकुल देखिन्छ। राजनितिक रुपमा १० वडाहरुमा विभाजित यस नगरपालिकामा धेरैजसो जनताले आवश्यकता अनुसारको स्वास्थ्य सेवा लिन सफल भएका छन्।

तालिका नं. ६०: नगरमा रहेका स्वास्थ्य संस्थाहरुको विवरण

| अस्पताल (सरकारी र निजी) | प्राथमिक स्वास्थ्य केन्द्र | स्वास्थ्य चौकी | नगर स्वास्थ्य चौकी | उपस्वास्थ्य चौकी | गाउँघर क्लिनिक | खोप क्लिनिक | महिला स्वास्थ्य स्वयंसेविका |
|---|---|---|---|---|---|---|---|
| २ | | २ | | १ | | | |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यलय २०७१*

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षण अनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रैले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। स्थानीय समुदायहरू, स्थानीय गैरसरकारी निकायहरूका प्रतिनिधीहरूको अभिव्यक्ति अनुसार यस नगरमा मातृ तथा शिशु मृत्युदर गम्भीर समस्याको रुपमा रहेको छ।

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्युन गर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ।

नगरमा रहेको सामुदायिक अस्पतालमा विशेषज्ञ चिकित्सकहरूको (Medical Officers) संख्यामा कमी रहेको छ। दरबन्दी अनुसार डाक्टर लगायत स्वास्थ्यकर्मीहरु उपलब्ध हुन सकेको छैन । अस्पतालमा हालसम्म अवस्ट्रेटीसियन (Obstetrician) वा अनेस्थेसिओलोजिस्ट (Anaesthesiologist) छैनन् र पर्याप्त मात्रामा औषधीको आपुर्ति हुदैन।

नगरका विभिन्न वडाहरुमा स्वास्थ्य चौकी वा उपस्वास्थ्य चौंकी रहेको देखिन्छ। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रुपमा रहेको देखिन्छ। दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

### ७.३.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू (Female Community Health Volunteers)

सन् १९९० देखि तराईमा जम्मा ४०० जनसंख्याको आधारमा महिला स्वास्थ्य स्वयंसेवीकाहरू छनौट गर्ने प्रावधान रहेको थियो। नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति अनुसार सन् २००० को प्रारम्भमा नै छनौट भएका

महिला स्वास्थ्य स्वंयसेविकाहरूले उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन्।

आ.व. २०४९/५० जनसंख्या र क्षेत्रफलको आधारमा हिमाली भेगमा २५० जनसंख्या मा १ जना, पहाडमा ३०० जनसंख्या मा १ जना र तराईमा १००० जनसंख्यामा १ जना महिला स्वयंसेविका रहने व्यवस्था गरिएको छ। जस अनुसार यस नगरपालिकामा रहेको जनसंख्याको आधारमा यस नगरपालिकामा .... जना महिला स्वास्थ्य स्वयंसेविका रहेको तथ्यांकले देखाएको छ।

### ७.३.२ सुँडेनी (TBA)

हरेक वडाहरूमा एकजना सुँडेनीहरू राख्ने नेपाल सरकारको निती रहेको छ। परम्परागत रुपमा सेवा प्रदान गर्दै आएको सुँडेनीहरूले १२ दिनको आधारभुत तालिम प्राप्त गरिसकेका छन। तिनीहरूले MCHW बाट सुपरिवेक्षण समेत प्राप्त गरी हरेक ६ महिनामा स्वास्थ्य/उपस्वास्थ्य चौकीबाट पुनर्ताजगी तालिम समेत प्राप्त गरेका छन।

### ७.३.३ गााउँघर क्लिनीक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक नगरपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। नगरका विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम संचालन भएको पाइएको छ। यी स्थानहरुमा आश्विन महिना बाहेक क्लिनिकहरूलाई नियमित रुपमा सञ्चालन गरिएको देखिन्छ। यद्यपी तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति भने कम पाइएको छ भने औषधीको आपुर्ति पनि उपलब्ध छैन। शारिरिक बृद्धिको लेखाजोखा जस्ता अन्य सेवाहरू स्वास्थ्य चौकी र उप-स्वास्थ्य चौकी को तहमा मात्र उपलब्ध गराइन्छ। नगरमा नियमित खोप कार्यक्रम नियमित रुपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जम्नेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ।

### ७.३.४ एच. आई. भी./एड्सको अवस्था

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एचआईभीको प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका पनि यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभावित हुदै गएका छन्। हाल नेपालमा एचआईभी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिना सम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एचआइभी संक्रमण मध्ये १६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एचआइभी संक्रमण भेटिएको छ। भारतलगायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रुपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एचआइभीको प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। जिल्ला एड्स समन्वय शाखाको तथ्याङ्कअनुसार धनुषा जिल्ला पनि एच.आई.भी./एड्सको जोखिममा रहेको छ।

### ७.३.५ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदा देखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलत: आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानुनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। तर १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)।

सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरै मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन।

### ७.३.६ खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन् । यसको लागि यिनीहरु स्वस्थ र निरोगी हुनु आवश्यक छ । बालक अवस्थामा उनीहरुलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रमा दिनै पर्दछ । बालबालिकाहरुको लागि पाँचओटै खोपहरु नियमित पुरा मात्रमा दिनु पर्दछ । नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुर्याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ।

### ७.३.७ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाइ विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ। नेपाल जनसंख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रुपमा श्वासप्रश्वास सम्बन्धि रोग, निमोनिया, झाडापखाला, कडा जलबियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ । कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

### ७.३.८ शिशु तथा ५ वर्ष मुनिका बाल मृत्युदर

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११ अनुसार शिशुमृत्यदर सन् १९९६ मा ७९ प्रतिहजार थियो भने सन् २००१ मा क्रमश: घट्दै ६४ प्रतिहजारमा पुगेको छ। सन् २००६ को उक्त सर्वेक्षणअनुसार ४८ प्रतिहजार पुगेको थियो। त्यस्तै सन् २०११ को सर्वेमा शिशु मृत्युदर ४६ प्रतिहजारमा झरेता पनि अघिल्लो सर्वेसँग तुलना गर्दा झिनो मात्रै अन्तर देखिएको छ।

### ७.३.९ बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था कस्तो छ भन्ने कुरा त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सुचकको रुपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालबृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, वेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिकबिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ। मिथिला नगरपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामाहारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइ आएका छन्। स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन्। कार्यक्रम सञ्चालनको सहयोगका लागि गाउँ गाउँमा स्वास्थ्य सञ्जाल विस्तार भएको छ।

## ७.४ खेलकुद तथा मनोरञ्जन

क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी नगरको चौतर्फी विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस नगरमा खेलकुदको विकास भएको पाइन्छ। यसको लागि नगरले विभिन्न खुला स्थानहरू छोडेको छ। तर ती स्थानहरूमा खेलकुदको लागि केहीमात्र पूर्वाधार तयार भएको देखिन्छ। हाल स्थायी स्वायत्त शासन ऐन २०५५ लागु भए पछि जिल्ला विकास समिति तथा गाविस र नपाहरूले पनि आआफ्ना कार्यक्षेत्र भित्र गतिशिल रहने गरी जिल्ला, नगर गाँउ खेलकुद विकास समितिहरू गठन गरेका छन्। विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा कतिपय खेलहरूको आयोजना गर्ने गरिएको छ। समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारिरीक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्युन लगानी हुने गरेको देखिन्छ। विगतमा निर्मित खेलकुदसम्बन्धी

पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। हालका दिनहरुमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, व्याडमिन्टन जस्ता केही खास खास खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रुपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ।

तालिका नं. ६१: खेलकुद तथा मनोरञ्जन स्थानको विवरण

| क्र.स. | मैदानको नाम | वडा नं |
|---|---|---|
| १ | विश्वकर्मा चोक भन्दा पश्चिम खोलाको पेटीमा खेल मैदान | २ |
| २ | जे.ए.डि.पी. को उत्तर औरही खोलाको पेटीमा खेल मैदान | २ |
| ३ | ज.मा.वि. को चौरमा खेल मैदान | २ |
| ४ | औरही बाबा मन्दिर नजिक खुल्ला ठाउँ | ३ |
| ५ | बसही खोला किनारमा २ विघा | ५ |

*स्रोत : मिथिला नगरपालिका कार्यलय, २०७४*

## ७.५ नागरिक सुरक्षा सेवा

### ७.५.१ बृद्धबृद्धाहरूको अवस्था

जनगणना २०६८ को नतिजा अनुसार यस मिथिला नगरपालिकामा ७० वर्ष उमेर नाघेका २.७४ प्रतिशत ( ११२३ जना) बृद्धबृद्धाहरू रहेका छन्। शारिरीक जीर्णताका कारण परिवारजनहरूको समेत पर्याप्त हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था अत्यन्त कष्टप्रद रहेको छ। बृद्धहरूको मनोरञ्जनका लागि कुनै विशेष स्थल वा कार्यक्रमको निर्माण वा तयारी देखिदैंन। पश्चिमा संस्कृतिको प्रभावले हाम्रो संस्कृतीको मुल मर्म र बृद्धजन तथा नयाँपुस्ताबीचको पारस्परिक सुमधुर सम्बन्धलाई तहसनहस पार्ने खतरा बढ्दै गएको छ। राज्यको तर्फबाट ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाइ दिइने भनिएको बृद्ध भत्ता समेत सबैले पाउन सकेका छैनन्। यस नगरमा अर्ध बृद्धावस्थाकै हाराहारिकोमा रहेको ६०-६४ वर्षको ३.०७ प्रतिशत (१,२६१ जना), ६५-६९ वर्षका २.०३ प्रतिशत ( ८३४ जना) र ७० भन्दा माथी गरी जम्मा ७.८४ प्रतिशत (३,२१८ जना) र थप बृद्ध नागरिकहरूको लागि समेत राज्यले कुनै विशेष कार्यक्रम ल्याएको छैन। यस स्थितिलाई कसरी सहज बनाउने र नगरपालिकामा जिवीत यी जेष्ठ नागरिकहरूको अमुल्य अनुभवबाट नयाँ पीढीले कसरी अनुभव र शिक्षा प्राप्त गर्ने भन्नेबारे अध्ययन र योजना बनाउनुपर्ने देखिन्छ।

## ७.६ महिला तथा बालबालिका

### ७.६.१ महिला सम्बन्धी विवरण

गर्भवती महिलाहरुको नि:शुल्क वा न्यूनतम् शुल्कमा स्वास्थ्य परिक्षण गर्न तथा महिलाहरुमा देखिने स्तन क्यान्सर र पाठेघर क्यान्सरको अग्रीम पहिचान र न्यूनिकरणका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ । जिल्ला जनस्वास्थ्य कार्यालय एवं अन्य सम्बद्ध स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी मातृशिशु स्वास्थ्य तथा क्षयरोग नियन्त्रणका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि स्थायित्व, वृत्तिविकास तथा पुनर्ताजगि जस्ता कार्यक्रम ल्याई महिलाहरुका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत आर्थिक रुपमा सबल बनाउनु पर्ने देखिन्छ । आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै नगर विकासमा महिलाहरुको समान सहभागिता गराउन अझैपनि थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ । सामाजिक क्षेत्रमा उदाहरणीय कार्य गर्ने आमा समूह, टोल विकास संस्था, महिला समन्वय समिति तथा महिला सम्बन्धी संघसंस्थालाई संस्थागत विकासका लागि विभिन्न कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्नु पर्दछ । महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यप्रक्रियालाई वडाहरुमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवर्द्धन कार्यलाई निरन्तरता दिई लक्षित समूहतर्फ सबै समूह र वर्गको सहभागिता हुने कार्यक्रमहरु सञ्चालन गरि समावेशी अवधारणा अनुरुप स्थानीय शासन र विकासमा महिलाको संलग्नता वृद्धि गर्न विभिन्न क्षमता विकासका कार्यक्रमहरु ल्याउनुपर्ने देखिन्छ ।

### ७.६.२ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानुनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रुपमा काममा लगाउन हुदैन भने १४ वर्षदेखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हल्का र विशेष सुविधाका काममा लगाउन पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन पाइदैन। तथापी सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाहरु बालश्रमिकका रुपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनु देखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव छ। बालश्रममा नेपाली बालबालिकाको एक दु:खद यथार्थ हो ।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। यसैगरी नेपालले राज्य पक्षका रुपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकार सम्बन्धि महासन्धि, १९८९, अन्तराष्ट्रिय श्रम संगठनको रोजगारीको न्युनतम उमेर सम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रमसम्बनधी महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ।

मिथिला नगरपालिका नगरलाई बालमैत्री नगरको रुपमा विकसित गर्नका लागि सबै वडाहरुमा वडा बालक्लब गठन गरी बालमैत्री स्थानीय शासन पूर्ण रुपमा लागु गर्ने उद्देश्यले बालबालिका लक्षित कार्यक्रममा तोकिएको १० प्रतिशत बजेट बढाएर १५ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ। नगर क्षेत्रमा निकृष्ठ प्रकारको बाल श्रमको अन्त्य गर्न बालश्रम नराखेको कबुल गर्नेलाई मात्र नगरपालिकाबाट सेवा प्रवाह गर्नुपर्ने व्यवस्था मिलाउने प्रावधान राख्नुका साथै १ वर्ष मुनिका बालबालिकाहरुलाई नियमित खोपको सुनिश्चित गरी पूर्ण खोपयुक्त नगरको रुपमा पनि अगाडी बढाउने उद्देश्य राखिएको छ।

### ७.६.३ संस्थागत स्याहारमा रहेका द्वन्द्व प्रभावित बालबालिका

केन्द्रीय बालकल्याण समतिले विभिन्न ४६ जिल्लामा गरेको अध्ययनअनुसार २४ जिल्लामा संस्थागतरुपमा द्वन्द्व प्रभावित बालबालिका रहेको पाइयो। ७४६ जनामा १२१ परिवार विहिन, बाबुमात्र भएका २६ जना बालबालिका, आमामात्रै भएका ४३६ जना र दुबै भएका १६३ बालबालिका छन्। सबैभन्दा बढी ४१६ जना र त्यसपछि काठमाडौंमा ९८ जना बालबालिका संस्थागत स्यहारामा रहेको छन्। उक्त बालबालिकाको अवस्थामा हेर्ने हो भने बालबालिकाकालाई संस्थागत स्याहारमा राख्नु अन्तिम विकल्पका रुपमा लिने गरेकोमा ती बालबालिकालाई बैकल्पिक स्याहार र सुरक्षाको व्यवस्था गर्नुपर्ने देखिन्छ।

### ७.६.४ बालसंरक्षण तथा संबर्द्धन समिति

बालबालिकाको जीवन रक्षा, संरक्षण, सहभागिता र विकास सम्बन्धी विभिन्न कार्यक्रम सरकारी र गैरसरकारी निकायका साझेदार संस्थाहरूको सहकार्यमा संचालन गर्न बाञ्छनिय भएकोले त्यस्ता कार्यक्रमलाई निर्देशित र नियमन गर्न नेपाल सरकार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले बाल अधिकार संरक्षण र संबर्द्धन कार्यक्रम (कार्यान्वयन) निर्देशिका, २०६५ जारी गरि लागु गरेको छ।

सोही जारी निर्देशिका अनुसार पचहत्तरै जिल्लामा बालअधिकार संरक्षणार्थ विभिन्न संरचनाहरू गठन भई कार्यक्रमहरू लागु भएको देखिन्छ। जसमा १६६१ ओटा साविकका गाविसहरूमा १६६१ ओटा गाउ बाल संरक्षण तथा सम्बर्द्धन उपसमितिहरू गठन भएको देखिन्छ भने २७ नगरपालिकाहरूमा २७ ओटा नगर बालसंरक्षण तथा सम्बर्द्धन उपसमिति गठन भएको देखिन्छ। यी नगरपालिकाका ६३ ओटा वडाहरूमा वडा स्तरीय वडा बालसंरक्षण संबर्द्धन गठन भएको देखिन्छ। जसलाई वडास्तरमा विस्तार गर्नु पर्ने देखिन्छ।

यस नगरपालिकामा जम्मा २२ वटा बाल विकास केन्द्र रहेका छन्। जसमा ३१५ जना बालक र २३५ जना बालिका गरी जम्मा ५५० जना संलग्न रहेका छन्। जसको विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ६२: बाल विकास केन्द्रको विवरण

| क्र.सं. | बाल विकास केन्द्रको जम्मा संख्या | भर्ना भएका बालबालिका संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | बालक | बालिका | |
| १ | २२ | ३१५ | २३५ | ५५० |

*स्रोत : मिथिला नगरपालिका कार्यलय २०७४*

### ७.६.५ बालक्लब

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रुपमा बालबालिकाहरु क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यमा बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नितीगत दस्तावेजहरुमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समुहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्तका लागि विभिन्न स्तरका निती तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधत्वलाई मान्यता दिइएको छ।

व्यक्तिगतरुपमा नगरमा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेको छन्। बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यलाय भर्ना अभियान, (३) बालश्रम न्युनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिबृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्। यस नगरपालिकामा रहेका बालक्लबहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ६३: बाल सञ्जालको विवरण

| क्र.सं. | बाल सञ्जालको विवरण | सदस्य संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | लैंगिक आधार | | सामाजिक आधार | | | जम्मा |
| | | बालक | बालिका | दलित | जनजाती | अन्य | |
| १ | नगर स्तरीय बाल सञ्जाल | १३ | ९ | १ | ३ | १७ | २१ |

*स्रोत : मिथिला नगरपालिका कार्यलय २०७४*

## ७.७ अपाङ्गताको विवरण


राष्ट्रिय जनगणना २०६८ अनुसार मिथिला नगरपालिकामा अपाङ्गताको अवस्थालाई हेर्दा अपाङ्गता भएको जनसंख्या १.५२ प्रतिशत (६२४ जना) रहेको छ। जसमा शरिरीक अपाङ्गता भएका १८९ (३०.२९ प्रतिशत), श्रवण, दृष्टिविहीन सम्बन्धी अपाङ्गता भएका १०७ (१७.१५ प्रतिशत), स्वर बोलाई सम्बन्धी समस्या भएका ११९ जना ( १९.०७ प्रतिशत) देखिन्छन् भने दृष्टि सम्बन्धी अपाङ्गता भएका ९२ जना (१४.७४ प्रतिशत) र बौद्धिक अपाङ्गता भएका २० जना (३.२१ प्रतिशत) रहेको देखिन्छ । साथै मानसिक अपाङ्गता ४७ जना (७.५३ प्रतिशत) र बहु अपाङ्गता ४४ (७.०५ प्रतिशत) रहेका छन् । खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको

प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समसयाका कारण उत्पन्न Trachoma रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ। २०६८ सालको जनगणना अनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत ( ५,१२,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारिरीक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपाङ्गतामा ७.५ प्रतिशत रहेको छ। सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्युन दृष्टियुक्त, स्वरबोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधान र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ।

तालिका नं. ६४: अपाङ्गताको विवरण

| लिङ्ग | शारिरीक अपाङ्गता | दृष्टी सम्बन्धी अपाङ्गता | श्रवण सम्बन्धी अपाङ्गता | श्रवण, दृष्टिविहीन अपाङ्गता | स्वरबोलाई सम्बन्धी अपाङ्गता | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहु अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १२४ | ५५ | ६२ | ४ | ६४ | २८ | १५ | २२ | ३७४ |
| महिला | ६५ | ३७ | ४५ | २ | ५५ | १९ | ५ | २२ | २५० |
| जम्मा | १८९ | ९२ | १०७ | ६ | ११९ | ४७ | २० | ४४ | ६२४ |
| प्रतिशत | ३०.२९ | १४.७४ | १७.१५ | ०.९६ | १९.०७ | ७.५३ | ३.२१ | ७.०५ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*




## ७.८ खानेपानी तथा सरसफाई


### ७.८.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण

तालिका नं. ६५: परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत

| धारा/ पाइप | ट्युबवेल/ हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/ कुवा | मूल धारा | नदी/ खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ३००३ | २८३ | २३० | ३६८७ | ३८ | ९४ | ३३ | ६६ | ७,४३४ |
| ४०.४० | ३.८१ | ३.०९ | ४९.६० | ०.५१ | १.२६ | ०.४४ | ०.८९ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

मिथिला नगरपालिकाको खानेपानीको प्रमुख स्रोत भूमिगत जलस्रोत भएकोले नगरका परिवारहरुले सबैभन्दा बढी खुला इनार तथा कुवाको पानी प्रयोग गरेको पाइएको छ । नगरमा खुला इनार तथा कुवाको पानी प्रयोग गर्ने घरधुरी संख्या ३,६८७ (४९.६० प्रतिशत) रहेको देखिन्छ । दोस्रोमा धारा तथा पाइपको पानी प्रयोग गर्ने घरधुरी संख्या ३,००३ (४०.४० प्रतिशत), तेस्रोमा ट्युबवेल तथा हाते पम्पको पानी प्रयोग गर्ने घरधुरी २८३ (३.८१ प्रतिशत) रहेको छ । यसरी नगरमा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।



## ७.८.२ खानेपानीको विवरण

तालिका नं. ६६: खानेपानीको विवरण

| वडा नं. | धारा/ पाइप | ट्युबवेल/ हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार /कुवा | मूल धारा | नदी/ खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ७०४ | १७ | ० | २३३ | १३ | ४३ | ० | १४ | १,०२४ |
| २ | ५४३ | २२५ | ४ | १६५ | १ | ० | १७ | ७ | ९६२ |
| ३ | ६ | २ | १९३ | २८६ | ५ | ० | ० | १० | ५०२ |
| ४ | २३९ | १ | ० | ४१६ | १ | २९ | ४ | ५ | ६९५ |
| ५ | ५३५ | १ | १ | २४२ | ५ | १ | ३ | १० | ७९८ |
| ६ | ३ | ३२ | २ | ४९१ | ० | ० | ० | १ | ५२९ |
| ७ | ३१५ | ० | १२ | ४५१ | ० | ० | ४ | २ | ७८४ |
| ८ | ६५३ | १ | ६ | ० | १२ | २० | ५ | ५ | ७०२ |
| ९ | ५ | ० | ११ | ५०३ | ० | १ | ० | ४ | ५२४ |
| १० | ० | ४ | १ | ९०० | १ | ० | ० | ८ | ९१४ |
| जम्मा | ३,००३ | २८३ | २३० | ३,६८७ | ३८ | ९४ | ३३ | ६६ | ७,४३४ |
| प्रतिशत | ४०.४० | ३.८१ | ३.०९ | ४९.६० | ०.५१ | १.२६ | ०.४४ | ०.८९ | १०० |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरका विभिन्न वडाहरूका घरधुरीहरुले प्रयोग गर्ने खानेपानीको विभिन्न श्रोतको विवरण तालिकामा देखाइएको छ। जसमा खानेपानीको मुख्य स्रोतको रुपमा वडा नं. १, २, ५ र ८ मा धारा तथा पाइपको पानी प्रयोग गरेको देखिन्छ भने वडा नं. ३, ४, ६, ७, ८ र ९ मा खुला इनार तथा कुवाको पानी प्रयोग गर्ने घरधुरी संख्या बढी रहेको पाइन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।


## ७.८.३ शौचालयको विवरण

तालिका नं. ६७: शौचालयको प्रकार

| | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्की) | साधारण शौचालय | शौचालय नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| जम्मा | ९१ | ५५६ | १७६७ | ४९४९ | ७१ | ७,४३४ |
| प्रतिशत | १.२२ | ७.४८ | २३.७७ | ६६.५७ | ०.९६ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा मिथिला नगरपालिकाको घरपरिवारले प्रयोग गर्ने शौचालयको प्रकारलाई उल्लेख गरिएको छ। नगरमा सबैभन्दा धेरै घरपरिवार शौचालयविहिन रहेको देखिन्छ। कुल घरपरिवारको आधाभन्दा बढी अर्थात् ४,९४९ (६६.५७ प्रतिशत) घरपरिवारमा शौचालय नै नभएको देखिन्छ। यसैगरी शौचालय प्रयोग गर्ने घरपरिवारमा पनि सबैभन्दा बढी साधारण शौचालय प्रयोग गरेको पाइन्छ। साधारण शौचाल प्रयोग गर्ने घरपरिवारको संख्या १,७६७ (२३.७७ प्रतिशत), फ्लस भएको (सेप्टिक ट्याङ्की) शौचालय प्रयोग गर्ने घरपरिवार संख्या ५५६ (७.४८ प्रतिशत) र फ्लस भएको (सार्वजनिक ढल) शौचालय प्रयोग गर्ने परिवारको संख्या ९१ (१.२२ प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




### ७.८.४ वडागत शौचालयको संख्याको विवरण

तालिका नं. ६८: वडागत शौचालय संख्याको विवरण

| वडा नं. | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्क) | साधारण शौचालय | शौचालय नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २५ | १२१ | ४३६ | ४२८ | १४ | १,०२४ |
| २ | ३ | ९१ | १७८ | ६८२ | ८ | ९६२ |
| ३ | २ | १ | ५६ | ४३२ | ११ | ५०२ |
| ४ | ११ | ३७ | १४३ | ४९८ | ६ | ६९५ |
| ५ | २६ | ४३ | ३११ | ४०८ | १० | ७९८ |
| ६ | ९ | १५ | १२ | ४९२ | १ | ५२९ |
| ७ | ४ | ५२ | १०८ | ६१८ | २ | ७८४ |
| ८ | २ | १६८ | ३६२ | १६५ | ५ | ७०२ |
| ९ | ८ | १९ | ६२ | ४३१ | ४ | ५२४ |
| १० | १ | ९ | ९९ | ७९५ | १० | ९१४ |
| जम्मा | ९१ | ५५६ | १,७६७ | ४,९४९ | ७१ | ७,४३४ |
| प्रतिशत | १.२२ | ७.४८ | २३.७७ | ६६.५७ | ०.९६ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार नगरका प्रत्येक वडाका प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई अध्ययन गर्दा वडा नं. १ मा रहेका कुल घरधुरीको आधा घरपरिवारले साधारण शौचालयको प्रयोग गरेको देखिन्छ भने ४१.८ प्रतिशत घरपरिवार शौचालयविहिन रहेका छन्। यसैगरी वडा नं. २, ३, ४, ५, ६, ७, ९ र १० मा सबैभन्दा बढी शौचालय प्रयोग नगर्ने घरपरिवारको संख्या नै बढी रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ७.९ फोहोर मैला व्यवस्थापन

नगरलाई सधैँ सफा राखि वातावरण मैत्री घर, टोल, बस्ती, समाज बनाउने हेतुले राष्ट्रिय सरसफाई अभियानलाई निरन्तरता प्रदान गर्दै आएको क्रममा वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था, टोल सुधार समाज र विपद व्यवस्थापन समितिको अगुवाई मा विभिन्न स्थानमा सरसफाई अभियान लागु भएको पाइन्छ । यस मिथिला नगरपालिकामा फोहोरमैला व्यवस्थापनको लागी १ ट्याक्टर दैनिक रुपमा सञ्चालनमा रहेको छ । यस नगरमा रहेको मुख्या राजमार्गहरुको फोहोर मैला व्यवस्थापनको लागी प्रत्येक दिन विहान ७ बजे देखि १० सम्म उक्त टेक्टरले सेवा दिँदै आएको छ । भने यस नगरका अन्य भित्री भूभागमा बसोबास गर्ने घर परिवारहरुले आफ्नो फोहोर आफै व्यवस्थापन गर्ने गरेको पाइन्छ । नगरमा संकलन भएको फोहोर नदि तथा खोल्साहरुमा लगेर थुपार्ने गरेको पाइन्छ । नगरपालिकालाई खुल्ला दिसामुक्त क्षेत्र बनाउने उद्देश्यका साथ नगरमा केहि सार्वजानिक शौचालयहरु पनि सञ्चालन गरिएको छ । नगरपालिकामा रहेका सार्वजानिक शौचालयहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ६९: सार्वजानिक शौचलयहरुको विवरण

| क्र.सं. | शौचालय विवरण | वडा नं. |
|---|---|---|
| १ | हिमालय युवा क्लबद्धारा संचालित सार्वजानिक शौचालय | २ |
| २ | सामुदायिक भवन दलान शौचालय | २ |
| ३ | हजरा चोक उ.मा.वि. नक्टाझिझ शौचालय | २ |
| ४ | ढल्केवर चोक सार्वजानिक शौचालय | ५ |

*स्रोत : मिथिला नगरपालिका कार्यलय २०७४*

# खण्ड ८ : वन तथा वातावरण

## ८.१ प्राकृतिक वन तथा वनस्पती

प्रदेश नं २ को तराईको जिल्ला धनुषा वन वातावरण र जैविक विविधताको दृष्टिकोणले अद्यापी सम्पन्न जिल्लाको श्रेणीमा पर्दछ। धनुषा जिल्लाको यस मिथिला नगरपालिकामा कुल क्षेत्रफल १८१.९० वर्ग कि.मि. मध्ये प्रतिशत वन क्षेत्रको रुपमा रहि आएको छ। जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रुपमा रहेको छ।

यस नगरमा पाइने प्रमुख बनस्पतिका प्रजातिहरूमा, साल, सिसौं, सिमल, जामुन, कदम, खयर, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इप्पील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशीअमला, कैंदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हर्रो-बर्रो, हल्लुडे, सिरीस, तारी, कुसुम, क्यामुना, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाचपाते, सतिसाल, हल्लुडे, वनसुन्तला, कुम्भी, नेवारो, अशोक, सपेटा। यसै गरी घिस्रने जन्तुहरूमा गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कऱ्याङकुरुङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरु पाइन्छन्।

## ८.२ जैविक विविधता सम्वन्धी विवरण

मिथिला नगरपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरुपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरुपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ। दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने विनासलाई न्युनीकरण गर्न नितान्त आवश्यक छ। वातवारणीय सन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्ततः लोप हुने अवस्था हुन सक्छ। विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको यस नगरमा वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ। यिनै कुराहरूलाई मध्यनजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावरको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ।

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ। दैनिक जिवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्वलाई दृष्टिगत गरी हाल यस नगरमा सामुदायिक वन जस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ।

यसै सन्दर्भमा वन वरिपरी बढिरहेको जनसंख्या, चोरी निकासी र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागेको आधारमा आपुर्ति गर्न नसक्ने वन पैदावरको हैसियतलाई विचार गर्दा यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ। हाल सामुदायिक वनहरू वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा सहभागि भइरहेका छन्।

यस नगरमा उष्ण प्रदेशीय जलवायु भएको कारण यस क्षेत्रमा साल, सिसौं, हल्लुडे, अमला, हर्रो, बर्रो, खयर, सिमल, विजयसाल, राजवृक्ष, आदि जातका विरुवाहरू पाइन्छन् । जसमध्ये काँसीअमला, हर्रो, बर्रो, बोहरी, फडिर, खमारी, असारे, साज, सादन, कुम्भी, कुसुम आदि क्रमशः लोप हुदै जाने अवस्थामा रहेका छन्। गैर काष्ठ पैदावरको रुपमा व्यापारिक र आयुर्वेदिक महत्वका दृष्टिकोणले उपयुक्त देखिएका पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुभ्कार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनभ्कार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोभ्को, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोभ्कार, कदम/संजिवन, हलेदो, टिङ्चुरभ्कार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेभ्कार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि जस्ता वन पैदावरहरूको उपलब्धता पनि रहेको छ। यी मध्ये हाडजोर, गुजरगाँनो, खिर्रो, हर्रो, बर्रो, पिप्ला, भोगटे, पानी अमला, अर्चल,  लहरो, क्यामुना आदि लोपोन्मुख अवस्थामा रहेका छन् ।

यस नगर क्षेत्रमा रहेका वनजंगलहरुले बाघ, भालु, चितुवा, चित्तल, हरिण दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, जरायो, मृग, हात्ती, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, खरायो, मलसाप्रो, ढेडु आदि प्रजातिका जीवहरूको लागि उपयुक्त वासस्थान उपलब्ध गराएको छ । नगरमा रहेका वनक्षेत्र तथा विभिन्न खोलानालाहरुले विभिन्न प्रजातिका चराचुरुङ्गीहरू विशेषतः कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कच्याङकुरुङ, भद्राई, सारस तथा विभिन्न घिस्रने जन्तुहरू गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदिलाई बासस्थान प्रदान गर्दै संरक्षित गरेको छ। यद्यपी वनजंगल अतिक्रमणका कारण प्रकृती प्रदत्त यी जैविक र वनस्पतीय अमुल्य वन सम्पदाहरूको विस्थापन र विनाशको क्रम तिव्ररुपले बढ्दै गइरहेको छ। वर्षेनी वन क्षेत्र फडानी भई चुरे क्षेत्र नाङ्गा डाँडामा परिणत हुँदै जानु र अन्य वन क्षेत्र कृषियोग्य भुभागमा परिणत हुनु तथा वन्यजन्तुहरूको वासस्थान एवं वन्य प्रजातीमा ह्रास हुनु जैविक विविधता संरक्षणका निमित्त विकराल चुनौतीका रुपमा देखिएको छ।

नगरको हावापनीले जीवजन्तु र वनस्पतीहरूलाई संरक्षित गर्न सकिने खालका वासस्थान उपलब्ध गराइएको भएतापनि जनसंख्या र बसाईसराइको अत्याधिक चाप र भुमीको उर्वरापनका कारण करिब ४ दशक अघिदेखि नै यहाँको वनक्षेत्र अतिक्रमण र वन फडाँनीको चपेटामा पर्न गएको छ। जैविक विविधता अन्तर्गत पर्ने स्थानीय कला

संस्कृतिहरूको विविधतालाई जगेर्ना गर्दै धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकिय दृष्टिकोणले महत्वपुर्ण ठानिएका विभिन्न स्थानहरु जस्तै, नैनादेवी मन्दिर, वनदेवी मन्दिर, लक्ष्मीनारायण मन्दिर, रामजानकी मन्दिर, पशुपति नारायण मन्दिर, नवदुर्गा मन्दिर, शिपुरीधाम, वनदेवी मन्दिर, राधाकृष्ण मन्दिर, जोखर बाबा मन्दिर, गीता सत्सँग मन्दिर, कालिका मन्दिर, बौद्ध गुम्बा, बेहडाबाबा मन्दिर लगायतका क्षेत्रहरुको समेत संरक्षण गर्नुपर्ने देखिन्छ।

यहाँ जैविक विविधताले भरिपूर्ण रहेको छ। उष्ण प्रदेशीय किसिमको वातावरण भएको हुँदा विशिष्ट किसिमको जैविक विविधता पाइन्छ।

## ८.३ लघु वन पैदावार

नगरको वन क्षेत्रमा विभिन्न प्रकारका जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरू पाइन्छन्। पञ्चवर्षिय जिल्ला वन कार्या योजनाले ५० प्रकारका वनपैदावार पहिचान गरेको छ। यस नगरमा मुख्य रुपमा पाइने गैह्रकाष्ठ वन पैदावारहरुमा चिराईतो, थेजपात, बोझो, अल्लो काउलो, काफल, पिपला, चुत्रो, ऐसेलु, झ्याउ, च्याऊ, दतिवन, अमला, कुरिलो, हर्रो, बर्रो, बाँस, सबइ घाँस, अम्रिसो, असुरो, राजवृक्ष, बेल, सिन्दुरे, कुकुरडाइनो, भ्याकुर, थाकल, गायो, कुट्मिरो, निगुरो, डुण्डुको साग, बेथे, लहरे साग, सिमसाग, गडपुरैना, लुंडे, जामुन, बयर, भोर्लाको पात र बोक्रा सालको पात, गुँद र बीउ, तेँदुपात, कालो मुस्ली, वेत, सिकाकाइ, सतावरी, तेजपात, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुभार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, अर्चल, गुजरगाँनो, दुवो, आइटीनभार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोभार, कदम/संजिवन, हलेदो, टिङ्चुरभार, सिउँडी, चरचरेलहरो, वेल, पानी अमला, मथेभार, बर, पिपल, अम्बा, क्यामुन, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि मुख्य हुन्।

## ८.४ नगरमा पाईने वन्यजन्तु

### (क) वन्यजन्तु

मिथिला नगरपालिका रहेको धनुषा जिल्लामा करिब ३४ प्रकारका स्तनधारी वन्यजन्तुहरु पाइन्छन्। यस नगरमा पाइने प्रमुख वन्यजन्तुहरुमा बाघ, भालु, चितुवा, चित्तल, दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, जरायो, मृग, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, रतुवा, निलगाई, हात्ती, खरायो, मलसाप्रो, ढेडु आदि छन।

### (ख) चराचुरुङ्गी

मिथिला नगरपालिका रहेको धनुषा जिल्लामा करिब १४० प्रकारका चराहरु पाइन्छन्। यस नगरमा पाईने चराचुरुङ्गीहरुमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, चखेवा, पिरौटा, भुँडिफोर, चिवे,

गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कऱ्याङकुरुङ, भद्राई, लामपुच्छ्रे, राजक छेग्रा, सारस आदि प्रमुख छन्।

### (ग) घिस्रने जिवजन्तुहरू

यस नगरमा पाइने घिस्रने जिवजन्तुहरूमा मगर गोही, दुर्लभ रातो खोल भएको कछुवासहित ३ जातका कछुवा, अजिँगर, भित्ती, गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, वैरिकरेट, हरेउ, ढोडिया, सुनगोहोरो, अनेक प्रकारका सर्प तथा छेपारो, भातेमहुरा, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि प्रमुख छन्।

### (घ) जलचर तथा उभयचर जीवहरु

सेधरी, डिंरा, चरंगी, रावा, डरही, कूरसा, रोहहू, सौरी, सिंगी, मंगूरा, मैलवा, डोंगी, खेसटी, टेंग्रा, वामे, वक्काइन, ढोरी, हराट, परनी जातका माछाहरु, डल्फीन, ठोटेरा, गँगटा, भ्यागुता, विभिन्न प्रजातीका घुँघी आदि।

### (ङ) कीरा फट्याङ्ग्राहरु

मौरी, खागो, पुत्को, कठेउरी, गोब्रेकीरा, जुका, बिच्छी, खजुरो, भुसिलो, बारुलो, उडुस, अरिंगाल, शङ्खेकीरा, बच्छ्युँ, माकुरा, बअरिमोठे, डाँस, पतेरो, साङ्लो, लामखुट्टे सयौं प्रकारका किरा फट्याङ्गाहरु आदि।

### (च) फूलका प्रजातिहरु

धनुषा जिल्लामा करिब २४४ किसिमको वनस्पतीहरु पाइनुका साथै २३५ प्रजातिहरु फुल फुल्ने वर्गमा रहेका छन्। यस्तै एकदलीय वर्गका विरुवाहरु लगभग २९ प्रतिशत र द्विदलीय वर्गका विरुवाहरु करिव ७१ प्रतिशत रहेको अनुमान गरिउको छ भने जलोभिद लगभग ४४ प्रतिशत र स्थलीय करिव ५६ प्रतिशत विरुवाको संख्या रहेको पाईन्छ। सयपत्री, गोदावरी, मखमली, बाह्रमासे, गुलाव, लालुपाते, घन्टीफूल, तिउर, बाबरी, भालेफूल, पारिजात, लाहुरे चुवा, पलास, मसुन्डा आदि नगरमा पाईने फुलका प्रजातिहरु हुन्।

## ८.५ वनजंगल

मिथिला नगरपालिका समुन्द्र सतहबाट १०० मिटरको उचाईदेखि शुरु भएर ७०० मिटरसम्म गएर अन्त्य भएको छ। यो नगरमा प्रशस्त मात्रामा वन क्षेत्र हुनुको साथै वन क्षेत्रभित्र जैविक विविधता पनि प्रशस्त रहेको छ। वनक्षेत्रभित्र थुप्रै ताल/तलैया, सिमसार क्षेत्र र ठूला ठूला घाँसे मैदानहरु समेत रहेका छन्। नगर बाहिरका अन्य नगर तथा जिल्लाहरुमा करिव करिव लोप अवस्थामा पुगेको प्राकृतिक रुपमा सिसौ र खयर जस्ता महत्वपूर्ण प्रजाति पाईने नदी तटीय वन यस नगरमा प्रशस्तै मात्रामा रहेको छ। यो विशिष्ट वातावरणीय अवस्थासँग यहाँ बग्ने नालाको अभिन्न सम्बन्ध रहेको छ।

वन क्षेत्र तराईको समथल भू-भागदेखि चुरे पहाडसम्मको भौगोलिक विविधता भएको कारण यहाँ पाइने वनको किसिम र प्रजातिमा पनि विविधता पाईन्छ। उष्ण र सम-शितोष्ण प्रदेशीय भएको यस नगरको वन क्षेत्रमा थुप्रै प्रजातिका मिश्रित वन पाईन्छ। हावापानी, भौगोलिक अवस्थिति तथा प्रजातिको आधारमा यस नगरमा विभिन्न

किसिमका वनहरु जस्तै सालको वन, तराई हार्डउड, खयर सिसौं, चिरपाईन (खोटे सल्लो), मिश्रत वन र झाडी बुट्यान रहेका छन् ।

### ८.५.१ सामुदायिक वन

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको निती अनुसार यस नगरमा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन, २०४९ तथा वन यिमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरुलाई नै हुन्छ । यो कार्यक्रम शुरुमा लागू भएको बेला यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरुमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभुत आवश्यकता परिपुर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरुको गरिवी निवारण, जीविकोपार्जन, जैविका विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेसीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ नयाँ सबालहहरु समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्युनिकरणमा समेत सहयोग पुऱ्याउन सक्ने विश्वास गरिएको छ । जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरु संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ । नगरमा आ.व. २०७१/७२ सम्ममा ...... सामुदायिक वनहरुलाई वन उपभोक्ता समूहमा हस्तान्तण गरिएको छ । विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदि कारण र भैरहेको वन विनासले चुरेको अवस्था अत्यन्त संवेदनशील भएको छ। त्यसैले गर्दा चुरे क्षेत्रका बस्तीहरुमा वन संरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणका लागि स्थानीय प्रयास शुरु हुन थालेको छ। एकातिर चुरेको भावर क्षेत्र नजिक बस्ने बासिन्दाहरूमा वन संरक्षणको प्रयास शुरु हुँदैछ भने अर्कोतर्फ वनक्षेत्रबाट टाढाका गाउँलेहरूको लागि सर्वसुलभ तरिकाबाट वन उपयोग व्यवस्थित हुन नसक्दा वनबाट काठदाउरा लुकिछिपी चोरी निकासी हुने क्रम पनि यथावत छ। विगतका वर्षहरूको तुलनामा जनताको सहभागिताको परिणाम स्वरुप चुरेको भावर क्षेत्र लगायत सघन अवस्थामा रहेका कतिपय वनक्षेत्रहरू पुन: प्राकृतिक अवस्थामा रुपान्तरित हुन पुगेका छन्। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रुपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका

निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

बौद्धिक सम्पदा अधिकार (Patent right) का विषयमा र GATT WTO सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउनु अनुशिक्षण दिनुपर्ने देखिन्छ। नगर र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावरको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन्। यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैससहरूलाई नगरमा परिचालन गर्नुपर्ने देखिन्छ।

माथि उल्लेखित तथ्यहरूको आधारमा हालसम्म नगरले काठ दाउराको विक्री वितरणबाट आय गरेको देखिएता पनि वनहरूको परम्परागत उत्पादनमा ह्रास र परम्परागत प्राकृतिक स्रोतको दोहनले गर्दा भावी दिनहरूमा सुख्खा, ढलापडाको संकलनको स्थिति यही रहला भन्न सकिन्न। सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमशः बढ्दै जाने देखिन्छ। वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा बृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ।

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो नगरले अग्रणी भूमिका खेलेको छ। नगरमा वनहरुको संख्या धेरै भएपनि ती सबैलाई उपभोक्तालाई हस्तान्तरण गरिसकिएको छैन।

### ८.५.२ धार्मिक वन

धार्मिक संघ/संस्थाको वरिपरि रहेको वन जंगल क्षेत्रहरू धार्मिक क्षेत्रको महत्व र सौन्दर्य बढाउने उद्देश्यले त्यस्ता धार्मिक वनको रुपमा हस्तान्तरण गरिन्छ। नगरको विभिन्न भागहरूमा रहेका धार्मिक स्थल धार्मिक वनको सम्भावना बोकेका क्षेत्रहरू भएतापनि त्यसको उचित संरक्षण र प्रर्वद्धन हुन नसकेको देखिन्छ।

### ८.५.३ सरकारद्वारा व्यवस्थित वन

नगरको कुल वन क्षेत्र मध्ये नगरमा सामुदायिक वन र धार्मिक वनको रुपमा हस्तान्तरित बाहेक बाँकी रहेको वन क्षेत्र सरकारद्वारा व्यवस्थित वनको रुपमा रहेको छ।

### ८.५.४ निजी वन

राष्ट्रिय वन क्षेत्र माथि पर्ने वन पैदावरको चापलाई कम गर्न नेपाल सरकारले अवलम्बन गरेको नीति अन्तर्गत सामुदायिक वन सँगै निजी वन कार्यक्रम समेत यस नगरमा संचालन गरिएको छ ।निजी वनमा रोपिएका मुख्य प्रजातिहरुमा सिसौं, लहरेपिपल, टिक, मसला, खयर, बाँस, सिमल जस्ता प्रजातिहरु रहेका छन् ।

## ८.६ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था

हाल यस नगरका वन उपभोक्ताको निजी आवादीमा वृक्षारोपण गरिएका रुख प्रजातिहरुमा सिसौ, बकाईनो, निम, कुटमिरो, किम्बु, इपिलइपिल, बडहर, टीक, खनियोको वाहुल्यता रहेको छ भने फलफुल जातका प्रजातिहरुमा अम्वा, कटहर, अमरा, मेवा, केरा, आँप आदी पर्दछन । वनमा पाईने रुख प्रजातिहरु साल, असना, कर्मा, सिमल, हर्रो, वर्रो, पीठारी, कदम, जामुन समेत आवादी क्षेत्रमा रहेको पाईन्छ ।

## ८.७ वनपैदावरको माग र आपूर्ति

अत्यधिक बसाई सराईले गर्दा धनुषा जिल्लाको जनसंख्याको वृद्धि नेपालको औसत वृद्धि भन्दा बढी छ । धनुषा जिल्लामा रहेको मिथिला नगरपालिकाबाट उत्पादन भएका वन पैदावारको बिक्री वितरण उपभोगको स्थितिलाई हेर्दा यहाँको उत्पादन यस नगरको आपूर्तिलाई पुऱ्याई जिल्लाभित्रकै अन्य नगर तथा ग्रामिण क्षेत्र तथा अन्य जिल्लामा पनि जाने गरेको छ ।

नगरमा वन पैदावार आपूर्ति समितिको संचालन नभएबाट स्थानीय जनताका काठ दाउरा सम्बन्धि माग पुरा हुन नसकी जनगुनासो आई रहेको सन्दर्भमा आ.व. ०६६/०६७ देखि नगरमा वन पैदावार आपूर्ति समितिको संचालन गर्ने सोच लिईएको भएता पनि खासै काम हुन सकेको थिएन । तर आ.व. २०६८/०६९ देखी स्थानीय उपभोक्ताहरुको माग र आवश्यकतालाई ध्यानमा राखी जिल्ला वन पैदावार आपूर्ति समितिलाई पुन: संचालनमा ल्याई काठ दाउर बिक्री वितरण गर्ने कार्यको थालनी गरिएको छ । यसको लागि आपूर्ति समितिले सामुदायिक वन उपभोक्ता समूहसँग समेत काठ दाउरा खरिद गरि स्थानीय जनताहरुलाई बिक्री वितरण गर्ने व्यवस्था मिलाएको छ ।

यस नगरमा काठ/दाउरा खपत मुख्य वन पैदावारमा आधारित उद्योगहरुमा हुने गर्दछ । यस अलावा यहाँको बढ्दो जनसंख्या र बसाई सराई तथा शहरीकरणले आवश्यक पर्ने काठ/दाउरा तथा विकास निर्माणमा काठको माग बढ्दै गएको छ । वनजंगलको नजिकका परिवारले बढी काठ/दाउरा खपत गर्दछन्, भने वनबाट टाढा रहने परिवारले धेरै कम परिमाणमा काठ/दाउरा खपत गर्ने गरेको पाईन्छ ।

## ८.८ जडिबुटी सम्बन्धी विवरण

यस नगरको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुभार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनभार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोभो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्डूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोभार, कदम/संजिवन, हलेदो, टिङ्चुरभार,

सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेभ्कार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्लेवहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुरआदि आदि जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रसस्त सम्भावना रहेको देखिन्छ।

## ८.९ वन पैदावरमा आधारित उद्योगहरूको विवरण

मिथिलाको वन पैदावरमा आधारित उद्योगहरूको अध्ययन गर्दा स:मिल तथा फर्निचर उद्योगहरू, ईटा टायल उद्योग आदि रहेका छन्। यी उद्योगहरूबाट पनि ठूलो परिमाणका काठको खपत हुने गरेको छ। नगरमा हालसम्म सञ्चालन रहेको वन पैदावरमा आधारित उद्योगहरूमा विभिन्न ईटा, टायल उद्योगहरू नियमितरुपले सञ्चालित अवस्थामा रहेको देखिन्छ।

घरेलु तथा साना उद्योग कार्यालय धनुषा जिल्लाका विभिन्न शहरी तथा ग्रामिण क्षेत्रहरुमा दर्ता भै संचालनमा रहेका छन् । आ.व. २०७२/०७३ सम्ममा धनुषा जिल्लामा दर्ता भएका वन पैदावारमा आधारित उद्योगहरुको विवरण तल तालिकामा दिइएको छ ।

## ८.१० वन संरक्षणका लागि चाल्नु पर्ने कदम

राष्ट्रिय, सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरू भित्र गैरकाष्ठ पैदावार र बहुमुल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनतर्फ सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको संलग्नता हुनु नितान्त आवश्यक देखिन्छ। नगरमा जनसंख्याको चाप बढ्दै गएको र उन्नत जातका पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको संख्या पनि उच्च रहेको देखिन्छ । यी अनुत्पादक पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू अत्याधिक प्रभावित भएका छन् प्राकृतिक रुपबाट पुनरुत्पादन हुने गरेको पोथ्रा पोथ्रीहरू अनियन्त्रित चरिचरनले विनाश भइरहेका छन्। प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न सकिन्छ । जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम, कबुलियती वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपाङ्ग र महिला समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ। वनको हैसियतमा समेत सुधार ल्याउन सामुदायिक वन उपभोक्ता समूहहरूबाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ।

# खण्ड ९ : विकास सुचकांक र गरिबीको स्थिति

## ९.१ मानव विकास सुचकको विवरण (HDI)

मानव विकास सुचकले तीनवटा कुरालाई आधार बनाएको छ। जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन्। यी तिनवटै परिसुचकलाई समावेश गरी मानव विकासको सुचक निर्धारण गरिएको छ। हरेक देश/ठाउँका जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, तथा जीवनस्तरको अवस्था मापन गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (UNDP) ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रतिव्यक्ति आयका सूचकहरूको संयुक्त सूचकाङ्क नै मानव विकास सूचकाङ्क हो। UNDP नेपालले हालै नेपालका सबै जिल्लाहरूको मानव विकास सूचकाङ्कको मान समेटिएको नेपाल मानव विकास प्रतिवेदन, २०१४ सार्वजनिक गरेको छ। यो प्रतिवेदन अनुसार धनुषा जिल्लाको मानव विकास सूचकाङ्क ०.४३१ (नेपालको ०.४९०) रहेको छ। अर्थात् धनुषा जिल्लाको मानव विकास सूचकाङ्क नेपालको राष्ट्रिय औषत भन्दा कम देखिन्छ। मानव विकास सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाण्डौं जिल्लाको मानव विकास सूचकाङ्क ०.६३२ रहेको छ भने दोस्रो स्थानमा ललितपुर मानव विकास सूचक ०.६०१ रहेको छ । पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकास सूचकाङ्क ०.३६४ रहेको छ। मानव विकास सूचकाङ्कका अवयव सूचकहरू हेर्ने हो भने धनुषा जिल्लाको हरेक व्यक्ति बाँच्ने अपेक्षित औषत आयु (Life expectancy) ६९.५३ वर्ष र यसको सूचक ०.७४२, प्रौढ साक्षरता दर (Adult literacy) ४१.८९ प्रतिशत र यसको सूचक ०.४१९, शिक्षा आर्जनमा खर्चेको औषत समय (Mean years of schooling) २.९७ वर्ष र यसको सूचक ०.१९८ तथा कुल राष्ट्रिय प्रतिव्यक्ति आय (Per capital income) ९३८ अमेरिकी डलर र यसको सूचक ०.३७४ रहेको देखिन्छ।

तालिका नं. ७४: मानव विकास सुचकको विवरण (HDI)

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | | | आम्दानी | | मानव विकास सुचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | सापेक्षित आयु | | प्रौढ साक्षरता | | विद्यालय जाने मध्यम वर्ष | | प्रतिव्यक्ति आम्दानी (क्रय शक्ति) | | ज्यामितीय मध्यक |
| | मान | सुचक | मान | सुचक | मान | सुचक | मान | सुचक | |
| नेपाल | ६८.८० | ०.७३० | ५९.५७ | ०.५९६ | ३.९० | ०.२६० | ११६० | ०.४०९ | ०.४९० |
| धनुषा | ६९.५३ | ०.७४२ | ४१.८९ | ०.४१९ | २.९७ | ०.१९८ | ९३८ | ०.३७४ | ०.४३१ |

*स्रोत: नेपाल मानव विकास प्रतिवेदन, २०१४*

## ९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index)

अपेक्षित औषत आयु ४० वर्ष वा सो भन्दा कम भएको जनसंख्याको प्रतिशत, प्रौढ निरक्षरता, सुरक्षित खानेपानी नपुगेको जनसंख्याको प्रतिशत तथा कुपोषित ५ वर्ष भन्दा मुनिका बालबालिकाहरूको प्रतिशत जस्ता सूचकहरूको संयुक्त सूचकाङ्कको रुपमा विकास गरिने मानव गरीबी सूचकाङ्कको स्थिति हेर्दा धनुषा जिल्ला मानव विकास सूचकाङ्कको स्थिति खासै राम्रो देखिदैन। धनुषा जिल्लाको मानव गरीबी सूचकाङ्क मान ४१.७२ (नेपालको ३१.१२) रहेको छ। यो सूचकाङ्कको मान जति कम भयो त्यति राम्रो मानिन्छ किनभने यो सूचकाङ्क नकारात्मक सूचकहरूको प्रयोग गरी निकालिन्छ। जस्तैः प्रौढ निरक्षरता दर। मानव गरीबी सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थानमा हुम्ला जिल्लाको मानव गरीबी सूचकाङ्क ४९.२६ रहेको छ भने पुच्छारमा रहेको कास्की जिल्लाको मानव गरीबी सूचकाङ्कक १६.५० रहेको छ। मानव गरीबी सूचकाङ्कका अवयव सूचकहरूमा धनुषा जिल्लाको प्रौढ निरक्षरता दर (Adult illiteracy rate) ५८.११ प्रतिशत, ४० वर्ष सम्म पनि बाँच्न सक्ने अपेक्षा नगरिएको जनसंख्या (Percentage of people not expected to survive to age 40) ७.३१ प्रतिशत, सुरक्षित खानेपानी नपुगेको जनसंख्या (Percentage without safe water) ११.८८ प्रतिशत र ५ वर्ष मुनिका कुपोषणबाट प्रभावित बालबालिकाको संख्या (Percentage of children under age five who are malnourished) ४३.६० प्रतिशत रहेको देखिन्छ।

*(स्रोत : नेपाल मानव विकास प्रतिवेदन ,२०१४, UNDP,NEPAL)*

## ९.३ मानव विकास र गरीबी

नेपालमा गरीबीको लघुक्षेत्र अनुमान, २०६८ अनुसार धनुषा जिल्ला न्यून समृद्धिस्तर भएका जिल्लाहरूको श्रेणीमा पर्दछ। ७५ जिल्लाहरू मध्ये यो जिल्ला २९ औँ स्थानमा रहेको छ र गरीबीको दर १.७६ प्रतिशत रहेको छ। जिल्लामा गरिबीको रेखामुनी रहेको संख्या १,७४,०७१ रहेको देखिन्छ। गरिबीको दरको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको गरिबीको दर ४ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको गरीबीको दर ६४.१ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ७५: गरीबीको दरको विवरण

| गरिबीको स्थान | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता (प्रतिशत) | गरिबीको गहनता (प्रतिशत) | गरीबहरूको संख्या |
|---|---|---|---|---|
| २९ | २३.१४ (१.७६) | ४.६२ (०.५) | १.३८ (०.१९) | १७४०७१ |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

## ९.४ गरिबी न्यूनीकरण

सहरी गरिबी न्यूनीकरणका लागि स्वरोजगर सृजना गर्ने, उद्यमशीलताको खोजी तथा प्रवर्द्धन गर्ने एवं विभिन्न सिपमूलक तथा क्षमता अभिवृद्धि हुने क्रियाकलापद्वारा विशेषत ग्रामीण प्रकृतिका वडाहरुमा रोजगारी सृजना गर्नेतर्फ

कार्यक्रम केन्द्रित गरी नयाँ थप भएका वडाहरुमा विभिन्न शिपमूलक तालिम सञ्चालन गरी जीविकोपार्जनका कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ ।

## ९.५ समग्र विकास स्थिति

राष्ट्रिय जनगणना २०६८ अनुसार ४१,०३० जनताको बसोबास भएको नगरपालिकामा खास गरी सामाजिक रुपले पछिपरेका र आर्थिक रुपले विपन्न अवस्थामा रहेका गरिबीको रेखामुनि परेका जनताको जीवनस्तरलाई कसरी माथि उठाउने र सामाजिक भेदभाव रहित एवं आर्थिक रुपले सम-समुन्नत नगरको निर्माण कसरी गर्ने भन्ने चुनौतीलाई समयसापेक्ष रुपमा समाधान गर्न विगत देखि वर्तमानसम्म गरिएका मानवीय प्रयासहरू र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रुपान्तरणलाई नै अहिलेसम्मको मानवीय विकासको रुपमा लिन सकिन्छ। यसरी हेर्दा नगरबासीहरूको मानवविकास सुचकांक, लैंगिक समता सुचकांक, जनताको बाँच्ने औसत आयु, औसत ग्राहस्थ उत्पादन, औसत साक्षरतादर र औसत आम्दानी जस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ। संक्षेपमा नगरको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै पनि बाह्रै महिना भरपर्दो गरी पुऱ्याउन सकिएको छैन। यसै गरी स्वास्थ्य सेवाको पहुँचमा खास गरी आदिवासी जनसमुदायको बसोबास र बाहुल्य रहेको भौगोलिक क्षेत्रमा थप सेवा प्रदान गर्नुपर्ने आवश्यकता विद्यमान छ। अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकी, स्थापित भए बमोजिम आवश्यक दक्ष स्वास्थ्यकर्मीहरूको प्रयाप्ता नहुँदा जनताको स्वास्थ्य सेवा पाउने स्थितिमा गुणात्मक परिवर्तन आएको देखिँदैन। एकातर्फ ४० वर्ष माथिको उमेरसम्म बाँच्नेहरूको संख्या ७.३१ प्रतिशत रहेको पाइन्छ भने अर्का तर्फ बाँचिरहेका जनताको पोषणको अवस्थालाई समेत ध्यान दिनु पर्ने देखिन्छ। केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार नगरमा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसमा खुला इनार तथा कुवाको पानी प्रयोग गर्ने घरधुरीको संख्या सबैभन्दा बढी ४९.६० प्रतिशत देखिन्छ भने दोस्रो ठूलो स्रोतको रुपमा धारा तथा पाइपको प्रयोग गर्नेको संख्या ४०.४० प्रतिशत रहेको छ। त्यस्तै, ट्युबवेल तथा हाते पम्प प्रयोग गर्ने ३.८१ प्रतिशत, ढाकिएको इनार तथा कुवा प्रयोग गर्ने ३.०९ प्रतिशत रहेको पाइन्छ।

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयमको रुपमा रहेको शिक्षा क्षेत्रमा यो नगर धनुषा जिल्लाका अन्य नगरहरुको तुलनामा केही अगाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस नगरको साक्षरता दर ६१.७९ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो नगर पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तै: यस नगरको पुरुषको साक्षरता दर ७१.३४ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ५१.९६ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा लगभग १९.३८ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ।

शिक्षा तर्फ र प्राथमिक शिक्षालाई सबै नगरबासीहरुको प्राथमिक अधिकारको रुपमा अझै पनि व्यावहारिक रुपमा स्थापित गर्न सकिएको छैन र अद्यावधिक स्कुल जाने उमेरका केही बालबालिकाहरुले स्कुल भर्ना भई पढ्न पाइरहेका छैनन् । पहिलो कुरा त स्थापित स्कुलहरुमा समेत कक्षाकोठाहरुको कमी हुनु र शिक्षक विद्यार्थी अनुपात कमी रहनु स्वयंमा विडम्बनापूर्ण स्थिति छ भने अर्कातिर मावि र उच्च माविको शिक्षा पुरा गरेका युवाहरुको समेत रोजगारीको प्रत्याभुति हुन सकेको छैन । माध्यमिकस्तरको शिक्षालाई व्यावसायिक नबनाएसम्म हाल शिक्षामा देखिएको निराशजनक स्थितिको अन्त्य हुने सम्भावना पनि देखिँदैन ।

यस नगरपालिकाको जनसंख्या जसरी नेपालको जनसंख्या बढेको छ त्यही स्थितिले यहाँ पनि जनसंख्या बढिरहेको अवस्था देखिन्छ । जनसंख्या दोब्बर हुँदाको अवस्थामा जनतालाई गाँस, बास, शिक्षा र स्वास्थ्य सेवा साथै रोजगारीको व्यवस्था पनि दोब्बर गर्नुपर्ने देखिन्छ ।